




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २२५ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, असार १८, २०७४ » Sunday, July 2, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला थ्वः ९ » वर्ष २३, अंक १७३ » पृष्ठ १२ » मूल्य रु. १०/–







# बाढीले आधा दर्जन गाउँ डुबानमा

शिवहरिप्रसाद भट्टराई, राजविराज

अविरल वर्षाका कारण खाडो, मोहुली, त्रियुगा, जीतालगायतका नदीमा आएको बाढीले राजविराज नगरपालिकाको २ वटा वडाका साथै आधा दर्जन गाउँ डुबानमा परेका छन्।

मध्य रातमा आएको बाढीबाट राजविराज नगरपालिकाको वडा नम्बर ९ र १० का साथै मैनाकडेरी, बसविट्टी, तिलाठी, पौआ, मुसहरनिया पिपराही, रायपुर, लौनिया, रूपनी, पकरी, रम्पुरा, मलहनीयालगायतका गाउँहरू डुबानमा परेका हुन्।

गाउँमा बाढी पसेकाले ३ फिटसम्म पानी जमेको छ। अकस्मात्को बाढीले आधा दर्जन फुसको संरचना भएका घर भत्काउनुका साथै खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा र अन्य सरसमान बगाएको छ।

उक्त वडाका डेढ सय परिवार बाढीको उच्च जोखिममा छन्। एक्कासि आएको बाढीले मलेठस्थित मो. यासिनको कुखुरा फर्ममा रहेका १ हजार २ सय कुखुरा र अन्नपात बगाएर लगेको पीडितले बताए। मलेठस्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र पनि जलमग्न हुँदा ठप्प भएको छ। बाढी औद्योगिक क्षेत्रभित्र पस्दा २० मिटर लामो पर्खाल भत्काउनुका साथै उद्योगहरुभित्र पानी पस्दा ठूलो क्षति भएको उद्योगका सञ्चालकहरु बताउँछन्।

रूपनी गाउँपालिका-२ मा बाढी पस्दा १ सय घर डुबानमा परेका छन्। स्थानीयको खेतबारी बगाउनुका साथै पानी बस्तीमा छिरेकाले सुरक्षित स्थानको खोजीमा जुटेको स्थानीयबासी नरेश यादवले बताए। गत वर्ष गाउँमा पसेको बाढीले गरेको क्षति नबिर्सँदै फेरि यो वर्ष पनि बाढीले दु:ख दिन थालेको उनको गुनासो छ।

(क्रमशः पृष्ठ ९)



## पहिरोमा परेर एकै घरका तीनको मृत्यु

तेह्रथुम, (नेस)

म्याङलुङ नगरपालिका-५ आम्दिममा शुक्रबार राति पहिरोमा पुरिएर एकै परिवारका ३ जनाको मृत्यु भएको छ। सो घटनामा थप तीन जना घाइते भएका छन्।

घरमाथिबाट खेतमा सिँचाइका लागि लगेको कुलो भत्किएर पहिरो जाँदा घर पुरिएको थियो। घरमा रहेका ५० वर्षीया कुमारी सोदेम्बा, उनकी नातिनी १२ वर्षीया प्रीति सोदेम्बा र नाति नौ वर्षीय प्रेम सोदेम्बाको घटनास्थलमै ज्यान गएको प्रहरीले जनाएको छ। पहिरोमा परी ३६ वर्षीय सोमकुमार सोदेम्बा, २० वर्षीय लोकप्रसाद सोदेम्बा र १५ वर्षीया प्रिया सोदेम्बा घाइते छन्।

## ३६ घण्टापछि खुल्यो सडक, पैदलयात्रु चिप्लिएर त्रिशूलीमा

नेपाल समाचारपत्र

चितवन

दुई दिनदेखि बन्द रहेको नारायणगढ-मुग्लिन सडक खण्ड करिब ३६ घण्टापछि शनिबार बेलुका ६ बजेदेखि सुचारु भएको छ। बाटोको पहिरो पन्छाउँदै सवारी आगमनलाई निरन्तरता दिइएको हो।

प्राप्त जानकारीअनुसार शुक्रबार बिहानदेखि बाटो बन्द भएको थियो। चितवनस्थित इच्छामनकामना गाउँपालिका वडा नम्बर ६ को कालिखोलामा पहिरो गएका कारण सडक अवरुद्ध भएको हो। सडक अवरुद्ध भएपछि राजधानीबाट बाहिरिने तथा राजधानी छिर्ने सयौं सवारीसाधन बाटोमै अलपत्र परेका थिए। सडकमा ठूल्ठूला चट्टान पन्छाउन निकै समय लागेकाले सडक खुल्न समय लागेको बताइएको छ। यसैबीच त्रिशूली नदीमा खसेर एक जना पैदल यात्री बेपत्ता भएका छन्।

(क्रमशः पृष्ठ ९)

## १ सयभन्दा बढी स्थानको परिणाम

# एमाले अग्रस्थानमै

काठमाडौं, (नेस)

दोस्रो चरणको निर्वाचन भएका स्थानीय तहको मतगणना जारी रहँदा एमालेले जितको संख्या ५० पुऱ्याउँदै अग्रता कायमै राखेको छ। कांग्रेसले एमालेलाई कडा टक्कर दिइरहेको छ भने माओवादीले पनि अपेक्षाकृत राम्रो नतिजा ल्याएर तेस्रो स्थान सुरक्षित गरेको छ।

अहिलेसम्म राष्ट्रिय जनमोर्चाले दुई र संघीय समाजवादी फोरमले एक स्थानीय तह जितेका छन्। मतगणना भइरहेका ठाउँहरूमा अग्रताको हिसाबले एमाले र कांग्रेसबीच प्रतिस्पर्धा देखिएको छ।

यसपटक कतिपय पार्टीका गढ भत्किएका छन्। कांग्रेसका गढका रूपमा रहेका डडेल्धुराको अमरगढी र गुल्मीको रेसुंगा नगरपालिकामा एमालेले जितेको छ भने एमालेको गढ मानिएको भोजपुर नगरपालिकामा कांग्रेसले जितेको छ। मतगणनामा ७ नम्बर प्रदेशका पहाडी जिल्ला सबैभन्दा अगाडि छन्। त्यस्तै प्रदेश नम्बर १ र ५ का पनि पहाडी जिल्लाकै धेरै नतिजा आइरहेका छन्।

एमालेले जितेका स्थानीय तहमा मैवाखोला गाउँपालिका ताप्लेजुङ, मिक्वाखोला गाउँपालिका ताप्लेजुङ, हिलिहाङ गाउँपालिका पाँचथर, कुम्मायक गाउँपालिका, पाँचथर, सन्दकपुर गाउँपालिका इलाम, चुलाचुली गाउँपालिका इलाम, मादी नगरपालिका संखुवासभा, सभापोखरी गाउँपालिका संखुवासभा, मेन्छेयाम गाउँपालिका, तेह्रथुम, छथर गाउँपालिका तेह्रथुम, हतुवागढी गाउँपालिका भोजपुर, पौवादुम्बा गाउँपालिका भोजपुर, रामप्रसाद राई गाउँपालिका, भोजपुर, टेम्के मैयुम गाउँपालिका, भोजपुर र लामिडाँडा गाउँपालिका, खोटाङ रहेका छन्।

त्यसै गरी जन्तेढुंगा गाउँपालिका, खोटाङ, केपिलासगढी गाउँपालिका, खोटाङ, पाख्रिबास नगरपालिका, धनकुटा, छिन्ताङ शहीदभूमि गाउँपालिका, धनकुटा, छथर जोरपाटी गाउँपालिका, धनकुटा, चौबीसे गाउँपालिका धनकुटा, सोताङ गाउँपालिका सोलुखुम्बु, दूधकोशी गाउँपालिका सोलुखुम्बु, ताप्ली गाउँपालिका उदयपुर, उदयपुरगढी गाउँपालिका उदयपुर, रौतामाइ गाउँपालिका उदयपुर, मस्टा गाउँपालिका बझाङ, गौमुल गाउँपालिका बाजुरा, पाण्डवगुफा गाउँपालिका बाजुरा र स्वामीकार्तिक गाउँपालिका बाजुरामा पनि एमाले जितेको छ।

त्यसैगरी पञ्चेश्वर गाउँपालिका बैतडी, अमरगढी नगरपालिका डडेल्धुरा, नवदुर्गा गाउँपालिका डडेल्धुरा, सायल गाउँपालिका डोटी, थलारा गाउँपालिका बझाङ, बित्थडचीर गाउँपालिका बझाङ, तेलकोट गाउँपालिका बझाङ, दुर्गाथली गाउँपालिका,



बझाङ, जयपृथ्वी नगरपालिका बझाङ, नौगाड गाउँपालिका दार्चुला, अपिहिमाल गाउँपालिका दार्चुला, लेकम गाउँपालिका दार्चुला, सुस्ता गाउँपालिका नवलपरासी, तिनाउ गाउँपालिका पाल्पा, निस्दी गाउँपालिका पाल्पा, पूर्वखोला गाउँपालिका पाल्पा, मालिका गाउँपालिका गुल्मी, रेसुङा नगरपालिका गुल्मी, रुरु गाउँपालिका गुल्मी, मुसीकोट नगरपालिका गुल्मी छत्रकोट गाउँपालिका गुल्मी, त्रिवेणी गाउँपालिका रोल्पा, रून्टीगढी गाउँपालिका रोल्पा, चुरे गाउँपालिका कैलाली र माण्डवी गाउँपालिका प्युठानमा पनि एमालेले जितेको छ।

(क्रमशः पृष्ठ ९)

» ढ्वाङको मतपत्र गन : आयोग

» प्रहरीले आफैलाई हाने गोली

(पृष्ठ ९)

# जिशिअलाई तत्काल नहटाइने

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालयले ७५ वटै जिल्ला शिक्षा अधिकारीलाई तत्काल नहटाउने भएको छ। जिल्ला शिक्षा अधिकारीले स्थानीय तहमा खटिएका शिक्षा सेवाका कर्मचारीलाई सहजीकरण र उनीहरुको काममा समन्वय गर्न तत्काललाई नहटाउने निर्णय गरेको हो।

हाल स्थानीय निकायमा खटिएका शिक्षाका कर्मचारीले जिल्ला शिक्षा अधिकारीसँगै सहजिकरण गरी सम्पूर्ण काम गर्नुपर्ने भएकाले हाललाई जिशिअलाई नहटाउने निर्णय भएको शिक्षा मन्त्रालयले जनाएको छ।

शिक्षा मन्त्रालयका प्रवक्ता एवं सहसचिव डा. हरि लम्सालले मुख्यसचिवको संयोजकत्वमा गठित समितिले ७ सय ४४ वटै स्थानीय निकायको व्यवस्थापन नहुन्जेलसम्म जिशिअलाई नहटाउने निर्णय गरेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'केही समयका लागि जिल्ला शिक्षा अधिकारीकै समन्वयमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा खटिएका शिक्षाका कर्मचारीले काम गर्नेछन्। सबै काम सजिलैसँग कार्यान्वयनमा आएपछि मात्रै जिल्ला शिक्षा अधिकारीहरुलाई पनि स्थानीय निकायमा परिचालन गरिनेछ। मन्त्रालयले पहिलो चरणमा ३१ जना शिक्षाका उपसचिव र अधिकृतलाई खटाइसकेको छ। खटाइएका कर्मचारीलाई केही समस्या परेमा जिल्ला शिक्षा अधिकारीले समन्वय गर्ने भएका छन्।

(क्रमशः पृष्ठ ९)

# को-को थपिँदै छन् मन्त्री ?

## एक साताभित्र विस्तार, प्रधानमन्त्रीको सचिवालय अझै बनेन

मधुसूदन रायमाझी, काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले एक साताभित्र मन्त्रिपरिषद् विस्तार गर्ने गृहकार्य अगाडि बढाउनुभएको छ। जेठ २३ गते प्रधानमन्त्रीमा निर्वाचित हुनुभएका देउवाले कांग्रेस, माओवादी, नेपाल लोकतान्त्रिक फोरमलगायतका दलहरूको सल्लाहमा मन्त्रिपरिषद् विस्तार गर्न लाग्नुभएको हो। पार्टीहरुभित्रको किचलोका कारण प्रधानमन्त्रीले मन्त्रिपरिषद्लाई पूर्णता दिन सक्नुभएको छैन भने आफ्नै सचिवालयसमेत बनाउन सक्नुभएको छैन।

मन्त्रिपरिषद् विस्तार गर्नकालागि कांग्रेसका पार्टी सभापतिसमेत रहनुभएका प्रधानमन्त्रीलाई दबाब परेको छ। उपप्रधानमन्त्रीसहित महत्त्वपूर्ण मन्त्रालय पाउनुपर्ने वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षको मागलाई बेवास्ता गर्दै देउवाले गोपालमान श्रेष्ठलाई उपप्रधानमन्त्री बनाइसक्नुभएको छ।

मन्त्रालयको भागवण्डामा असन्तुष्टि जनाउँदै पौडेल पक्षले मन्त्री पठाउने कि नपठाउने भन्ने निर्णय लिन सकेको छैन। पौडेल पक्षले ६ जनाको दाबी गरेको छ। कांग्रेसले १० भन्दा बढी मन्त्रालय लिने बताइएको छ। मन्त्री छनोट गर्नका लागि प्रधानमन्त्रीले पार्टीभित्र आन्तरिक गृहकार्य गरिरहनभुएको छ। मन्त्री बन्ने आकांक्षीहरू धेरै हुँदा देउवा दबाबमा रहनुभएको बुझिएको छ। प्रधानमन्त्री देउवाका स्वकीय सचिव भानु देउवाले अबको एकसाताभित्र मन्त्रिपरिषद् विस्तार हुने बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तारका लागि गृहकार्य गरिरहनुभएको छ, यस विषयमा सत्तारूढ दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग पनि कुराकानी भइरहेको छ।'

उहाँका अनुसार केही दिनभित्र नै सचिवालयमा रहने टिमका बारेमा टुंगो लाग्नेछ। सरकार गठन भएको झन्डै एक महिना पुग्न लाग्दासमेत प्रधानमन्त्री देउवाले सचिवालयमा रहने सदस्यहरूको टुंगो लगाउन सक्नुभएको छैन। प्रधानमन्त्री देउवाले महामन्त्री डा. शशांक कोइराला अमेरिकामा रहनुभएका कारण पदाधिकारी बैठक बोलाउन सक्नुभएको छैन।

त्यसैगरी सत्तारूढ दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि सरकारमा पठाउने मन्त्रीहरूको बारेमा छलफल गर्न गृहकार्य अगाडि बढाउनुभएको छ। माओवादीबाट उपप्रधानमन्त्रीसहित तीन मन्त्री सहभागी भइसकेका छन् भने बाँकी ६ जना मन्त्री पठाउन बाँकी छ। प्रचण्डले प्रत्येक प्रदेशबाट एक/एक जना र समावेशी हुने गरी मन्त्रीहरूको टुंगो लगाउने तयारी गर्नुभएको छ। प्रचण्डका प्रेस संयोजक मनहरि तिमिल्सिनाले सरकारमा पठाउने मन्त्रीहरूको टुंगो लगाउन अध्यक्षले पदाधिकारी बैठक बसेर निर्णय गर्ने बताउनुभयो। 'पार्टीभित्र मन्त्री छनोटमा छलफल भएको छ, निर्णय पदाधिकारीको बैठक बसेर गर्ने तयारीमा अध्यक्ष हुनुहुन्छ।' -उहाँले भन्नुभयो।

निर्वाचनको क्रममा केन्द्रीय कार्यालयका नेताहरू राजधानीबाहिर रहनुभएकाले केही दिनभित्र नै बैठक बसेर मन्त्रीको टुंगो लगाउने तयारी प्रचण्डले गर्नुभएको छ। प्रधानमन्त्री देउवा र नेपाल लोकतान्त्रिक फोरमबीच प्रचण्ड नेतृत्वको सरकारमा लिएको मन्त्रालय लिने सहमति भएको छ। लोकतान्त्रिक फोरमभित्र मन्त्री छनोट गर्ने विवाद नरहेको पार्टीका प्रमुख सचेतक योगेन्द्र चौधरीले बताउनुभयो।

(क्रमशः पृष्ठ ९)



स्थानीय
# निर्वाचन विशेष



**कृष्णा सिंह**
प्रवक्ता, राष्ट्रिय जनता पार्टी, नेपाल

# 'मधेसी जनता कुनै पार्टीसँग छैनन्'

देशका तीन वटा प्रदेश ३, ४ र ६ मा निर्वाचन सम्पन्न भएर जनप्रतिनिधिहरुले काम थालिसकेका छन्। प्रदेश नम्बर १, ५ र ७ प्रदेशमा निर्वाचन सम्पन्न भएर मतपरिणाम आउने क्रममा छ। सरकारले प्रदेश नम्बर २ मा असोज २ गतेका लागि निर्वाचनको मिति तय गरेको छ। संविधानप्रति असन्तुष्टि जनाउँदै आन्दोलनरत राष्ट्रिय जनता पार्टी नेपालले माग पूरा नभएसम्म स्थानीय तहको निर्वाचनमा भाग नलिने अडान कायमै राखेको छ। राजपा वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिँदै आन्दोलनको नयाँ कार्यक्रम घोषणा गर्ने गृहकार्यमा जुटेको छ।

तत्कालीन तराई मधेस लोकतान्त्रिक पार्टीको तराई मधेस युवा फ्रन्टका संस्थापक अध्यक्ष एवं राजपाका प्रवक्ता कृष्णा सिंह संविधान संशोधन नभएसम्म २ नम्बर प्रदेशमा निर्वाचन हुन नसक्ने बताउँदै संविधान संशोधनबिना स्थानीय तहको निर्वाचनमा भाग लिने सम्भावना नरहेको बताउनुहुन्छ। राज्यले नै विखण्डनकारीहरुलाई बढावा दिन थालेको निष्कर्ष निकाल्दै उहाँले राजपाको माग सम्बोधन नभए देश अर्को दुर्घटनामा फस्ने बताउनुभयो। राजपाको आन्दोलन, असोज २ गते हुने स्थानीय तहको निर्वाचन र अबको निकासलगायतको विषयमा केन्द्रित हामीले यसपालि कुराकानी गरेका छौं। प्रस्तुत छ, राजपाका प्रवक्ता सिंहसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी** र **बीपी साह**ले गरेको कुराकानीका मुख्य अंशहरू :

**दोस्रो चरणको निर्वाचनमा जनताले मतदान गर्न नपाउँदा २ नम्बर प्रदेशमा जनता दुःखि भए भन्छन् नि ?**

प्रदेश नम्बर १ र ५ मा निर्वाचन भए पनि त्यहाँका जनता खुसी छैनन्। अमेरिका र बेलायत सरकारले विज्ञप्ति जारी गरेका छन्। अब पनि निर्वाचनमा बेलायत र अमेरिकाले अनुगमन गर्न पाउ भनेर उल्लेख गरेका छन्। निर्वाचनमा कसलै भाग लिए होलान्। तर, राजपाका कुनै पनि कार्यकर्ता निर्वाचनमा सहभागी भएका छैनन्। राजपाले बहिष्कार गरेको छ। राजपाले स्वतन्त्र उम्मेदवार दियो भन्ने जहाँसम्मको कुरा छ। स्वतन्त्र उम्मेदवार कुनै पनि पार्टीको हुँदैन। हाम्रो पार्टीका कुनै पनि जिम्मेवार पदाधिकारी र कार्यकर्ताहरुले उम्मेदवारी दिएका छैनन्।

**सरकार परिवर्तन भइरहेको छ। सरकार र राजपा बेला-बेलामा सहमतिनजिक पुग्ने गरे पनि अहिले आन्दोलनमा हुनुहुन्छ, किन ?**

हामीसँग विगतका सरकारले पनि सहमति गरेका छन्। अहिले मौखिकरूपमा सहमतिनजिक पुगेको हो। तर, लिखितरूपमा मौखिक सहमति कार्यान्वयन गर्ने क्रममा विभिन्न बहाना र जालझेलहरु हुने गरेका छन्। राजपाको निर्माण पनि मधेस आन्दोलको देन हो। निर्वाचनमा जाने कुरामा मधेसका जनता बिनासंविधान संशोधन चुनाव निर्माणमा नजाने जनाएका छन्। साथीहरुको व्यक्तिगत विचार आउन सक्छ। राजपाको स्पष्ट अडान छ, बिनासंविधान संशोधन हामी कुनै पनि हालतमा असोज २ गते हुने स्थानीय तहको निर्वाचनमा भाग लिँदैनौं। हामी शान्तिपूर्ण आन्दोलन गरिरहेका छौं। कुनै हिसात्मक गतिविधि गरेका छैनौं। निर्वाचनको क्रममा शीर्ष नेताहरु १ र ५ नम्बरमा बसेको भए हिंसा मच्चाउने र हत्या गर्नेसम्मको योजना बनाइएको थियो। सेना र प्रहरी खटाइएको थियो। आन्दोलन थोरै अगाडि बढेको अवस्थामा मधेसी जनताको क्षति बढी हुन्थ्यो। नियोजित ढंगले ५ र १ नम्बर प्रदेशको निर्वाचन सरकारले जबरजस्ती गराएको हो।

**हत्या गर्ने सूचनाको आधार के हो ?**

विगतको कैलाली घटनाको बारेमा पहिला नै वर्षमान पुनलाई थाहा थियो। माओवादीका नेताहरुले बोलेका थिए। महन्थ ठाकुरको समापन भाषणमा अन्तिम चरणमा घटना गराइयो। अचानक भेष बदलेर प्रहरीले फाइरिङ गर्नु हिंसा भड्काउन नभएर के थियो त ? हाम्रो पार्टीले संयमता नअपनाएको भए ठूलो दुर्घटना हुन्थ्यो। हामीलाई त्यहाँको सूचना थियो।

**सहमति गर्नका लागि दुवै पक्ष लचक हुनुपर्ने हो नि होइन ?**

देश हाँक्ने कांग्रेस, एमाले र माओवादी केन्द्र नै हुन्। उहाँहरुसँग नै हामीले सहमति गरेका हौं। हामीले शान्तिपूर्ण ढंगबाट नै हाम्रो माग पूरा होस् भनेर दबाब दिइरहेका छौं। हामीले सशस्त्र विद्रोह गरिरहेका छैनौं। हाम्रो पार्टी लोकतन्त्रमाथि विश्वास गर्ने पार्टी हो। मधेसले मानव भएर पाउनुपर्ने अधिकार मात्र मागेको छ। मधेसको माग पूरा गर्न नदिने मुख्य दोषी एमालेका अध्यक्ष केपी ओली नै हुन्। ओलीले जसरी प्रतिबद्धता जनाउनुभयो र त्यो तोड्ने काम उहाँबाट भएको छ। ओलीलाई म धन्यवाद दिन चाहन्छु। किनकि ओलीको बोलीले गर्दाखेरि मधेसप्रतिको नकारात्मक अभिव्यक्तिकै कारण फरक-फरक मधेसवादी दलहरु मिलेर एउटै पार्टी बनेको छ।

**अहिलेको समस्याको समाधान चाहिँ कसरी होला त ?**

अहिले यस्तो अवस्था आएको छ। यदी मधेसको मुद्दालाई थोरै पनि दायाँबायाँ गर्ने हो भने मेधसी जनता राजपासँग पनि हुँदैनन्। मधेसी जनता अहिले कुनै पार्टीसँग छैनन्। मधेसमा मधेसी जनता युवाहरु यसरी जागरुक भएका छन् कि अब मधेसमा महन्थ ठाकुरको जरुरी छैन। उपेन्द्र यादव र राजेन्द्र महतोको जरुरी छैन।

**अब २ नम्बर प्रदेशको निर्वाचन के होला ?**

सरकारले २ नम्बर प्रदेश छोडेर निर्वाचन गरेर ठूलो घटना गराउने काम गरेको छ। सरकारले सोचेको होला ५ र १ नम्बर प्रदेशमा निर्वाचन भइहाल्यो अब २ नम्बरमा भइहाल्छ। सरकारले हाम्रो माग पूरा नगर्ने हो भने २ नम्बर प्रदेशमा हिंसा हुनेवाला छ। मधेसी जनताहरु परिस्थितिले हिंसाको बाटो रोज्न बाध्य हुने परिस्थिति सिर्जना गरिँदै लगिएको छ। हिंसा रोक्ने काम यथाशीघ्र राज्यले गर्नुपर्छ। होइन भने राजपाले पनि केही गर्न सक्दैन।

**लोकतन्त्रमा जनताको मत नै ठूलो कुरा हो। निर्वाचनमा जान राजपालाई किन अप्ठ्यारो भइरहेको छ ?**

अहिले संविधानसभाको निर्वाचन होइन। हामीले विकासको विषय उठाएको छैन। हामीले भनेअनुसारको संविधान नपाएको अवस्था छ। जनमतलाई त हामीले स्वीकार गरेकै छौं। मधेसी जनताले आफ्नो अधिकारको संविधानसभाबाट नै प्राप्त होस् भन्ने चाहेका थिए। स्थानीय तहको निर्वाचन मधेसी जनताको अधिकारसँग जोडिएको छ। जुन मधेसी जनताले जनसंख्याको आधारमा प्रतिनिनिधित्व हुनुपर्ने माग उठाएका छन्। ५० हजार जनसंख्या भएको ठाउँमा एउटा गाउँपालिका छ। कहीं ५ हजारको गाउँपालिका छ। स्थानीय तहको निर्वाचनमा भाग लिने भनेको त यो संविधानलाई वैधानिकता दिने हो नि। हामी निर्वाचनमा जान्छौं। चुनावभन्दा बाहिर हामी कतै पनि जान सक्दैनौं।

**असोज २ गतेअघि नै संविधान संशोधन होला त ?**

विगत हेर्ने हो भने प्रधानमन्त्री शेरबहादुर देउवा र केपी ओलीमाथि विश्वास गर्न सकिने अवस्था छैन। अधिकारबाट मधेसलाई वञ्चित गर्ने काम देउवा र ओलीले नै गरेका हुन्। संविधानसभाका लागि हामीले पनि लडेकै हो। मधेसी जनताले पनि लडेकै हो। हामी लचक पनि भएकै हौं।

**राजपालाई सहमतिमा ल्याउनकै लागि प्रधानमन्त्रीले निर्वाचनको मिति सार्नु सकारात्मक पक्ष नै होइन र ?**

अन्तरिम संविधानमा भएको अधिकार हटाउने काम भएको छ। हामीले अन्तरिम संविधानमा धेरै कुरा पाएका थियौं। संघीयता, एक मधेस एक प्रदेश र आत्मनिर्भरताको कुरा छ। यो संविधानसभाको नाममा हाम्रो अधिकार कटौती गर्ने काम शुरु भयो। जति हामी लड्दै गयौं हाम्रो अधिकार त्यति नै कटौती हुँदै गयो। मधेसीलाई भारतको यूपी र विहारबाट आएको भनेर आरोप लगाइन्छ। कसैको पहिचान र अधिकारबाट कसैले वञ्चित गर्न सक्दैन। शेरबहादुर देउवाले आफ्नो पालामा गर्ने र केपी ओलीले आफ्नो पालामा गर्ने सोचको कारण मधेसी जनता पीडित हुँदै आएका छन्। कि त भन्नुपर्‍यो मधेसी जनताको माग नाजायज हो। के-के विषयमा माग पूरा गर्न नसक्ने हो स्पष्ट भन्नुपर्‍यो नि। भाषा, पहिचान र नागरिकताको अधिकार पाउनुपर्छ भन्दा थाहा छैन भन्न मिल्छ ? जबरजस्ती निर्वाचन गराउँछन् भने हामीले त रोकेकै छैन। हामी सडकमा छौं। जबसम्म हाम्रो अधिकार प्राप्त हुँदैन तबसम्म हामी सडक र आन्दोलनमै हुन्छौं। राजपाका कार्यकर्ताको दबाबमा नै निर्वाचनमा भाग नलिएको हो।

**एउटै गठबन्धनमा रहनुभएका संघीय समाजवादी फोरम नेपालले त निर्वाचनमा भाग लियो नि ?**

विगतको आन्दोलनमा उपेन्द्र यादवले ल्यान्डिङ गर्नुहुन्थ्यो। मधेसी जनतालाई मनाउन सकिन्छ भन्नुभयो। अहिलेको परिस्थितिमा निर्वाचनमा भाग लिनु दुर्भाग्य हो। अहिलेको निर्वाचनमा उपेन्द्र यादवलाई बढी भोट आउनुपर्ने आएन नि त।

**२ नम्बर प्रदेशमा राजपा कमजोर भएकै कारण निर्वाचनमा भाग नलिएको भन्ने आरोप छ नि ?**

यो आरोप सरासर गलत हो। राजपासँग जनमत छ। त्यही भएर कांग्रेसका जिल्ला सभापति र सांसदहरुले राजपाको जनमतबाट डराएर २ नम्बर प्रदेशमा निर्वाचनको मिति सार्न पार्टीलाई दबाब दिएका हुन्। मधेसी जनता जसले अधिकार खोजेका छन्। सबै राजपासँग छन्। सबै पार्टी एकातर्फ छन्, राजपा अर्कातर्फ छ।

**तपाईंहरूसँग जनमत रहेको जिकिर गर्नुहुन्छ। तपाईंहरूले चुनावबाट बहुमत ल्याएर आफ्नो माग पूरा गराउन सक्नुहुन्छ नि ?**

संविधान संशोधनका लागि अहिले निर्वाचन भएको होइन नि। अहिले त स्थानीय निकायको निर्वाचन भएको हो। अहिलेको निर्वाचन संविधान कार्यान्वयनका लागि गराइएको छ। र, हामीले अहिलेको संविधानलाई स्वीकार गरेका छैनौं। दुई पटक संविधानसभाको निर्वाचन भयो। तर, संविधानसभामा हामीलाई पेलियो। त्यस कारण अब हाम्रो माग सडकबाटै पूरा हुनेछ।

**तर, संविधानमा समानुपातिक समावेशीको ग्यारेन्टी गरिएको छ नि ?**

कुन ग्यारेन्टीको कुरा गर्नुहुन्छ। लेखिएको त धेरै कुरा छ। तर, एकपक्षीय हितमा लेखिएको छ। समावेशी समानुपातिकलाई डाइलुट गरिएको छ। त्यहाँ मधेसीको ग्यारेन्टी गरिएको छैन। यहाँ मधेसीलाई गुलाम बनाउन खोजिएको छ। ब्रिटससँगको सन्धिबाट मधेसीलाई नेपालमा मिसाइयो र त्यसबेलादेखि गुलाम बनाइएको छ। अहिले पनि गुलाम बनाउन खोजिएको छ। त्यसलाई हामी कुनै पनि हालतमा स्वीकार गर्दैनौं।

**तपाईंहरूले अंगिकृतलाई राज्यको प्रत्येक अंगमा लग्न खोज्नुभएको छ। यो कतिको जायज हो ?**

यो गलत बुझाई हो। हामीले अंगिकृतको वकालत कहिले पनि गरेका छैनौं। हामीले त बिहेवारी गरेर हाम्रो घरमा भित्र्याइएकी दुलही जो आफ्नो देशको नागरिकता त्याग गरेर नेपाली हुन स्वीकार गर्छिन् उनीहरुको अधिकारको कुरा गरेका हौं। उनीहरु समान नागरिक किन हुन सक्दैनन् ? उनीहरुलाई पनि नेपालीसरह अधिकार दिनुपर्छ भन्ने हाम्रो माग हो।

**तपाईंहरूले तीन वटा मधेस आन्दोलन गर्नुभयो। करिब साढे ३ सय मानिसले ज्यान गुमाए। तर, तीनवटै मधेस आन्दोलन असफल भएको देखिन्छ नि ?**

होइन। सबै आन्दोलन आंशिकरूपमा सफल भएका छन्। मधेस आन्दोलन नभएको भए अहिले काठमाडौंमा मैथिली भाषामा बोल्न पनि डर लाग्थ्यो। अहिले हामी खुलेर बोलेका छौं। हाम्रो आन्दोलनले संघीयता आयो, समानुपातिक समावेशी आयो, आरक्षण आयो। अन्य कयौं उपलब्धिहरु भएका छन्। त्यस कारण मधेस आन्दोलन असफल भयो भनेर भन्न मिल्दैन।

**तपाईंको पार्टीका नेताहरूले कहिलेकाँही राज्यले यो माग वा त्यो माग पूरा नगरे मधेस छुट्टै देश बन्नेछ भन्ने धम्की दिँदै आउनुभएको छ। यसो गर्न मिल्छ ?**

राजपाका कुनै नेताले मधेस अलग देश बन्नुपर्छ भनेर माग गर्नुभएको छैन। तर, आन्दोलनको क्रममा सरकारको रबैया हेरेर हाम्रा नेताहरुले कहिलेकाँही आक्रोश व्यक्त गर्नुहुन्छ। त्यो पार्टीको लाइन होइन। मेरो विचार अहिले मधेसी जनता मधेस अलग देश बनाउनुपर्छ भन्ने पक्षमा छैनन्। तर, राज्य सचेत भएन भने त्यो आवाज बढ्दै जानेछ। त्यस कारण मधेसलाई राज्यले समेटेर देशलाई जोगाउनुपर्छ। होइन भने भोलिको दिनमा सीके राउतलाई कसैले रोक्न सक्दैन।

**तपाईंहरू संविधान संशोधन नभए निर्वाचनमा सहभागी नहुने भन्नुहुन्छ। सत्ता पक्षले आफूहरूसँग संविधान संशोधन गर्न सक्ने क्षमता नरहेको बताउँछ। के निर्वाचनमा जान अर्को मध्यमार्ग छैन ?**

त्यस्तो केही मध्यमार्ग छैन। संविधान संशोधन हुनैपर्छ। उनीहरुले पनि स्वीकार गरिसकेको अवस्था छ। हामीले सत्ता पक्षलाई मात्रै भनेका छैनौं, प्रतिपक्षलाई पनि भनेका छौं। विभेदकारी संविधान जारी गर्न मिल्छ अनि संशोधन गर्न मिल्दैन ? त्यस कारण हामीले भनेका छौं, सबैले मिलेर संविधानको स्वीकार्यतालाई बढाऔं र देशमा स्थायी शान्ति कायम गरौं।

**त्यसो भए संविधान संशोधन नभएसम्म २ नम्बर प्रदेशमा निर्वाचन हुँदैन ?**

हुँदैन। राजपा संविधान संशोधन नगरी निर्वाचनमा जाँदैन। संशोधनबिना राजपा निर्वाचनमा गए मधसी जनताले नै राजपाको साथ छोड्नेछन्।

**यता तपाईंहरूले नेकपा एमालेसँग मिलेर अहिलेको सरकारलाई धरापमा पार्न खोजेको हल्ला छ नि ? तपाईंहरूले समर्थन पनि फिर्ता लिँदै हुनुहुन्छ।**

हो हामी सरकारलाई दिएको समर्थन फिर्ता लिने गृहकार्यमा जुटेका छौं। हामीसँग भएको सहमति पालना नहुने हो भने सरकारलाई समर्थन गर्नुको अर्थ पनि छैन। यस विषयमा पार्टीभित्र गहन छलफल भइरहेको छ। सहमति गर्ने तर कार्यान्वयन नगर्ने त नेपालको राजनीतिको परम्परा नै भइसक्यो। यो धोका हामीले पहिलोपटक खाएका होइनौं। हामी एमालेसँग पनि छलफल गरिरहेका छौं। तर, सरकारलाई धरापमा पारेका छैनौं।

**त्यसो भए यो सरकार ढाल्ने पक्षमा राजपा लागेको हो त ?**

हामी सरकार ढाल्ने पक्षमा छैनौं। हामी त हाम्रो माग पूरा गराउने पक्षमा छौं। सरकार जसको बने पनि हुन्छ। तर, हाम्रो माग पूरा हुनुपर्छ। हामीले अहिलेको सरकारलाई दिएको समर्थन फिर्ता लिँदैमा सरकारलाई समस्या नआए पनि नैतिक दबाब पर्छ। त्यस कारण हामी माग पूरा गराउन केही कदम चाल्दै छौं। सरकार ढाल्न होइन।

**त्यसो भए अरू प्रदेशको स्थानीय निकायले वैधानिकता पाउँदै गर्छ र २ नम्बरको विकास निर्माण रोकिएपछि झन् अप्ठेरो पर्ला नि ?**

२० वर्षसम्म कर्मचारीबाट चलेको स्थानीय निकायमा केही दिन अझै जनप्रतिनिधि नजाँदा ठूलो समस्या नहोला। यहाँ त संस्थागत भ्रष्टाचार भएको छ। हामीले प्रणाली ठीक गर्न चाहेका छौं। २ नम्बर प्रदेशमा त्यसले कुनै असर गर्नेछैन। २ नम्बरलाई त राज्यले उहीलेदेखि नै उपेक्षा गरेको छ। केही दिन अझै रहँदैमा केही हुने छैन। तर, भोलि राम्रो बन्नेछ।

**मधेसी नेताहरू त उपप्रधानमन्त्रीसम्म भएका छन्। तर, पनि मधेसका लागि केही गरेनन् भन्ने गुनासो छ नि ?**

त्यही भएर त हामीले सिस्टमको विकास गर्ने भनेका छौं। त्यही नेपाली कांग्रेसले मधेसबाट सबभन्दा बढी मत ल्याउँछ। खोई त विकास गरेको ? उसकै नेतृत्वमा लामो समयसम्म सरकार रह्यो। खोई त विकास गरेको ? अरू पनि थुप्रै छन्। मेरो भनाइको अर्थ के छ भने केही मधेसी नेताले गर्न नसकेको होला। तर, राज्य त सधैं गैरमधेसीले चलाएको हो। खोई त विकास गरेको ? नेपाल एसियाको दोस्रो दरिद्र मुलुकमा पर्‍यो त।

**नेपालमा राष्ट्रवादी हुन भारत वा चीनलाई गाली गरिन्छ। त्यसमा पनि तपाईंहरूलाई भारत निकट मानेर चर्चा चलाइन्छ। वास्तविकता के हो ?**

यो कुरा मलाई पनि अचम्म लाग्छ। हाम्रो सम्बन्ध भारतसँग मात्रै हो र ? अमेरिका, चीन, युरोप आदिसँग पनि त हाम्रो कुराकानी हुन्छ। त्यसको चर्चा कसैले गर्दैन। भारतले त जसरी फाइदा हुन्छ त्यही आधारमा कुरा सुन्ने हो। सबै छात्रवृत्तिमा र सहयोगमा हेर्नूस् मधेसीले बढी पाएको छ कि पहाडीले बढी पाएको छ। हामीसँग जोडेर अफवाह फैलाइएको छ। हामीभन्दा बढी त कांग्रेस एमालेका साथीहरुले भारतबाट फाइदा लिँदै आएका छन्। अनि मधेसीलाई अधिकारबाट वञ्चित गर्नुपर्‍यो भने भारतको कुरा उठाउँछन्। त्यस कारण अब हामी भ्रममा पर्नुहुँदैन। काठमाडौं र दिल्लीको सम्बन्ध अलग होला तर मधेस र विहार उत्तरप्रदेशको आफ्नै सम्बन्ध छ। मधेससँग भारतको सीमाना जोडिएको छ। त्यस कारण उसले अलिक बढी चासो दिएको छ। तर, लेनदेन कांग्रेस, एमाले र माओवादीसँगै गरेको छ।



- नेताको हत्या प्रयास भएको थियो।
- संविधान संशोधनबिना दुई नम्बरमा निर्वाचन हुँदैन।
- सरकारलाई दिएको समर्थन फिर्ता लिन सक्छौं।
- हामी सरकार ढाल्ने खेलमा छैनौं। माग पूरा गराउने पक्षमा छौं।
- एमाले हाम्रो दुश्मन होइन, संविधान संशोधनका लागि सहकार्य हुनसक्छ।
- स्थानीय तहको निर्वाचनमा भाग लिँदैनौं।
- भारतले फाइदाका आधारमा कुरा सुन्ने हो।

# निर्देशक निलुको निधन



शुक्रबार मात्र नायिका निशा अधिकारीको बिहेमा सामेल भएकी फिल्म निर्देशक निलु डोमा शेर्पाको शनिबार अचानक निधन भएको छ। केही समयदेखि अस्वस्थ रहेको भनिएकी शेर्पाको शनिबार उपचारका क्रममा महाराजगन्जस्थित शिक्षण अस्पतालमा हृदयघातबाट निधन भएको हो।

*सुनगाभा* नामक फिल्ममा मुख्य सहायक निर्देशक भएर काम गरेकी निलुले पूर्व नेपाल सुन्दरी मालिभका सुब्बाद्वारा निर्देशित फिल्म *हाउ फन्नी*को निर्देशन गरेकी थिइन्। फिल्मले व्यावसायिक सफलता हासिल गर्न नसकेपछि यसका गीतहरु चर्चामा थिए। फिल्ममा रहेको *शिरैमा शिरबिन्दु* बोलको गीत युट्युबमा १ करोडभन्दा बढी हेरिएको थियो।

निलुले विद्यालय जीवनमै फिल्म क्षेत्रमा लाग्ने सोच पालेकी थिइन्। त्यस समयमा उनी या त प्रहरी अधिकृत या त फिल्मकर्मी बन्ने बारेमा सोच्थिन्। अन्ततः करियर चयन गर्नुपर्ने मोडमा पुगेपछि उनले फिल्म क्षेत्रलाई रोजेकी थिइन्। एक दशकदेखि कलाक्षेत्रमा सक्रिय रहँदै आएकी उनले केही समय टेलिभिजन च्यानलमा भिजेका रूपमा काम गरेपछि भारत पुगेर एसियन एकेडेमी अफ फिल्म एन्ड टेलिभिजनमा फिल्म अध्ययन गरेकी थिइन्। भारतमा रहँदा केही फिल्म र टिभीमा काम गरेकी उनी नेपालमा आमा एक्लै भएकाले स्वदेश फर्केर छोटा फिल्महरू बनाएकी थिइन्। जसमध्ये उनलाई *कागज* नामक छोटो फिल्मले परिचय दिलाएको थियो। उनी अभिनय पनि गर्थिन्। उनले *पुन्टे परेड* नामक फिल्ममा अभिनय गरेकी थिइन्।



# तब्बुको बिहे नहुनुको कारण अजय देवगण !

दिवंगत अभिनेतृ नुतनपछि बलिउडमा सक्षम अभिनेतृको रूपमा तब्बुलाई लिइन्छ। अभिनेतृ फराह खानकी बहिनी तब्बुले निर्देशक, निर्माता तथा अभिनेता देव आनन्दको फिल्म *हम नौजवान*बाट बलिउडमा आफ्नो करिअर शुरु गरेकी थिइन्।

यस फिल्ममा उनले देव आनन्दको १४ वर्षीया छोरीको भूमिका निर्वाह गरेकी थिइन्। यसपछि उनले बोनी कपुरद्वारा निर्मित तथा शतीश कौशिकद्वारा निर्देशित फिल्म *प्रेम*बाट नायिकाको रूपमा काम गर्न शुरु गरेकी थिइन्। तर, उनले अभिनेता अजय देवगणसँग खेलेको फिल्म *विजयपथ*बाट करिअरमा सफलताको शुरुआत भएको थियो। यस फिल्मको *रुक रुक* बोलको गीतमा उनले गरेको नृत्यको कारण उनलाई दर्शकले निकै मन पराएका थिए। पछिल्लो ३० वर्षदेखि फिल्ममा सक्रिय यी अभिनेतृको कहिल्यै पनि कुनै अभिनेतासँग नाम जोडिएको थिएन। तर, भनिन्छ कि तब्बु यस उमेरसम्म सिंगल रहनुको कारण अजय देवगण हुन्। वर्षौंको मौनतापछि तब्बु आफैंले यो कुराको खुलासा गरेकी हुन्। उनले भनेकी छिन्- 'आजसम्म म सिंगल रहनुमा अजय देवगण जिम्मेवार छन्।'

४५ वर्षीया उनले मुम्बईको एक पत्रिकालाई दिएको एक अन्तरवार्तामा भनेकी छिन्- 'अजय र म एक-अर्कालाई २५ वर्षदेखि चिन्छौं। उनी मेरो कजन समीर आर्याको छिमेकी हुन् भने मेरो राम्रो साथी। अजय मेरो जिन्दगीमा त्यति बेलादेखि छन्, जब म आफ्नो करिअरमा अघि बढ्न थालें। उनले हामीबीचको सम्बन्ध निभाइरहेका थिए। त्यो बेला समीर र अजय मप्रति खुबै निगरानी राख्थे र मेरो हरेक ठाउँमा फलो गरिरहन्थे', तब्बुले हालै मात्र आएर खुलाएकी छिन्- 'जब कुनै केटा मसँग बोल्न आउँथे। उनीहरु ती केटाहरुलाई पिट्नेसम्मको धम्की दिन्थे। आजसम्म मेरो विवाह नहुनुको कारण केवल अजय हुन्। मलाई आशा छ कि अजयलाई मैले यो के गरें भन्नेमा पश्चाताप हुनेछ।' उनले अन्तरवार्ताको समयमा हास्दै आफूले अजयलाई विवाहका लागि कुनै केटा खोजिदिनका लागि आग्रह गरेको समेत खुलाएकी छिन्। स्मरणीय छ कि तब्बु तथा अजय *विजयपथ*पछि *हकिकत, रक्षक, फितुर दृश्यम्* जस्ता फिल्ममा सँगै काम गरेका थिए। दर्शकले यो जोडीलाई निकै मन पराएका थिए। हाल यी दुवै रोहित सेट्टीको सफल सिरिज *गोलमाल*का चौथो संस्करण *गोलमाल ब्याक अगेन*मा काम गरिरहेका छन्।

# ६३ लाई संगीत प्रशिक्षण

लमजुङ, (नेस)। लमजुङका विद्यालयमा पढ्ने ६३ जना विद्यार्थीलाई संगीत प्रशिक्षण दिइएको छ।

म्युजिक सोसाइटीले बेंसीशहरस्थित जनविकास माध्यमिक विद्यालय र भूपू सैनिक आवासिय माध्यमिक विद्यालयमा प्रशिक्षण दिएको हो। सोसाइटीका प्रशिक्षक जीवन लामा, जोन श्रेष्ठ, कुशल कार्की, प्रेम गुरुङ र एलेक्स वाइबाले प्रशिक्षण दिएका हुन्। प्रशिक्षकहरूले प्रयोगात्मक विधिद्वारा सहभागी विद्यार्थीलाई सामान्य गीत निर्माण, सामूहिक कार्य एकैसाथ गर्न, शरीरको हाउभाउबाट संगीत निर्माण गर्नका साथै सुर-तालबाट शब्दको संयोजन गर्नसमेत सिकाइको थियो। प्रशिक्षणमा कक्षा १० मा अध्यनरत २३ जना जनविकास माविका विद्यार्थी र भूपू सैनिक आवासिय मावि कक्षा १० मै अध्यनरत ४० जना विद्यार्थीले भाग लिएका थिए।

लमजुङ म्युजिक सोसाइटीका सचिव सुनील खनालले संगीतप्रति रुचि राख्ने विद्यार्थीलाई लक्षित गरी कार्यक्रमको आयोजना गरिएको बताए। उनले जिल्लामा पहिलोपटक संगीत प्रशिक्षण भएको जानकारी गराए। संगीत प्रशिक्षण कार्यक्रममा दुवै विद्यालयका विद्यार्थीले आफ्नै स्वर, लय, शब्द राखेर गीत बनाउन सफल भएको प्रशिक्षक जीवन लामाले बताए। उनका अनुसार उनीहरूले घरमा बसेर दैनिक केही घण्टा संगीतमा समय दिए भविष्यमा राम्रो संगीतकार बन्न सक्ने प्रतिभा विद्यार्थीहरूमा देखिएको छ।



# बाहिरिइन् विद्या

हेटौंडा, (नेस)। पछिल्लो समयमा नेपालकै चर्चित र सानदार रियालिटी सो बन्न सफल *नेपाल आइडल*मा हेटौंडाको पहिचान बन्दै गएकी विद्या तिवारी अन्तिम चरणमा आएर शोबाट बाहिरिएकी छिन्।

विद्यालय तहदेखि नै गीत गाउन रुचि राख्ने विद्याको सुमधुर स्वर *नेपाल आइडल*मार्फत् लाखौं स्रोता र दर्शकमाझमा लोकप्रिय बन्दै गएको थियो। शो हेर्ने दर्शक मात्र होइन, शोका निर्णायकलाई पनि उनको स्वरले मन्त्रमुग्ध पारेको निर्णायकले नै बताइरहेका थिए। भोटिङ राउन्डपछि भने उनी बाहिरिएकी छिन्।

हेटौंडाको स्वरलाई पहिचान दिलाएर छोड्ने आँट लिएकी विद्या *नेपाली तारा सिजन-२*, *खोजी प्रतिभा*को जस्ता थुप्रै गायन प्रतिस्पर्धामा सहभागी भइसकेकी थिइन्। सानैदेखि गायनमा रुचि राख्ने २३ वर्षीया विद्याले *उत्कृष्ट १८* मा पाइला टेकेकी थिइन्। आफ्नो संगीतप्रतिको रुचि अनि सांगीतिक क्षेत्रमा केही गर्न सक्ने साहस बोकेर यस क्षेत्रमा लागेकी उनले अडिसन राउन्डदेखि नै दर्शकको मन जितेकी थिइन् भने निर्णायकमा पनि राम्रो छाप पारेकी थिइन्। शोमा उनले एकल स्वरमा गाएको *सम्हाली राखे मैले* बोलको गीत होस् वा युगलरूपमा गाएको *म यस्तो गीत गाउँछु* बोलको गीत होस्, सबै गीतले निर्णायक र दर्शकको मन जित्न सफल भए पनि दर्शकको भोटिङबाट उनी बाहिरिन बाध्य भइन्।

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू:




**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

सर्वत्र बजारमा उपलब्ध छ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार

भुट र सत्यबीचको लडाइँमा भुट्ले नै जित्छ तर अन्तिम जीत भने सत्यकै हुन्छ।
–राल्फ वाल्डो इमर्सन

तिनीहरूले जे पनि गर्न सक्छन्, किनभने तिनीहरूले गर्न सक्छु भनेर भित्रैदेखि सोच्न सक्छन्।
–भर्जिल

## सम्पादकीय

नेपाल समाचारपत्र

# धान दिवसको महत्व

विगतका वर्षहरूमा झैं यसपटक पनि विविध कार्यक्रमका साथ गत बिहीबार असार १५ मा १४औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव आयोजना गरिएको छ। 'दुई बाली धान खेतीको विस्तार' भन्ने नाराका साथ यस वर्षको दिवस मनाइएको छ। पछिल्ला वर्षहरूमा दिवस दिवसका रूपमा मात्रै सीमित भएको छैन, विगतका वर्षहरूलाई तुलना गर्ने हो भने यस वर्ष धान उत्पादनसमेत बढेको छ। यस वर्ष धानको उत्पादन ४२ लाख मेट्रिक टनबाट २१ प्रतिशतले बढेर ५२ लाख ३० हजार मेट्रिक टन पुगेको छ।

उत्पादन परिमाण अघिल्लो आर्थिक वर्षको तुलनामा करिव २१ प्रतिशतले बढी हो। कृषि विकास मन्त्रालयका अनुसार यो चालू आर्थिक वर्षमा धान रोपनको क्षेत्रफल १३ दशमलव ९१ प्रतिशतले बढेर १५ लाख ५२ हजार हेक्टर पुगेको थियो। धानको कुल उत्पादन वर्षेनि घट–बढ हुने गरे पनि उत्पादकत्व भने प्रतिहेक्टर ३ हजार किलोका हाराहारीमा हुँदै आएको छ। क्षेत्रफलको आधारमा धानखेतीको ७१ प्रतिशत हिस्सा तराईमा छ भने २६ प्रतिशत पहाड र ३ प्रतिशत उच्च पहाडी भेगमा छ।

असार महिनालाई मानो रोपेर मुरी फलाउने समयका रूपमा समेत स्मरण गरिन्छ। विज्ञहरू धानको उत्पादनले समग्र मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने र खाद्य सुरक्षामा सुधार हुने बताउँछन्। कृषि मन्त्रालयको तथ्यांकलाई आधार मान्ने हो भने मुलुकको कुल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९ दशमलव ४ प्रतिशत रहेकोमा धानको हिस्सा मात्रै करिव २० प्रतिशतका हाराहारीमा छ। यस्तै तथ्यलाई आधार मान्दै कृषि मन्त्रालयले आगामी ३ वर्षभित्र धानलगायत खाद्यान्न बालीमा आत्मनिर्भर कार्यक्रम लागू गरेको छ। कार्यक्रमको मुख्य केन्द्र प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना रहेको छ। मन्त्रालयले आर्थिक वर्ष २०७१/०७२ देखि विभिन्न २० जिल्लामा मसिनो तथा बासनादार धान उत्पादन प्रवर्द्धन कार्यक्रम शुरु गरेकोमा अहिले सो कार्यक्रम मुलुकभरका ३५ जिल्लामा विस्तार भइसकेको छ।

सरकारले आगामी आर्थिक वर्षमा धानको उत्पादन बढाएर ५४ लाख टन पुऱ्याउने रणनीतिक लक्ष्य सार्वजनिक गरेको छ। सोहीअनुसार सो लक्ष्यमा पुग्न चैतेधान र वर्षेधान प्रवर्द्धनका कार्यक्रम अघि सारिएको छ। मुलुकका विभिन्न ५० जिल्लामा चैतेधान खेती हुने क्षेत्रफल विस्तार गरी ३ लाख हेक्टर पुऱ्याउने लक्ष्य मन्त्रालयको छ। अहिले चैतेधान १ लाख १८ हजार हेक्टरका हाराहारीमा हुँदै आएकोमा अब ३ लाख हेक्टरमा चैतेधानको क्षेत्र विस्तार गर्ने सरकारको महत्त्वकांक्षी योजना छ।

भनिन्छ, विश्वको कुल जनसंख्याको करिव आधा हिस्साले चामललाई मुख्य खाद्यान्नका रूपमा उपभोग गर्छन्। वर्षेनि जनसंख्या बढिरहेको अवस्थामा धानलगायत अन्य कृषि उपज हुने जमिनको क्षेत्रफल पक्कै पनि बढ्दैन, तर कृषिमा अवलम्बन गरिएको परम्परागत अभ्यास सुधार्दै समय सापेक्ष अभ्यासअनुशरण गर्ने हो भने सीमित क्षेत्रमा पनि उत्पादन बढाउन सकिन्छ। पर्याप्त सिँचाइ, आधुनिक प्रविधि, कृषकलाई तालिम, बीउ, मलजस्ता कुराको सुनिश्चितता गर्न सकिएमा धानको उत्पादन बढ्नेमा शंका छैन। यससँगै नयाँ पुस्तालाई समेत धान र अन्य खाद्यान्न बालीतर्फ आकर्षित गर्ने कार्यक्रम अघि सार्न जरुरी छ।

# राष्ट्रहित विपरीतको काम



श्रीमन नारायण

"बुढीगण्डकी जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयारी, जग्गाको मुआब्जा वितरणका लागि आर्थिक स्रोत जोहो गर्ने क्रममा पेट्रोलमा प्रतिलिटर ५ रुपियाँ संकलन गरेर वार्षिक १० अर्ब जुटाउने व्यवस्था गर्दै अगाडि बढिरहेको बेला सरकारले एकाएक चिनियाँ कम्पनी सीजीजीसीसँग समझदारी-पत्रमा हस्ताक्षर गरी आयोजनालाई अन्योलको स्थितिमा ल्याइदिएको छ।"

सरकारले १२ सय मेगावाटको बहुचर्चित जलाशययुक्त बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माणको काम बिनाप्रतिस्पर्धा चीनको गेजुवा ग्रुप अफ कम्पनीलाई दिएकोमा त्यसको चौतर्फी विरोध भइरहेको छ। राष्ट्रिय महत्त्वको यति ठूलो काम कम्पनी सार्वजनिक खरिद ऐनको समेत परवाह नगरी बिनाप्रतिस्पर्धा जिम्मा लगाइँदा त्यसमा आर्थिक चलखेलसमेत भएको हुनसक्ने आक्षेपहरु पनि लगाइँदै छ। पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि उपरोक्त आयोजना नेपालीले नै बनाउन पर्ने र त्यसलाई बहुउद्देश्यीय आयोजनाका रूपमा लैजानुपर्नेमा निजी कम्पनीलाई बुढीगण्डकी जलविद्युत् आयोजनाको जिम्मा सुम्पिनु गलत कार्य भएको आरोप लगाएका छन्। आर्थिक अनुशासन र पारदर्शितालाई समेत ध्यान नदिई चिनियाँ कम्पनीलाई ठेक्का दिइएको चर्चा सर्वत्र छ। विवादित चिनियाँ निर्माण कम्पनीलाई ठेक्का दिन शुरुमा नेकपा एमालेले आवश्यक पहल र तयारी गरेको थियो भने मौन समर्थन यसमा सबै ठूला दलहरुको रहेको देखियो।

बुढीगण्डकी जलविद्युत् आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयारी, जग्गाको मुआब्जा वितरणका लागि आर्थिक स्रोत जोहो गर्ने क्रममा पेट्रोलमा प्रतिलिटर ५ रुपियाँ संकलन गरेर वार्षिक १० अर्ब जुटाउने व्यवस्था गर्दै अगाडि बढिरहेको बेला सरकारले एकाएक चिनियाँ कम्पनी सीजीजीसीसँग समझदारी-पत्रमा हस्ताक्षर गरी आयोजनालाई अन्योलको स्थितिमा ल्याइदिएको छ। यस आयोजनाको विस्तृत अध्ययन तथा डिटेल डिजाइन सरकारले अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट विधि तथा प्रक्रिया पुऱ्याएर छानेको कम्पनी फ्रान्सको ट्र्याम्टवेल इन्जिनियरिङबाट गराइसकेको छ। सरकारको तर्फबाट एक अर्ब खर्च गरी डीपीआर तयार भएको हो। टेन्डर डकुमेन्ट तयार भइसकेको अवस्था छ। यस्तोमा नेपालको एकमात्र आयोजनालाई यथाशीघ्र अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गराएर निर्माणमा जानुपर्नेमा सो नगरी बिना नीति र कार्यविधि ईपीसीफ मोडेलमा जानुभनेको देशको अहित गर्न खोज्नु हो। एकातिर फास्ट ट्र्याक निर्माणको डीपीआर भारतीय निर्माण कम्पनीले तयार पारी सक्दा पनि विदेशलाई नदिई आफैंले निर्माण गर्न दबाब दिने पार्टीले सोही परिस्थितिमा आफ्नै लगानीबाट निर्माण नगरी चिनियाँ कम्पनीलाई बिनाप्रतिस्पर्धा टेन्डर दिनुको के अर्थ ? यो कस्तो राष्ट्रप्रेम हो ?

नेपालका वामपन्थीहरुको चीन प्रेम बुझ्न नसक्नु छ। सिद्धान्ततः विश्वका मजदुर एवं गरिबबीच भाइचारा सम्बन्ध राख्ने तथा कथित सर्वहाराहरुको वकालत गर्ने पार्टीको रूपमा प्रसारित नेपालका वामपन्थीहरु जब राष्ट्रवादको नारा दिन्छन् अनि स्वभाविकरूपमा नै प्रश्न उठ्न जान्छ कि आखिर कम्युनिस्टहरु राष्ट्रवादी कसरी हुन सक्दछन् ? वस्तुतः कम्युनिसटहरु राष्ट्रवादी हुनै सक्दैनन् केवल दिखावाको निम्ति मात्रै उनीहरु राष्ट्रवादका नारालाई अघि सारेका हुन्छन्। सोभियत संघको विघटन तथा जर्मनीको एकीकरणपश्चात् विश्वका कम्युनिस्टहरुको निम्ति अब चीन एकमात्र आशा एवं विश्वासको केन्द्र रहन गएको छ। नेपालमा राष्ट्रवादको परिभाषा पनि विभिन्न किसिमको छ। पञ्चायतको ३० वर्षमा लोकतन्त्र एवं दक्षिणी छिमेकीको विरोधमा तथा उत्तरी छिमेकीको समर्थनमा आधारित नीतिलाई नै राष्ट्रवादको संज्ञा दिइयो। देशमा प्रजातन्त्रको स्थापनापछि पनि पञ्चायती परिभाषाले नै काम गरिरहेको देखिन्छ। भारतको विरोध तथा चीनको समर्थनमा आधारित राष्ट्रवादले नेपालको भलो गर्ने छैन। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको गठबन्धन सरकारले अन्तिम समयमा बिनाप्रतिस्पर्धा एक विवादास्पद चिनियाँ निर्माण कम्पनीलाई १२ सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजना सुम्पिदिने काम गऱ्यो, जबकि उक्त चिनियाँ निर्माण कम्पनीमाथि नेपालको राजस्व ठगेको आरोप लागेको छ। चीनलाई देवस्थल तथा तिनको नेतालाई देउता ठान्ने मानसिकताका नेपाली नेताहरु पनि देशभित्रै छन्।

नेपालमा एक अर्ब १६ करोड रुपियाँ मूल्य अभिवृद्धि दर (भ्याट) छली गरेको विवादास्पद सीजीजीसी चिनियाँ कम्पनीलाई ठेक्का दिने सरकारको निर्णयलाई कुनै पनि अर्थमा जायज भन्न सकिँदैन। भनिन्छ, नेकपा एमालेका सभापति केपी शर्मा ओली नेतृत्वको साझा सरकारले नक्कली भ्याटबिल बनाई राजस्व ठगी गरेर कारबाहीमा परेका चिनियाँ कम्पनी सीजीजीसीलाई बुढीगण्डकी आयोजना बिनाप्रतिस्पर्धा मन्त्रिपरिषद्मार्फत् दिने प्रक्रिया शुरु गरेका थिए। केपी शर्मा ओली आफ्नो चीन भ्रमणका बेला सीजीजीसीको कार्यालयमा उसका पदाधिकारीलाई भेटेपछि बुढीगण्डकी विनाप्रतिस्पर्धा दिन खोजेका थिए। माओवादीको समर्थनबाट बनेको एमाले नेतृत्वको साझा सरकारले अन्तिम समयमा बुढीगण्डकी परियोजना चीनलाई दिन खोजेको थिए तर सफल हुनसकेन। किनभने माओवादीले ओली सरकारलाई दिइराखेको आफ्नो समर्थन फिर्ता लिएपछि ओली सरकारसामु बढी विकल्प पनि थिएन।

यसरी राष्ट्रवादको माला जप्दै बिनाप्रतिस्पर्धा चिनियाँ कम्पनीलाई राष्ट्रगौरव मानिएको बुढीगण्डकी जलविद्युत् परियोजना सुम्पिदिने ओली सरकारको निर्णयले नेपाललाई कति फाइदा हुने हो, त्यो त समयलाई नै बताउनेछ। तर, तत्कालको निम्ति त चीनलाई मात्रै लाभ हुने सम्भावना रहेको देखिन्छ। चीनको मामिलामा देशका कम्युनिस्टहरु कति गम्भीर एवं सतर्क हुन्, यस कुरोको पुष्टि यसैबाट हुन्छ कि ओली सरकारले प्रयास गरेको अथवा प्रतिबद्धता व्यक्त गरेको कामलाई प्रचण्ड सरकारले पनि पूरा गरेर देखाइदियो। यदि मामिला चीनको हुन्छ भने नेपालका कम्युनिस्टहरु सजिलै एकजुट हुन्छन्। बुढीगण्डकीको परियोजना वस्तुतः एमाले तथा माओवादीले चीनलाई उपहारमा दिए जस्तो देखिन्छ। चिनियाँ निर्माण कम्पनीको ठाउँमा यदि टेन्डर लिने कम्पनी भारतको अथवा अन्य देशको हुने थियो भने देशका वामपन्थीहरुको राष्ट्रवाद माथि खतरा बताउँदै थरीथरीका नाटक पनि गरेका हुन्थे। तर, जब मामिला चीनको हुन्छ अनि सबै थोक ठीक हुन्छ। नेपालका वामपन्थीहरुको निम्ति चीन गंगाजल सरह पवित्र रहँदै आएको छ।

विगतमा पनि माओवादी सरकारको पालामा ऊर्जा मन्त्रालय उसैको मातहत हुँदा ७ सय ५० मेगावाटको जलाशययुक्त पश्चिम सेती बिनाप्रतिस्पर्धा चिनियाँ कम्पनीलाई दिइएको थियो। पश्चिम सेती चिनियाँ कम्पनीले ६ वर्षदेखि ओगटिराखेको छ। उसले निर्माणमा कुनै चासो नै देखाएको छैन। चिनियाँ निर्माण कम्पनीहरु नेपालमा टन्डर हात पार्ने, आफनो मुनाफा निकाल्ने तथा पछि गएर सानो कम्पनीलाई टेन्डर दिने काम गर्दै आएको छ। जबकि सानो कम्पनीसँग त्यति बढी पुँजी र उपकरण नै हुँदैन। फलस्वरूप समयमै काम पूर्ण भइरहेको हुँदैन। तर, चिनियाँ निर्माण कम्पनीहरु आफनो डर एवं धाकको भरमा समय पनि लम्ब्याउन सफलता पाउँछन र टेन्डरको रकम पनि बढाउन सफलता पाउँछन्। भारतीय ऊर्जा निर्माण कम्पनीहरु नेपाललाई अत्यधिक लाभ हुने सर्तमा टेन्डर लिएर काम गर्न खोज्दा यहाँका वामपन्थीहरु तोडफोड गर्न पुग्दछन तर चिनियाँ कम्पनीलाई ठेक्का दिलाउनका निम्ति धर्ना, हडताल एवं अनशन गर्नमा पनि कन्जुस्याइँ गर्दैनन्। आखिर यति बढी चीन भक्तिको कारण के होला ? चिनियाँ निर्माण कम्पनीका कारण मेलम्ची खानेपानीको जुन हविगत भएको थियो त्यसलाई बिर्सिन सकिँदैन। नेपालका राष्ट्रवादीहरुलाई पनि ठम्याउन गाह्रो छ। नेपालको ममता होइन विदेशको ममताले यस्ता राष्ट्रवादीहरु भरिएका छन्। चिनियाँ कम्पनी सीजीजीसीले नेपालको चमेलिया जलविद्युत् आयोजना २०६३ सालदेखि बनाउन शुरु गरेर हालसम्म पूरा गरेको छैन। २ अर्ब ८८ करोड रुपियाँमा ठेक्का लिएर चमेलियाको काम थालेको उसले ६ अर्ब रुपियाँ भुक्तानी लगिसक्दा पनि आयोजना अधुरै छ। विद्युत् प्राधिकरणसित भुक्तानी लिँदा उसले १ अर्ब रुपियाँभन्दा बढीको नक्कली भ्याटबिल आफैंले बनाएको कुरा सरकारबाट पनि प्रमाणित भइसकेको छ। सीजीजीसीले आन्तरिक राजस्व विभागको यस निर्णयविपरीत ३५ करोड रुपियाँ धरौटी राखी राजस्व न्यायाधीकरणमा पुनरावेदनको लागि निवेदन पनि दिएको छ।

ईपीसीएफ मोडलअनुसार सीजीजीसीले आयोजनाको सम्पूर्ण लागत जुटाइदिने र आफैंले निर्माण गरिदिने हो तर त्योअनुसारले काम भइरहेको छैन। सीजीजीसीले माथिल्लो त्रिशूली थ्री ए पनि ईपीसी माडेलमा निर्माण गरिरहेको छ। ईपीसी मोडलमा ठेक्का पाएर पनि यसको लागत सम्झौताभन्दा बढी भइसकेको छ। यो मोडलअनुसार यसको ठेक्का ८ करोड ९० लाख अमेरिकी डलरमा भएको थियो। पटक-पटक म्याद थप गरिएको माथिल्लो त्रिशूली थ्री ए ले गत असार १६ मा विद्युत् उत्पादन शुरु गरिसक्नुपर्ने थियो। १० अर्ब रुपियाँभन्दा बढी भुक्तानी लागिसक्दा पनि आयोजना निश्चित हुनसकेको छैन। नेपालको जलविद्युत्मा हात हालेर समयमै र निर्धारित लागतमा आयोजना सम्भव हुन नसकेको भनेर सीजीजीसी आलोचित हुँदै आएको छ तर चीनको नाम सुन्नेबितिकै त्यसमा लाभ मात्रै हेर्ने तथा भारतको नाम सुन्दा त्यसमा हानी-नोक्सानी मात्रै हेर्न नेपालका वामपन्थी एवं राजावादीहरु मनोगत विश्लेषण एवं पूर्वाग्राही सोचाइका कारण देशको ठूलो क्षति भइरहेको छ। तर 'राष्ट्रवादको' कपीराइट आफूमा सुरक्षित रहेको दाबी गर्दै आएका उपरोक्त खोक्रो एवं पाखण्डी राष्ट्रवादीहरुका कारण देशको ठूलो क्षति भइरहेको छ। देशमा पटक-पटक विवादित भइसकेको एवं नेपालको अहित गरिरहेको तथा गरिसकेको चिनियाँ कम्पनीलाई ठेक्का दिनुको अर्थ बुझिएन।

## पाठक पत्र

### कुरा राष्ट्रियता र धर्म-संस्कृतिको

भारतका हिन्दु राज्यहरुलाई अंग्रेजले तहसनहस गरेर भारतलाई मुसलमानकरण र त्यसपछि इसाईकरण गर्न सक्दो प्रयास गरे तापनि भारतवर्षका कतिपय जनताले हिन्दु संस्कार र मान्यता छोड्न सकेका थिएनन्। त्यसको फल अहिले हिन्दुवादी राष्ट्रवादी पार्टी भारतीय जनता पार्टी (भाजपा) ले प्राप्त गरेको छ। अब त्यसलाई उसले बचाउन सक्नुपर्छ। त्यसका लागि नरेन्द्र मोदीको सरकारले विश्वको एक मात्र हिन्दु अधिराज्य नेपाललाई नमुनाको रूपमा प्रस्तुत गर्न प्रस्ताव गर्न सक्नुपर्छ।

कांग्रेस (आई) की सोनिया गान्धी र भारतीय गुप्तचर संस्था 'रअ' ले नेपाल ध्वस्त पार्न अनेकौं चलखेल गरेको थियो। सोनियाँ गान्धी क्याथोलिक, र नेपालस्थित भारतीय दूतावासका भारतीय गुप्तचर संस्था 'रअ' का प्रमुख पी हर्मिज पनि क्याथोलिक भएको र माओवादी नेता बाबुराम भट्टराई पनि क्याथोलिक भएकाले नेपाललाई इसाईकरण गर्न जरुरी ठानेर नेपालका माओवादीलाई आफ्नो पकडमा लिइसकेको थियो। माओवादीभित्र प्रचण्ड, बाबुराम भट्टराईलगायत अधिकांश इसाई भएकाले उसले माओवादीलाई विश्वासमा लिन सजिलो पनि भयो। त्यस्तै राजेन्द्र महतो, महन्त ठाकुरजस्ता भारतीय पक्षधरहरु र केही तराईका विजय गच्छेदारजस्तालाई हातमा लिएर तराईबाट नेपाल टुक्र्याएर कब्जा गर्ने षड्यन्त्र रचेको थियो।

त्यसको साथै नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला, एमालेका नेता माधव नेपालसँग पहिलादेखिकै उठबस रहेका कारणले कांग्रेस र एमालेलाई खेलाउन पनि भारतको सत्तामा हावी भएको अतिक्रमणकारी तत्त्वलाई कुनै अप्ठ्यारो भएन। त्यसै हिसाबले 'रअ' को सक्रियतामा नेपालका पार्टीका नेताहरुलाई फसाएर नेपालविरुद्ध धावा बोल्न २०६२ मंसिरमा १२ बुँदे सहमति गरेर प्रारम्भ गरिएको नेपालविरुद्धको जनआन्दोलन थियो।

अव नरेन्द्र मोदी र भारतीय जनता पार्टीले सोनिया गान्धीको नेपालविरोधी नीतिलाई निरन्तरता दिनुहुँदैन। यहींनिर सम्बन्ध सुधारको कडी अड्किएको छ। मोदी सरकारले यो यथार्थ बुझेर नेपाल टुक्र्याउने पूर्वसरकारको चिन्तनलाई चिर्नुपर्छ, अन्यथा भारतले एसियामा आफैं युद्ध निम्त्याएर आत्मघाती बाटो लिएको ठहर्नेछ। हिन्दुवादी पार्टी (भाजपा) की नेतृ सुष्मा स्वराजले नेपालको हिन्दु अधिराज्य र हिन्दु राजाको बारेमा कुरा उठाएको सुनिएन। उनले नेपाल भ्रमणको बेला लिपुलेक बारेमा एक शब्द पनि नबोली लिपुलेक भारतकै भूमि हो जस्तो गरिन्। यसले भारतीय जनता पार्टीले पनि नेपालको सार्वभौमसत्ताको सम्मान गर्न नखोजेको पो हो कि भन्ने आशंका जाग्छ।

नेपालका अपरिपक्व नेताहरुको पक्षमा भाजपा लाग्नुभनेको भाजपाले हिन्दुत्वमाथि आक्रमण नीति लिएर आत्मघाती काम गरेको ठहरिनेछ। कांग्रेस (आई) को पालामा हिन्दु अधिराज्य नेपाललाई विस्थापित गर्न धर्मनिरपेक्ष र राष्ट्रिय एकताको प्रतीकको रूपमा स्थापित राजसंस्थाको सट्टामा गणतन्त्र घोषणा गराउन नेपालकै कांग्रेस, एमाले, माओवादी पार्टीका केही नेताहरुलाई हात लिएर अगाडि सारेको थियो। हिन्दुत्वको आडमा २०७१ सालदेखि भारतीय जनता पार्टी सत्तामा आएकाले भाजपाले आफ्नो प्रतिष्ठाका लागि पनि कांग्रेस (आई) को नेपाल नीतिविरुद्ध संवैधानिक राजतन्त्र र हिन्दु अधिराज्यको पक्षमा बोल्नेछ भन्ने जुन विश्वास थियो त्यसमा भाजपा चुकेको छ।

नेपालका तीन महान विशेषता छन्- १. नेपाल संसारको पौराणिक देवभूमिको स्थलको रूपमा, २. विश्वको हिन्दु अधिराज्यको रूपमा, ३. संसारको पुरानो सार्वभौमसम्पन्न राष्ट्रको रूपमा। यस तथ्यलाई अंगीकार गरेर विश्वको एकमात्र हिन्दु अधिराज्य कायम राख्न हिन्दुवादी भारतीय जनता पार्टीले विश्वका हिन्दुको प्रतिष्ठा र अधिकारका लागि आफ्नो कटिबद्धता देखाउनसक्नुपर्छ। हिन्दु अधिराज्य र हिन्दु सम्राटको रूपमा नेपालको राजसंस्थाको वकालत गर्नु विश्वका हिन्दुको सरोकारको विषय भएकाले यसमा भारतले नेपालको आन्तरिक मामिलामा हात हालेको ठहर्दैन। हिजो कांग्रेस आईले नेपालको आन्तरिक मामिलामा हात हालेको जस्तो यसको अर्थ लाग्नेछैन। कांग्रेस आईले भत्काउने षड्यन्त्र गऱ्यो भने भाजपाले जोड्ने कर्म गर्नुपर्छ।

*- दीर्घराज प्रसाईं, अनामनगर, काठमाडौं*

### दुई नम्बरको चुनावमा खुट्टा नकमाइयोस्

पहिलो चरणको स्थानीय निर्वाचन र दोस्रो चरणको स्थानीय निर्वाचनबाट पाठ सिकेर सरकारले २ नम्बर प्रदेशको पनि निर्वाचन गर्न विलम्ब गर्नु हुँदैन। यो विषयमा सरकार गम्भीर हुनुपर्छ। स्थानीय तहको निर्वाचन एकै चरणमा गरेर प्रदेश र संघको पनि चाँडै सक्नुपर्ने बेलामा स्थानीय तहकै चुनावमा अल्झेर संविधान संकटमा पार्नुहुँदैन। दुई/चार जना दलालले पैसाका गुण्डा र भाडाका मान्छे लगाएर चुनाव विथोल्न खोज्छन भने त्यस्तालाई छिटोभन्दा छिटो कारबाही गर्नुपर्छ। मधेसी जनताको चाहना र इच्छा अनि मतदानको अधिकार खोस्ने कसैलाई अधिकार छैन। यो विषयमा सरकार गम्भीर होस्।

निर्वाचन रोक्न खोज्नेहरु संविधानविरोधी हुन। यी देशद्रोही हुन्। जनतालाई गोली ठोक्दै तर्साउँदै हिँड्नेलाई राज्यले त्यसै छोड्नुहुँदैन। यहाँ लोकतन्त्र नै धरापमा पार्ने खेल भइरहेको छ। यो विषयमा पनि प्रधानमन्त्री देउवाको ध्यान जान जरुरी छ। मधेसलाई अलग बनाउन लाग्ने द्रोहीको जस्तो पारा विप्लवले पनि देखाउन हुँदैन। अब त्यस्तो अवस्था छैन। तपाईंहरु पनि जनमतको कदर गर्नूस्। जनता मार्ने खेल बन्द गर्नूस्। नयाँ शिराबाट राजनीतिक इतिहास शुरु गर्नूस्। मेरो सुझाव र शुभकामना रहनेछ। नत्र तपाईंहरु पनि देशद्रोहीको सूचीमा अर्को नम्बरमा पर्नुहुनेछ। यो विषयमा तपाईंहरु पनि सोच्नूस्। देशको गम्भीर परिस्थितिलाई बुझेर जनमतको कदर गर्न म आग्रह गर्दछु। त्यसै गरी अन्य सबै निर्वाचनविरोधीको भूमिकामा रहनुभएका दल तथा त्यस्ता संगठनले पनि एकपटक देशका बारेमा सोच्न जरुरी छ।

*- रोविन श्रेष्ठ, ललितपुर*

### भिजिट भिसा अब खोल्ने कि ?

नेपाल सरकारले भिजिट भिसामा विदेश जान स्वीकृत नदिन गरेको निर्णय खोल्न जरुरी छ। लाखौं नेपालीलाई पीडा दिएको यो निर्णय सच्याउन जरुरी देखिएको छ। विदेशी कम्पनीले नेपालमा प्रायः निःशुल्क भिसा दिने गर्दछ, कतिपयको लागत एकदम न्यून छ। उल्टै कम्पनीहरुले म्यानपावरलाई कामदार उपलब्ध गराएबापत रकम दिने पनि व्यवस्था भएको हुन्छ।

भिजिट भिसाबाट सरकारलाई कुनै फाइदा छैन तर पनि माफिया र म्यानपावर दलालीको मिलेमतो अनि सरकारी कर्मचारीको अनैतिक गतिविधिका कारण पैसामा बिकेर यसो भएको हो। यो कुरा जो-कोही विदेशिन विवश नेपालीले बुझ्न सक्छन्। यस्तो निर्णय तुरुन्त फिर्ता गर्न हामीले आग्रह गरेका छौं। यो विषयमा सरकारी निकाय अलि जिम्मेवार हुनु जरुरी छ।

*- सम्झना खनाल, दोहा, कतार*

## सामाजिक सञ्जाल



विशेष अदालतले चूडामणि शर्मासँग ३ अर्ब धरौटी मागेछ। उनलाई यति धरौटी जम्मा गर्न कति घण्टा, दिन वा महिना लाग्ला ?

**Mani Dahal**
**@maninagarik**



संसारमा केही कुरा पूर्ण छैन। पूर्ण नहुनु नै त्यो कुराको सुन्दरता हो। केही अधुरोपनाले नै पूरा हुने बाटो देखाउँछ। मान्छे अलिकति खालि हुनैपर्छ।

**Subin Bhattarai**
**@subinbhattarai1**



तिमी मेरो कलमको मसी बनेर आऊ।

म तिमिलाई जिन्दगीको हरेक पन्नामा उतार्न चाहन्छु।

**Sabita Dhimal**
**@SabitaDhimal**

नाटकको सन्देशलाई घरघरमा पुऱ्याउनुपर्ने र लागूऔषध दुर्व्यसनीविरुद्ध परिवारबाटै अग्रसरता शुरु गर्न कार्यक्रमको संयोजन गरेको हो' -स्थानीय महिला नेतृसमेत रहनुभएका पुचःका निर्वतमान अध्यक्ष हसिना शाक्यले भन्नुभयो।





## पूर्वप्रधानमन्त्री नेपाल म्यान्मारतर्फ

काठमाडौं, (नेस)

नेकपा (एमाले)का नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल शनिबार म्यान्मार प्रस्थान गर्नुभएको छ।

शान्तिका लागि अन्तर्राष्ट्रिय संसदीय संगठनको निमन्त्रणामा उहाँ त्यसतर्फ प्रस्थान गर्नुभएको जनाइएको छ।

सो संगठनले सोमबार आयोजना गर्ने 'अन्तर्राष्ट्रिय सभा' लाई पूर्वप्रधानमन्त्री नेपालले विशिष्ट वक्ताका रूपमा सम्बोधन गर्नुहुने बताइएको छ।

करिब एक साता लामो भ्रमणका क्रममा उहाँले म्यान्मारकी नेत्री आङसाङ सुकीलगायतका नेताहरूसँग भेटघाट गर्नुहुने बताइएको छ।

## शाक्यलाई पुरस्कार

ललितपुर, (नेस)

यस वर्षको धर्मादित्य धर्माचार्य सिरपा (पुरस्कार) पत्रकार प्रज्वल शाक्यलाई प्रदान गरियो।

नेपाल भाषाको पहिलो पत्रकार, साहित्यकारसमेत रहनुभएका साहित्यमार्फत् नेपाल भाषाको साहित्यलाई समृद्ध पार्न योगदान पुऱ्याउनुभएका भिक्षुणी माधवी, भिक्षुणी कुसुमलाई सम्मान गरिएको थियो। त्यसै गरी समाजसेवी एवम् उद्यमी मोतिलाल शिल्पकारलाई सम्मान गरिएको थियो। सो सभामा



धर्माचार्यका नाउँमा मा भाय् पुचःले सो पुरस्कार स्थापना गरेको हो। नेपाल भाषाको रंगिन साप्ताहिक तिकिभ्र्यामा आबद्ध रहनुभएका पत्रकार शाक्यलाई वरिष्ठ संस्कृतिविद् एवं शताब्दी पुरुष सत्यमोहन जोशीले दोसल्ला ओढाइ प्रमाणपत्र र नगद राशि प्रदान गर्नुभयो। सो पुरस्कारको नगद राशि १० हजार रुपियाँ रहेको छ।

सोही अवसरमा बौद्ध पुचःका अध्यक्ष हेरारत्न शाक्यले संविधानले नै नेपालमा बोलिने सबै भाषाहरू राष्ट्रभाषा भनिसकेको सन्दर्भमा त्यसको विकासका लागि राज्य गम्भीर हुनुपर्ने बताउनुभयो।

सो अवसरमा पुरस्कारका संयोजक डा. पुष्पराज राजकर्णिकारले पुरस्कारको राशि बढाउने प्रतिबद्धता व्यक्त गर्दै धर्मादित्य धर्माचार्यलाई राज्यले सम्मान गर्नुपर्नेमा जोड दिनुभयो।

# दुर्व्यसनीविरुद्ध सचेतना

नेपाल समाचारपत्र

काठमाडौं



लागूऔषध दुर्व्यसनीविरुद्धको सचेतना अभियानलाई पछिल्लोपटक ललितपुरमा स्थानीय महिला समूहहरूले निरन्तरता दिन थालेको पाइएको छ।

लागूऔषध दुर्व्यसनको समस्या समाधान गर्न प्रहरी प्रशासनसँगै समुदायको सचेतना र अग्रसरता पनि उतिकै आवश्यक रहेको आत्मसात गर्दै अभियानलाई निरन्तरता दिन थालिएको हो। शनिबार मणिमण्डप मिसा पुचः (महिला समूह)ले स्थानीय पटकोमा लागूऔषधविरुद्ध शनिबार सडक नाटकको आयोजना गरेको थियो।

महानगरीय प्रहरी प्रभाग मंगलबजारले राष्ट्रिय युवा महासंघ नेपाल ललितपुरको शाखाको सहयोगमा सञ्चालन भइरहेको सडक नाटकलाई यस पटक पुचःले संयोजन गरेको हो। 'तीन महिनाअघि यो नाटक हेर्दा म ज्यादै प्रभावित भएँ। नाटकको सन्देशलाई घरघरमा पुऱ्याउनुपर्ने र लागूऔषध दुर्व्यसनीविरुद्ध परिवारबाटै अग्रसरता शुरू गर्न कार्यक्रमको संयोजन गरेको हो' -स्थानीय महिला नेतृसमेत रहनुभएका पुचःका निर्वतमान अध्यक्ष हसिना शाक्यले भन्नुभयो।

पछिल्लो पटक ललितपुरका विभिन्न स्थानमा लागूऔषध सेवनकर्ताहरू भेटिएको र तिनीहरू मध्येबाटै लागूऔषधको कारोबार गर्नेहरूलाई नियन्त्रणमा लिइएको अवस्थामा प्रहरीले महासंघसँग मिलेर लागूऔषध दुर्व्यसनविरुद्धको अभियान शुरुआत गरेको थियो। ललितपुरमा अहिले नियन्त्रणमा लिएका लागूऔषध दुर्व्यसनकर्ताभन्दा ठूलो संख्यामा लागूऔषध दुर्व्यसनकर्ताहरू समाजमा रहेको हुनसक्ने महानगरीय प्रहरी परिसर ललितपुरले जनाएको छ।

सचेतनामूलक कार्यक्रमहरू आ-आफ्नो टोलमा लैजान एक दर्जन संघसंस्थाहरूले कार्यक्रम आयोजना गर्ने प्रस्ताव राखेको महासंघका अध्यक्ष राजेश वज्राचार्यले बताउनुभयो। सडक नाटकमा युवायुवतीहरूले नृत्यसँगै लागूऔषधविरुद्ध घर परिवार सक्रिय हुनुपर्ने, यसमा प्रहरीको साथ लिन सकिने सन्देश प्रवाह हुने नाटक देखाइएको थियो। नाटक हेर्न युवायुवतीहरूसँगै विभिन्न महिला समूहको विशेष सहभागिता रहेको थियो।

सो अवसरमा महानगरीय प्रहरी प्रभाग मंगलबजारका प्रमुख एवम् प्रहरी निरीक्षक प्रकाश थापाले मनोरञ्जनसँगै सडक नाटकले उपयोगी सन्देश प्रवाह गरेको धारणा राख्दै आफ्ना सन्तानहरू कुलतमा फस्न सक्ने, फसेमा प्रहरीसँग आवश्यक समन्वय गरेर सुधार गृहमा लग्ने र लागू औषध कारोबार विरुद्ध समुदायको भूमिका महत्व हुने बताउनुभयो। उहाँले युवाहरू मार्फत लागू औषध दुर्व्यसनी विरुद्ध अभियान थालनी हुनु सकारात्मक रहेको बताउँदै यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा ललितपुर महानगरपालिका वडा नं १६ का अध्यक्ष निर्मलरत्न शाक्यले अपराध, सामाजिक विकृति विसंगति, घर परिवार तहसनहस हुनुको महत्वपूर्ण कारण रहेकोले यसका विरुद्ध सबै एकजुट भएर लाग्नुपर्ने खाँचो औंल्याउँदै यस्ता कार्यमा वडा कार्यालयको सदैव साथ, सहयोग रहने बताउनुभयो।

प्रहरी प्रभाग मंगलबजारको भवन निर्माण समितिका अध्यक्ष अजरमान जोशी, दिलेन्द्ररत्न शाक्य, आदिवासी महिला समूहका अध्यक्ष प्रेरणा वज्राचार्य र समाजसेवी मोतिशान्ति शाक्यको समेत उपस्थिति रहेको थियो।

## केन्द्रको भवन उद्घाटन

ललितपुर, (नेस)

महानगरीय प्रहरी कार्यालय, रानीपोखरीका निमित्त प्रहरी आयुक्त प्रहरी नायब महानिरीक्षक बमबहादुर भण्डारीले महानगरीय प्रहरी वृत्त, चापागाउँमा नवनिर्मित महिला तथा बालबालिका सेवा केन्द्रको भवन शनिबार आयोजित एक समारोहबीच विधिवत उद्घाटन गर्नुभयो।

समारोहका प्रमुख अतिथि प्रहरी नायब महानिरीक्षक भण्डारीले भवन निर्माणमा सहयोग पुऱ्याउने विभिन्न संघसंस्था, स्थानीय नागरिकप्रति आभार प्रकट गर्दै प्रशंसापत्र तथा कदरपत्रसमेत प्रदान गर्नुभयो। उक्त अवसरमा प्रहरी नायब महानिरीक्षक भण्डारीले समाजको संवेदनशील वर्गका रूपमा रहेका महिला तथा बालबालिकासँग प्रहरीले गर्ने व्यवहार विशेष प्रकृतिको हुनुपर्दछ भन्दै उनीहरूको संवैधानिक तथा कानूनप्रदत्त हक अधिकारहरू संरक्षण र सम्वर्द्धन गर्नका लागि कुनै कसुर बाँकी नराख्ने प्रतिवद्धता जनाउनुभयो।

समारोहमा गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन, उपमेयर मुना अधिकारी कुँवर, कोन्ज्योसोम गाउँपालिकाका अध्यक्ष गोपीनाथ स्याङ्तानलगायतका स्थानीय जनप्रतिनिधिहरू, महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक ठुले राई, होम नेट नेपाल, ऐक्सन एड नेपालका प्रतिनिधिलगायतका वक्ताहरूले मन्तव्य दिँदै महिला तथा बालबालिकाले सवैको सामुन्ने आफ्ना समस्या राख्न नसकिरहेको अवस्थामा नव निर्मित भवनबाट प्रदान गरिने सेवा प्रभावकारी र महिला तथा बालमैत्री हुने अपेक्षा गरेको बताउनुभयो।

होम नेट नेपाल, एक्सन एड नेपाल, स्थानीय संघसंस्था तथा समाजसेवीको आर्थिक तथा जिन्सी सहयोगमा कूल २५ लाख ६४ हजार १ सय ३५ रुपियाँको लागतमा उक्त भवनको निर्माण कार्य सम्पन्न भएको थियो।

## मृत अवस्थामा फेला

काठमाडौं, (नेस)

चन्द्रागिरी नगरपालिका-४ नाटोखेल लिगलिके पाखा सामुदायिक वनमा हाल नाम, थर, वतन नखुलेकी करिब ३० वर्षीया महिलाको सडेगलेको अवस्थामा शुक्रबार शव फेला परेको छ। त्यसै गरी जनकपुर उपमहानगरपालिका-१४ मुसहरी टोल पछाडि रहेको पोखरीको डिलमा हाल नाम, थर, वतन नखुलेका करिब ३५ वर्षीय पुरुष शनिबार मृत अवस्थामा फेला परेका छन्। घटनाका सम्बन्धमा स्थानीय प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## संक्षेप

### बोधिचित्तको दानासहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-२६ ठमेल मन्डेला स्ट्रेटस्थित रिसोर्ट होटलको पाँचौ तलामा असार २ गतेदेखि बस्दै आएका चाइनिज नागरिक उई वाङलाई बिना इजाजत राखेको ४८.५ केजी बोधिचित्तको दानासहित शुक्रबार प्रहरीले पक्राउ गरेको छ। वन इजाजत बोधिचित्तहरूको ब्यापार गर्दै आएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरीवृत्त लैनचौरबाट खटी गएको प्रहरीले उक्त होटलको कोठामा खानतलासी गर्दा प्लास्टिकको बोरामा लुकाइछिपाइ राखेको अवस्थामा उक्त सामान बरामद गरी उनलाई नियन्त्रणमा लिएको हो।

### घरको तलाबाट खसेर ज्यान गयो

काठमाडौं, (नेस)

आफ्नै घरको दोस्रो तलाको बरण्डाबाट जमिनमा खस्दा काठमाडौं महानगरपालिका-१५ विजेश्वरी बस्ने ७३ वर्षीय लालबहादुर पाण्डेको शनिबार घटनास्थलमै मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

### बेहोस भएर मृत्यु

काठमाडौं, (नेस)

आफ्नै घरमा शनिबार अचानक बेहोस भएकी काठमाडौं महानगरपालिका-३ बालुवाटार बस्ने ३५ वर्षीया निली डोल्मा शेर्पाको शिक्षण अस्पताल महाराजगन्जमा उपचारको क्रममा मृत्यु भएको छ। त्यसै गरी कैलाश मानसरोवर दर्शन गरी फर्कने क्रममा हुम्ला, नाम्खा गाउँपालिका-३ हिल्सा बजार आइपुग्दा अचानक बेहोस भएर भारत कर्नाटक ब्याङ्लोरका नान्जुन्ड स्वामी सत्या नारायण सेट्टीको मृत्यु भएको छ।

### करेन्ट लागेर मृत्यु

ललितपुर, (नेस)

आफ्नै घरमा फलामको पिलासले बिजुलीको तार काट्ने क्रममा शुक्रबार अचानक करेन्ट लाग्दा गोदावरी नगरपालिका-६, लप्से बस्ने २७ वर्षीया सरु न्यासुरको घट्नास्थलमै मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

**National Sports Council**
Tripureshwor, Kathmandu
Contract Identification No: NCB/works 35-314/073/074-005

**Invitation for Bid**

**Date of publication: July-02-2017 (18th Aasadh 2074)**

Source of Funds: Government of Nepal (GoN Funded)

1. **National Sports Council, Tripureshwor, Kathmandu** invites sealed bid **submitted manually.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **National Sports Council, Tripureshwor, Kathmandu, Tel. No.: 01-4261219.**
3. A complete set of Bidding Documents may be purchased from the above office of by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Tax Clearance Certificate of Fiscal **Year 072/073,** Self Declaration, Power of Attorney with valid notary Stamp with deposited slip of Bank Voucher of **NRs. 3000.00 (Three Thousand Only)**
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Agricultural Development Bank, Tripureshwor Branch
   **Name of Office:** National Sports Council
   **Office Account no.:** 0210600199238019 (030730)
   **Information to deposit the cost of Bank Guarantee (Bid-Bond):**
   **Name of the Bank:** Agricultural Development Bank, Tripureshwor Branch
   **Office Account no.:** 0210600199240013 (030752)
4. Bid must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.
6. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No | Description of Work | Estimated Amount (without VAT) | Bid Security Amount | Last Date of Bid Purchase | Last Date of bid Submission | Bid-opening Date |
|---|---|---|---|---|---|---|
| NCB/works 35-314/073/074-005 | Dismantle of Dashrath Stadium Earthquake damaged parts of General Parapet at NSC, Tripureswor, Ktm | NRs. 36,68,026.74 | NRs. 1,00,000.00 | July 31, 2017 (within office hour) | August 1, 2017 (12:00 noon) | August 1, 2017 (13:00) |

## सिनेमा कर्नर

TODAY'S MOVIES

Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Tubelight
तारेभिर
कमीना
लाल्टिन
Karkhana
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पढाइ, जागिर, मुद्दामामिलामा विजय, धनलाभ, मान-सम्मान।
**वृष** : कार्य सिद्धि, सुखसन्तोष, पढाइमा सफलता, पैसा प्राप्ति, विजय।
**मिथुन** : दिनचर्या अस्तव्यस्त, पारिवारिक झमेला, मध्याह्नदेखि कार्यसिद्धि।
**कर्कट** : द्रव्यलाभ, प्रगति तर दिउँसोबाट अस्वस्थता, तनाव बढ्ने।
**सिंह** : धनलाभ, उपहार, कोसेली, खाद्यसामग्री प्राप्त, कार्य सफल।
**कन्या** : काम बन्ने, धनलाभ, व्यापारिक सफलता, परीक्षामा सफलता।
**तुला** : शुरुमा विवाद, खर्च भए पनि मध्याह्नदेखि लाभ, सुख-शान्ति।
**वृश्चिक** : द्रव्यलाभ, मिष्ठान्न भोजन, सुख तर मध्याह्नबाट राम्रो छैन।
**धनु** : समय शुभ छ, आँटेको काम पूरा हुने, धनलाभ, विद्याप्राप्ति।
**मकर** : राजनीतिमा सफलता, बोलीमा सफलता, कार्यसिद्धि, सुख-सन्तोष।
**कुम्भ** : मध्याह्नसम्म असफलता, त्यसपछि मान-सम्मान, राजनीतिक लाभ।
**मीन** : मान-सम्मान, धनलाभ, समस्या सुल्झने तर मध्याह्नदेखि कष्ट।

# नेपाल

गत वर्षको तुलनामा यो वर्ष सवारी नियम उल्लंघन गर्नेको संख्या पनि बढेको छ। ट्राफिक नियम उल्लंघन गर्नेको संख्या शुक्रबारसम्म २६ हजार २ सय पुगेको छ। गत वर्ष ट्राफिक नियम उल्लंघन गर्नेको संख्या २३ हजार ६ सय थियो।

## सुरेल अगुवाको चिन्ता
# भाषा संरक्षण कसरी गर्ने

**चिरञ्जीवी मास्के, दोलखा**

७९ वर्ष पुगिन जुनकी सुरेल, भूकम्पले चर्किएको घरमा एक्लै बस्छिन्। तर उनलाई घरको भन्दा बढी आफ्नो भाषा लोप हुन लागेको चिन्ता छ। म त अस्ताउन लागेको घाम, घर नभए पनि चल्छ जुनकीले भनिन्- 'भाषा त हाम्रो पहिचान हो, यो लोप भयो भने हाम्रो जत्तिकै अस्थित्व समाप्त हुन्छ। थोरै जनसंख्या र दोलखा गौरीशंकर गाउँपालिका-५ सुरीको एकैठाँउमा बस्ती भएर पनि लोपोन्मुख सुरेल जातिका युवा युवती तथा केटाकेटीले आफ्नो भाषा बोल्न छोडेका छन्। लिपि त झन् निकै अघिदेखि लोप भइसकेको छ।' वृद्धवृद्धा र प्रौढहरूले अलिअलि आफ्नो भाषा बोल्ने गरेका छन्, युवायुवती र केटाकेटी त आफ्नो भाषा बोल्नुपर्दा सानो होइन्छ जस्तो ठान्छन्' -जुनकीले भनिन्।

२०६३ सालमा सुरेलहरूको अगुवा अविरे सुरेलको ८३ वर्षको उमेरमा मृत्यु भएपछि भाषा, संस्कार संस्कृति क्रमशः लोप हुँदै गएको सुरेल जातिको अध्येता स्थानीय मधुसूदन आचार्यले बताए। 'अविरे हुँदा भाषा, लिपि, संस्कार संस्कृति जगेर्नाका लागि पहल गरिरहन्थे', मधुसूदनले भने- 'अहिले त कसैले यसको विषयमा चासो नै दिँदैनन्।' सुरेलहरूको अगुवा स्वर्गीय अविरे सुरेलको श्रीमती ७८ वर्षीया हरिकुमारी सुरेल पनि आफ्नो भाषा लोप हुन लागेकोमा चिन्ता लागेको बताउँछिन्। 'खै अहिलेका युवा युवती र केटाकेटी आफ्नो भाषा बोल्नै रुचाउँदैनन्' -हरिकुमारीले भनिन्।

जुनकी सुरेलको नाति १६ वर्षीय नरेश सुरेल भने हजुरआमाको कुरासँग सहमत छैनन्। नरेशको भनाइमा युवायुवती तथा केटाकटीले मन नपराएर सुरेल भाषा नबोलेका हैनन्। अभिभावकहरूले घरमा पनि आफ्नो भाषा नभई नेपाली भाषा नै बोल्ने गरेकाले आफूहरूले सुरेल भाषा सिक्न नसकेको नरेशको भनाइ छ। 'घरमा कसैले पनि सुरेल भाषा बोल्दैनन्, सुरेल भाषाको लिपि र पाठ्यक्रम पनि छैन अनि कसरी हामीले आफ्नो भाषा सिक्न सक्छौं र' -नरेशले भने। नरेशको कुरामा सही थाप्दै ११ वर्षीया आशिका सुरेलले पनि घरमा अभिभावकहरूले आफ्नो भाषा नबोल्ने भएकाले आफूहरूले सिक्न नसकेको गुनासो गरिन्। 'आफ्नो भाषा जान्ने चाहना त छ नि', आशिकाले भनिन्- 'तर के गर्नु भाषा जान्नेहरूले बोल्दैनन् अनि हामीले कहाँबाट सिक्ने।'

सुरेल जाति उत्थान समाजका केन्द्रीय अध्यक्ष रमेश सुरेल भने अन्तरजातीय विवाहको कारण सुरेल भाषा क्रमशः लोप हुँदै गएको बताउँछन्। 'धेरै सुरेल युवाहरूले अर्को जातिको महिला विवाह गरेका छन्, केही सुरेल युवतीहरू पनि अर्को जातिको केटासँग विवाह गरेर गएका छन्', रमेशले भने- 'त्यसैले पनि सुरेल भाषा क्रमशः लोप हुँदै गएको हो।' भाषा र लिपि संरक्षणको लागि सुरेल भाषामा पाठ्यक्रम निर्माण गरी अध्यापन गराउनुपर्ने सुरेल जाति उत्थान समाजका केन्द्रीय अध्यक्ष रमेश सुरेल बताउँछन्। पछिल्लो तथ्यांकअनुसार १८ जना पुरुषले अन्य जातिको महिला विवाह गरेका छन् भने १७ जना महिला अन्य जातिको पुरुषसँग विवाह गरेर गएका छन्। सुरेलहरू किरात वंशको एक हाँगा हुन् भन्ने किंवदन्ती पाइन्छ। यिनीहरूको आफ्नै मातृभाषा, रीतिरिवाज र संस्कार संस्कृति रहेको छ। सुरेलले बोल्ने भाषा भोट बर्मेली परिवारमा पर्दछ।

सुरेलहरूको भाषा लोप हुँदै गए पनि संस्कार संस्कृति भने लोप भइनसकेको स्थानीय ७४ वर्षीया धनकुमारी सुरेल बताउँछिन्। 'हामीले हाम्रो संस्कार संस्कृतिको जर्गेना गर्ने र भाषाको संरक्षण गर्ने काममा चासो दिनुपर्छ' -धनकुमारीले भनिन्। नेपालको ९ लोपोन्मुख जातिमा पर्ने सुरलको जम्मा जनसंख्या २ सय ३७ रहेको छ। जसमा २० जना भारतको दार्जीलिङमा बस्दै आएको स्थानीयले बताएका छन्।



# जलजलामा फेरी बल्झियो केन्द्र विवाद

**दुर्गाप्रसाद शर्मा, पर्वत**

पर्वतको जलजला गाउँपालिकाको केन्द्र परिर्वतन गर्ने विषयमा फेरि विवाद बल्झिएको छ।

गाउँपालिकाका बहुमत सदस्यले केन्द्र परिर्वतनको माग गरेपछि केन्द्रको विवाद फेरि बल्झिएको हो। बहुमत सदस्यले माग गरेपछि शुक्रबारदेखि सोही विषयमा छलफलका लागि गाउँसभा शुरू भएको छ।

शुक्रबार शुरू भएको गाउँसभामा बहुमत सदस्यले केन्द्र परिर्वतनको निर्णय गर्न दबाब दिएका थिए भने अन्य सदस्यले विरोध गरेपछि आइतबारसम्मका लागि बैठक स्थगित गरिएको छ। जलजला गाउँपालिकामा रहेका ४९ जना गाउँसभा सदस्यमध्ये २७ जनाले केन्द्र परिवर्तन गर्नुपर्ने माग गरेका छन्। उनीहरूले जीपीएसबाट मध्यभागमा पर्ने स्थानमा नै केन्द्र तोक्न माग गरेका छन। जलजला गाउँपालिकाका ५, ६, ७, ८ र ९ का सबै निर्वाचित जनप्रतिनिधि र दुई जना गाउँ कार्यपालिका सदस्यसमेत केन्द्र परिर्वतको पक्षमा उभिएका छन्।

वडा नं ८ का वडा अध्यक्ष हरिविकास जिसीले केन्द्र परिर्वतनको निर्णय नभएसम्म गाउँसभा अघि नबढ्ने र बहुमतले केन्द्र परिवर्तन गर्न सक्ने भएका कारण निर्णय कार्यान्वयनको विकल्प नभएको बताए। 'बहुमतले गर्ने निर्णय कार्यान्वयनको विकल्प छैन', उनले भने- 'जीपीएसले मध्य भागमा देखाउने स्थानमा केन्द्र परिवर्तन गर्नका लागि हाम्रो सहमति छ।' जीपीएसले मध्यभाग खोज्दा साविक शालिजा गाविसको भोटेडाडाँमा केन्द्र रहने बताइन्छ।

तर पहिले नै कायम भएको केन्द्र परिर्वतन गर्न हुँदैन भन्ने पक्षमा बाँसखर्क र माझफाँटका बासिन्दा देखिएका छन्। वडा नं. १, २, ३, ४ का बासिन्दा कुनै पनि हालतमा माझफाँट नै केन्द्र बन्नुपर्ने अडानमा थिए। तर पछिल्लो समयमा उनीहरू माँझफाँट र मिलनचोकको बीचमा पर्ने भागमा केन्द्र सार्ने कुरामा लचक भएका छन्। त्यसको बीच भाग भनेको फड्के ढुंगा, सिद्धको थान हुन्छ। 'मिलनचोक र माझफाँटभन्दा दुवैको मध्यभागमा पर्ने स्थानमा केन्द्र सार्ने कुरामा हामी सहमत छौं', वडा नं ४ का अध्यक्ष भीष्म मल्लले भने- 'दुवै पक्षले आफ्नो अडानमा केही लचकता अपनाउने हो भने सहमति कायम हुन सक्छ।'

जलजला गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्ल सबै पक्षलाई सहमतिमा ल्याएर केन्द्र तोक्ने प्रयास भइरहेको बताउँछन। 'सबै पक्षलाई सहज हुने र सबैले मान्ने खालको विकल्पका बारेमा छलफल भइरहेको छ', उनले भने- 'बहुमतको सम्मान हुन्छ तर सहमति नै सबैभन्दा उपयुक्त विकल्प हो।'

### मिलनचोकदेखि बारीबेनीसम्म

स्थानीय तह पुनर्संरचना आयोगले जलजलाको केन्द्र साविक माझफाँट गाविसको कार्यालयलाई तोकेपछि केन्द्र अपायक भएको भन्दै स्थानीय निर्वाचन अघि आन्दोलन भएको थियो। लेकफाँट, शालिजा, बनौ, धाइरिङ र नाङ्लीबाङका बासिन्दा केन्द्र परिवर्तनका लागि १२ दिनसम्म आन्दोलन गरेका थिए भने बाँसखर्क र माझफाँट गाविसका बासिन्दाले माझफाँट नै केन्द्र रहनुपर्ने भन्दै आन्दोलन गरेका थिए। तत्कालका लागि केन्द्र माझफाँट र सम्पर्क कार्यालय मोहनचोक राखेर विवादलाई मिलाइएको थियो।

तर स्थानीय निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिले ६ महिनाभित्र निर्णय गरेर केन्द्र परिर्वतन गर्न सक्ने अवस्था कानुनमा भएकाले मिलनचोकमा केन्द्र माग गरेका जनप्रतिनिधिले बहुमतसहित केन्द्र परिवर्तन गर्न माग गरेका छन्। जीपीएस अनुसार भोटेडाडाँमा केन्द्र रहँदा साविक शालिजा, लेकफाँट र बनौ गाविसका केही बासिन्दालाई भने सहज हुनेछ तर नाङ्लीबाङदेखि बाँसखर्कका बासिन्दालाई उक्त केन्द्र अपायक हुन्छ।

दुवै पक्षले हठ त्यागेर फड्के ढुंगा वा सिद्धको थानलाई बनाउँदा पनि केही सहज हुन्छ भने सबैभन्दा उत्तम विकल्प भनेको मिलनचोकदेखि वारी बेनीसम्मको भूभागलाई केन्द्र कायम गर्दा सबैलाई पायक हुने देखिन्छ। मिलनचोक केन्द्र कायम गर्न माग गर्ने पक्षले यस अघि यो विकल्पमा सहमति जनाएको थियो। त्यसैले यसको पक्षमा लबिङ गर्न आवश्यक भएको मध्यमार्गी जनप्रतिनिधिले बताएका छन्। आइतबार हुने गाउँसभा अघि यो विकल्पमा सहमति खोजेर निर्णयमा पुग्न दबाब दिनुपर्ने उनीहरूको धारणा छ।

# दुर्घटनामा यो वर्ष ६२ को मृत्यु

**नेपाल समाचारपत्र**
काभ्रे

जिल्लामा सवारी दुर्घटनाका कारणले मात्र यो वर्ष ६२ जनाको मृत्यु भएको छ। दुर्घटनामा परी १ सय १७ जना सख्त घाइते भएका छन्। सामान्य घाइते हुनेको संख्या सयौंमा छ। गत वर्ष काभ्रेमा सवारी दुर्घटनाका कारण २९ जनाले ज्यान गुमाएका थिए भने ९७ जना सख्त घाइते भएका थिए।

गत वर्षको तुलनामा यो वर्ष सवारी नियम उल्लंघन गर्नेको संख्या पनि बढेको छ। ट्राफिक नियम उल्लंघन गर्नेको संख्या शुक्रबारसम्म २६ हजार २ सय पुगेको छ। गत वर्ष ट्राफिक नियम उल्लंघन गर्नेको संख्या २३ हजार ९ सय थियो। ट्राफिक नियम उल्लंघन गर्नेलाई कारबाही प्रक्रिया बढाएसँगै यस वर्ष १ करोड ६५ लाख रुपियाँ राजस्व संकलन भएका जिल्ला ट्राफिक कार्यालय काभ्रेका प्रमुख प्रहरी निरीक्षक शेखरजंग मल्लले जानकारी दिनुभएको छ। गत वर्ष कारबाहीबाट १ करोड ८ लाख रुपियाँ संकलन भएको थियो।

जिल्लामा अरनिको र बीपी राजमार्गमा दैनिक सानाठूला ५ हजारभन्दा बढी सवारीसाधन गुड्ने गर्दछ। पछिल्लो समय काभ्रेमा ट्रिपरको संख्या धेरै रहेको छ। साथै, अन्य शाखा सडकहरू मात्र हैन ग्रामीण सहकहरूमा पनि प्रशस्त यातायात गुड्ने काभ्रेमा दुर्घटनाको संख्या बढेका कारण वर्षेनी अकालमा ज्यान गुमाउनेको संख्या बढेको देखिन्छ। दुर्घटना बढ्नुको मुख्य कारण भने चालकको लापरबाही नै रहेको औंल्याइएको छ।

जिल्लाको व्यापारिक केन्द्र बनेपा र जिल्ला सदरमुकाम धुलिखेलमा मात्र बढी क्रियाशील रहेका ट्राफिक प्रहरीले पछिल्लो समय भकुण्डे, पनौती, पाँचखाल, दोलालघाट, खावा, मंगलटारलगायत ग्रामीण इलाकाका शहरहरूमा पनि सक्रियता बढाउन थालेको छ। सीमित दरबन्दीका कारण ट्राफिक प्रहरीले अत्यावश्यक ठाउँबाहेक अन्यमा ट्राफिक प्रहरी परिचालन हुन सकेका छैनन्। जिल्लामो २१ जना ट्राफिक प्रहरीको मात्र दरबन्दी छ। हाल काजमा आएका समेत गरी जम्मा २५ जना ट्राफिक प्रहरी जिल्लमा कार्यरत छन्।

दुर्घटनामा ठूलो जनधनको क्षति ग्रामीण इलाकामा भएको देखिन्छ। गत श्रावण ३१ गते कोसीपारिमा भएको एउटा बस दुर्घटनामा २७ जनाको मृत्यु भएको थियो भने ४० जना घाइते भएका थिए। काभ्रे जिल्लामा १ सय ३२ किलोमिटर कालोपत्रे गरिएको सडक छ भने १ सय २८ किलोमिटर ग्राभेल गरिएको सडक छ। जिल्लामा कच्ची सडक ५ सय ५ किलोमिटर रहेको ट्राफिक प्रहरीको रेकर्ड रहेको छ।

बढ्दो सवारी चाप र दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीको संख्या थप गर्नुपर्ने र सवारी चालकमाथि ट्राफिक नियम कडाइका साथ लागू गराउनुपर्ने देखिन्छ। काभ्रेमा न्यूनतम पनि ५० जना ट्राफिक प्रहरीको आवश्यक्ता रहेको बताइएको छ। बढ्दो सवारी दुर्घटना न्यूनीकरणबारे ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक मल्ल भन्नुहुन्छ- 'ट्राफिक नियमको पालना नगर्नु, सवारीसाधनको प्राविधिक चेकजाँच नियमित नहुनु, चालकले लापरबाही गरी सवारीसाधन चलाउनु र यात्रुहरूको बढ्दो चापलाई व्यवस्थापन ध्यान दिनु जरुरी छ। ग्रामीण क्षेत्रहरूमा हुने दुर्घटनामा यात्रु बस चालक, बस सेवा समिति र सिन्डिकेट प्रथासमेत दोषी देखिन आउने प्रहरी निरीक्षक मल्ल बताउनुहुन्छ। अहिले भइरहेको सवारी ऐन र ट्राफिक ऐनलाई मात्रै व्यवस्थित तरिकाले कार्यान्वयन गर्न सकेमा मात्र पनि दुर्घटना न्यूनीकरण गर्न सकिने उहाँको भनाइ थियो।

# डाक्टरलाई कारबाही माग

हेटौंडा, (नेस) । सुनौलो शिक्षा नेपाल मकवानपुरले हेटौंडा अस्पतालका एक डाक्टरलाई कारबाही माग गरेको छ। रेडियोलोजिस्ट डाक्टर सुमित शाह ड्युटीको समयमा अस्पतालमा नभई प्राइभेट क्लिनिकमा भेटिने गरेको भन्दै कारबाही माग गरिएको हो।

संस्थाले मकवानपुरका प्रमुख जिल्ला अधिकारी नारायण शर्मा दुवाडी र हेटौंडा उपमहानगरपालिका मेयर हरिबहादुर महतलाई ज्ञापनपत्र बुझाएको छ। संस्था अध्यक्ष रामप्रसाद पण्डितले ज्ञापनपत्र बुझाउँदै जनताको करबाट तलब लिने तर जनतालाई सेवा नगरी कार्यालय समयभन्दा १ घण्टापछि अस्पताल पुग्ने र पूरा समय अस्पताल नबसी विभिन्न मेडिकलमा भेटिने डाक्टरलाई कारबाही माग गरे। डाक्टर शाहको यस्ता कार्यले बिरामीले समयमा उपचार नपाई अन्य अस्पताल धाउनुपरेकाले यस्तो कार्य रोकी शाहलाई कारबाही माग गरिएको अध्यक्ष पण्डितले बताए।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३५५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर (गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१९८० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१९१२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असार
आइतबार
१८

{ जिल्ला शिक्षा कार्यालयले गर्ने काम कारबाहीको विषयमा स्थानीय तहका कर्मचारीले पूर्णरूपमा कार्यान्वयन नगरेसम्म जिल्ला शिक्षा कार्यालयको कामलाई सहजीकरण गर्ने कार्यालयको रूपमा लिइएको छ।

# नेपाल

# जग्गा बाँझो राख्न पाइँदैन : *नवनिर्वाचित मेयर*

नेपाल समाचारपत्र

बाजुरा

बाजुराको बडिमालिका नगरपालिका नवनिर्वाचित नगरप्रमुख पदम बडुवालले अब बडिमालिका नगर क्षेत्रको कुनै पनि खेतीयोग्य जमिन बाँझो नरहने बताउनुभएको छ। 'हामी जहिले पनि परनिर्भर रहन्छौं तर, आफ्नो जमिन बाँझो राख्छौं। जमिन बाँझो राख्दा गरीबी झन् बढ्ने भएकाले समृद्ध बडिमालिकाका नागरिकलाई आत्मनिर्भर बनाउन पहिलो आधुनिक खेती प्राणालीको विकास गरिनेछ।' -उहाँको भनाइ थियो। शुक्रबार साँझ नागरिकका नाममा मुख्य निर्वाचन अधिकृतबाट शपथ लिएर बडिमालिका नगरपालिका मेयर पदको पदभारण ग्रहणपछि पत्रकार भेटघाट कार्यक्रममा उहाँले सो धारणा राख्नुभएको हो।



'हामीसँग पर्याप्त मात्रामा जल, जमिन र जंगल छ। कहाँ के फल्छ? हामी सबैलाई थाहा छ। त्यसलाई परिमार्जित रुपमा व्यावसायिक खेती गर्न मात्र समस्या छ। असिञ्चित ठाउँमा सिँचाइको व्यवस्था, बिउ नपुगेको ठाउँमा बिउको व्यवस्था र दक्ष जनशक्ति नपुगे कृषकको खेतबारीमै अनुगमन गर्न दक्षजनशक्ति पठाउने नीति लिन्छौं। तर, कृषकले आफ्नो जग्गा बाँझो राख्न पाइनेछैन। आलु पिँडालु फल्ने ठाउँमा आलु पिँडालु खेती, कोदो फल्ने खेतमा कोदो, तरकारी हुने ठाउँमा तरकारी र घाँस हुने ठाउँमा खेती गर्न लगाइनेछ।' -उहाँको भनाइ थियो।

# 'एमालेले बढाउँछ'



गुल्मी, (नेस)

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अरू पार्टीलाई कुचोले बढार्ने कुचो एमालेको हातमा रहेको बताउनुभएको छ।

नेकपा एमाले, रेसुङ्गा नगरपालिका गुल्मीको विजयी सभालाई सम्बोधन गर्दै सत्तापक्षले प्रदेश नम्बर २ को निर्वाचनमा एमाले बढार्ने भनेको सन्दर्भमा अब कोको बढारिन्छन् उनीहरूलाई बढार्ने कुचो एमालेको हातका रहेको बताउनुभयो।

दोस्रो चरणको निर्वाचनमा पनि एमालेको पक्षमा बलियो बहुमत आएकाले सत्ता पक्ष सल्बलाइरहेको दाबी गर्नुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले रेसुङ्गा नगरपालिकामा सचेत जनता भएकाले एमालेलाई जिताएको बताउनुभयो। उहाँले यस क्षेत्रको विकासका लागि आर्थिक अभाव नहुने र विकासमा कुनै पनि कम नगर्न उम्मेदवारलाई सुझाव दिनुभयो।

### गणनाको आधारबारे आयोग

# द्वाङ्को मतपत्र गन

काठमाडौं, (नेस)

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनको मतगणनाको क्रममा मतपेटिकामा रहेको मतसंख्यालाई नै वास्तविक मतसंख्या मानेर मतगणना अगाडि बढाउन मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवको अध्यक्षतामा शनिबार बसेको आयोगको बैठकले उक्त निर्देशन दिने निर्णय गरेको हो।

यही असार १४ गते दोस्रो चरणमा सम्पन्न गाउँपालिका/नगरपालिका निर्वाचनको मतगणनाको क्रममा कुनै स्थानीय तहमा मतदान अधिकृतले उल्लेख गरेको मतपत्रको संख्या र मतगणनाको क्रममा देखिएको मतपत्रको संख्यामा फरक परेका घटना देखिएपछि आयोगले पछिल्लो निर्णय लिएको जनाइएको छ।

रीतपूर्वक मतदान सम्पन्न भई मतपेटिका सिलबन्दी गरिएको र मतपेटिकामा लगाइएका सुरक्षण सिल दुरुस्त रहेकामा मतपेटिकामा देखिएको मतसंख्यालाई नै वास्तविक मतसंख्या मानेर गणना गर्न सबै निर्वाचन अधिकृतलाई निर्देशन दिने निर्णय भएको आयोगले जनाएको छ।

# एमाले र माओवादी विजयी

गुल्मी, (नेस)

गुल्मीको छत्रकोट गाउँपालिका प्रमुखमा एमालेका मधुकृष्ण पन्त निर्वाचित भएका छन्। कांग्रेस माओवादी गठबन्धनलाई हराउँदै पन्त ५ हजार ५ सय ५१ मत ल्याएर विजयी भएका छन् भने उपप्रमुखमा एमालेकी नर्मदा भण्डारी निर्वाचित भएकी छन्। उनी ५ हजार ४ सय ७६ मत ल्याएर निर्वाचित भएकी छन्।

गाउँपालिका प्रमुखमा कांग्रेसका अनन्तराम पौडेल ५ हजार १ सय १४ र माओवादीका रामप्रसाद पाण्डे ४ हजार ७ सय ३६ मत ल्याएर पराजित भएका छन्। प्रमुखमा निर्वाचित पन्त एमाले गुल्मीका अध्यक्ष हुन्। उक्त गाउँपालिकामा एमालेले ४ वडामा र २ वडामा कांग्रेसले वडा अध्यक्षमा प्यानलै विजयी भएका छन्।

यस्तै धुर्कोट गाउँपालिकाको प्रमुखमा कांग्रेस माओवादी गठबन्धनका माओवादीका भुपाल पोखरेल ५ हजार १ सय १६ मत ल्याएर विजयी भएका छन् भने उपप्रमुखमा कांग्रेसका शिवबहादुर खत्री ४ हजार ९ सय ३९ मत ल्याएर विजयी भएका छन्।

गाउँपालिका प्रमुखमा एमालेका कृष्ण घिमिरे ४ हजार ७ सय ५३ मत र उपप्रमुखमा रीता थापाले ४ हजार ८ सय ४२ मत ल्याएर पराजित भएका छन्। उक्त गाउँपालिकामा एमाले ४ वडा, कांग्रेस ३ वडा र माओवादी केन्द्र १ वडामा अध्यक्षसहित प्यानलै निर्वाचित भएका छन्।

गुल्मीमा रहेका १२ स्थानीय तहमध्ये ४ स्थानीय तहको मतपरिणमा आउन बाँकी रहेको छ। बाँकी रहेका स्थानीय तह मदाने गाउँपालिका, इस्मा गाउँपालिका, सत्यवती गाउँपालिका, कालिगण्डकी गाउँपालिका रहेका छन्। यी तहमा एमालेको अग्रता रहेको छ।

# समीक्षा गर्दै फोरम

बीपी साह, काठमाडौं

स्थानीय निकायको दोस्रो चरणको निर्वाचनको मतपरिणाम आइरहँदा संघीय समाजवादी फोरम नेपालले चुनावको समीक्षा गर्न थालेको छ। फोरमलाई पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टी नेपालको समेत समर्थन रहेको छ। केही स्थानमा फोरमले माओवादी केन्द्र तथा अन्य पार्टीहरुसँग पनि सहकार्य गरेको छ।

करिब १ सय स्थानको मतपरिणाम आउँदा फोरम-नयाँ शक्तिले एउटा गाउँपालिका अध्यक्षमा विजय हासिल गरेका छन् भने तीन स्थानमा अगाडि रहेको छ। केही वडामा पनि फोरमले विजय हासिल गरेको छ।

फोरमका नेता राजेन्द्र श्रेष्ठले परिणाम सन्तोषजनक नभएको बताउँदै धेरै कमिकमजोरीहरु रहेको बताउनुभयो। उहाँले अब फोरम नेपाल आफ्ना माग सम्बोधनका लागि सडक आन्दोलनमैं जाने बताउनुभयो।

*नेपाल समाचारपत्र*सँग कुराकानी गर्दै फोरम नेता लालबाबु राउतले भन्नुभयो- 'हामीले हाम्रो एजेन्डालाई छोडेका छैनौं। हामीले आन्दोलन पनि छोडेका छैनौं। अबको आन्दोलनको विषयमा पार्टीमा छलफल भएर निर्णय हुनेछ।'

तत्कालै सडक आन्दोलनमा गइहाल्ने सम्भावना नरहेको बताउँदै राउतले आफूहरुको माग सम्बोधनका लागि जे पनि गर्ने बताउनुभयो। उहाँले आन्दोलनमा पुन: फर्किनुअघि सरोकारबालाहरुसँग छलफल हुने बताउनुभयो।

दोस्रो चरणको स्थानीय निकायको निर्वाचनको मत परिणामबारे राउतले आफूहरुको मत परिणाम सन्तोषजनक रहेको बताउनुभयो। उहाँले आफूहरुको संगठन भएको ठाउँमा आफूहरुले जितेको दाबी गर्नुभयो।

उहाँले मधेसवादी दलहरु मिलेर निर्वाचनमा नजाँदा अधिकांश स्थानमा हार भएको बताउनुभयो। उहाँले राजपालाई संकेत गर्दै सँगै मिलेर निर्वाचनमा गएको अवस्थामा राम्रो हुने बताउनुभयो। उहाँले अब २ नम्बर प्रदेशमा पनि आफूहरुको अवस्था राम्रो हुने बताउनुभयो।

फोरम नेपालले बाँकेको नैनापुर गाउँपालिकामा विजय हासिल गरेको छ। कपिलवस्तुको मायादेवी गाउँपालिका र रुपन्देहीको रोहिणी गाउँपालिकामा फोरम शनिबार साँझसम्म अगाडि रहेको थियो।

# प्रहरीले आफैलाई हाने गोली

लहान, (नेस)

जिल्ला प्रहरी कार्यालय सिरहामा कार्यरत एक प्रहरी सहायक निरीक्षकले आफैले बोकेको हतियार प्रयोग गरी आत्महत्या गरेका छन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ड्युटीमा खटिएका प्रहरी सहायक निरीक्षक गोवर्द्धन खत्रीले शुक्रबार राति आफैले बोकेको हतियारले टाउकोमा गोली हानी आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

उदयपुरको त्रियुगा नगरपालिका-११ जलजले घर भएका प्रहरी सहायक निरीक्षक खत्रीले के कति कारणले आत्महत्या गरेको खुल्न नसकेको बताइएको छ। मृतकको शव परीक्षणका लागि जिल्ला अस्पताल सिरहामा लगिएको छ।

# मुसिकोटमा एमाले

गुल्मी, (नेस)

गुल्मीको मुसिकोट नगरपालिकामा एमालेका सोमनाथ सापकोटा ६ हजार ६ सय ६८ मतसहित मेयर पदमा र कमला शर्मा गौतम ६ हजार ६ सय ७ मतसहित उपमेयरमा निर्वाचित भएका छन्।

उनका निकटतम प्रतिद्वन्द्वी मेयरमा कांग्रेसका कृष्णहरि सापकोटा ५ हजार ५ सय ८७ र उपमेयरमा विष्णु कुमारी सापकोटा ५ हजार ७ सय १६ मत प्राप्त ल्याएर पराजित भएका छन्। नगरमा ८ वडामा एमाले र १ वडामा कांग्रेसका उम्मेदवारले वडा अध्यक्षको प्यानल नै विजयी भएका छन्। मेयर पदमा निर्वाचित सापकोटा एमाले गुल्मीका सचिव हुन्।

# क्यानडा दिवस मनाइयो




नेपाल समाचारपत्र

काठमाडौं

नेपाल-क्यानडा मैत्री तथा सांस्कृतिक संघले राजधानीमा एक कार्यक्रमको आयोजना गरी १५० औं क्यानडा दिवस मनाएको छ। संघले विगत चार वर्षदेखि दुवै देशको जनस्तरीय सम्बन्ध विस्तार गर्न निरन्तर यसै गरी क्यानडा दिवस मनाउँदै आएको छ।

कार्यक्रममा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जलविद्युत, पर्यटन र व्यापारका माध्यमबाट क्यानडासँग सम्बन्ध बढाएर फाइदा लिन सकिने धारणा राख्नुभयो। उहाँले नेपाल विश्वकै आकर्षकस्थल भएकाले क्यानडाबाट सिक्न लायक कुरा सिक्नुपर्ने र पन्छिनुपर्ने कुरामा समयमै पन्छिँदा राम्रो हुने बताउनुभयो। साथै, उनले महाकाली सन्धि गर्दा क्यानडालाई सन्दर्भ मानेको स्मरण गर्नुभयो।

काठमाडौं महानगरपालिकाका उपमेयर हरिप्रभा श्रेष्ठले क्यानडामा ५० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित भएको सुन्दा आम नेपाली महिलाका लागि प्रेरणाको विषय भएको बताउनुभयो। काठमाडौं महानगरपालिकाले धुलो र धुवाँरहित हराभरा महानगरपालिका तथा यहाँको सम्पदाहरु निर्माण गर्न सबैको सहयोग रहनुपर्ने तर्क उहाँको थियो।

संघका पूर्वअध्यक्ष हिरण्यलाल श्रेष्ठले नेपालले क्यानडाबाट लिन सक्ने फाइदा धेरै भएको र क्यानडाले नेपालमै राजदूतावास राख्नुपर्नेमा जोड दिनुभयो। उहाँका अनुसार क्यानडाले दिल्ली र बेइजिङका आँखाबाट नेपाललाई हेर्नुहुँदैन भन्नुभयो।

नेपालस्थित क्यानडाका अवैतनिक कन्सुलर डा. बुद्ध बस्नेतले भूकम्पयता मात्र क्यानडाले विभिन्न स्रोतबाट ५२ लाख डलर सहयोग दिएको बताउनुभयो। उहाँले क्यानडा दिवसका दिन त्यहाँको सरकारले सार्वजनिक बिदा नगर्नुको कारण श्रममा विश्वास गर्नु रहेको प्रसंग सुनाउनुभयो।

क्यानडास्थित नमस्ते रेडियोका संस्थापक सभापति अनिल थापाले क्यानडामा नेपाली भाषा बोल्ने ५० हजार रहेको र त्यसमध्ये १८ हजार नेपाली क्यानडामा बसोबास गरेको जानकारी दिनुभयो। उहाँले क्यानडाले वैदेशिक सहयोगभन्दा पनि वैदेशिक व्यापार बढाउने नीति लिएको र भूकम्पपछि नेपाललाई सक्दो सहयोग गरेको स्मरण गराउनुभयो।

नेपाल पर्वतारोहरण संघका अध्यक्ष आङ छिरिङ शेर्पाले नेपालको पर्वतीय पर्यटन र वातावरणका क्षेत्रमा क्यानडेली नागरिकको विशेष योगदान रहेको बताउनुभयो। संघका अध्यक्ष प्राडा प्रदीप खड्का, महासचिव प्राडा श्रीधर गौतम, सदस्य प्राडा गोपाल पोखरेललगायतले क्यानडा र नेपालको हावापानी, जनसंख्या, संघीयता, बहुसंस्कृतिजस्ता विषयमा समानता रहेको चर्चा गर्नुभयो।

## बाढीले ...

जिल्ला प्रहरी कार्यालय, सप्तरीका प्रहरी उपरीक्षक अनुराग द्विवेदीले बाढीले जिल्लाका १ हजार ५ सय घरपरिवार प्रभावित भएको प्रारम्भिक अनुमान गरिएको बताए पनि यो संख्या ३ हजार पुग्ने स्थानीयहरू बताउँछन्।

प्रहरी उपरीक्षक द्विवेदीका अनुसार बाढीबाट जोगाउन ठाउँ-ठाउँमा अस्थायी बाँध बनाउने काममा प्रहरी खटिएको छ। यसैबीच जिल्लाको लौनियाँमा खोलाले बगाएर ल्याएको एक पुरुषको मृत शरीर प्रहरीले फेला पारेको छ। पहिचान खुल्न नसकेको मृतकबारे आवश्यक अनुसन्धान थालिएको प्रहरी उपरीक्षक द्विवेदीले जानकारी दिए।

## ३६ घण्टा ...

नारायणगढ-मुग्लिन खण्डको सडकमा पैदल हिँडिरहेका एक यात्रु चिप्लिएर त्रिशूली नदीमा खस्दा बेपत्ता भएका हुन्।

प्रहरी स्रोतका अनुसार शनिबार बिहान करिब ११:४५ बजे सर्लाहीका २१ वर्षीय भिखारी चौधरी त्रिशूली नदीमा खसेर बेपत्ता भएका हुन्। निज चौधरी चिप्लेर सडकबाट १ सय मिटर तल त्रिशूली नदीमा खसेका थिए।

उनी बसबाट झरेर हिँड्दै आउने क्रममा घटना भएको प्रहरीले जनाएको छ। उनको शव अझै भेटिएको छैन। उनको खोजी जारी रहेको प्रहरी स्रोतले जनाएको छ।

## १ सय ...

त्यसैगरी कांग्रेसले जितेका स्थानीय तहमा मेरिङदेन गाउँपालिका ताप्लेजुङ, त्रिवेणी आठराई गाउँपालिका ताप्लेजुङ, तुम्वेवा गाउँपालिका पाँचथर, चिचिला गाउँपालिका संखुवासभा, भोटखोला गाउँपालिका संखुवासभा, सिलिचुङ गाउँपालिका संखुवासभा, दिप्रुङ गाउँपालिका खोटाङ, ऐंसेलुखर्क गाउँपालिका खोटाङ, भोजपुर नगरपालिका भोजपुर, अरुण गाउँपालिका भोजपुर रहेका छन्। त्यस्तै गुल्मी दरबार गाउँपालिका गुल्मी, चन्द्रकोट गाउँपालिका गुल्मी, प्रतापपुर गाउँपालिका नवलपरासी, सुनवल नगरपालिका नवलपरासी, माथागढी गाउँपालिका पाल्पा, राजपुर गाउँपालिका दाङ, शैल्यशिखर नगरपालिका दार्चुला, महाकाली नगरपालिका दार्चुला, मालिकार्जुन गाउँपालिका दार्चुला, काँडा गाउँपालिका बझाङ, बुंगल नगरपालिका बझाङ, सुर्मा गाउँपालिका बझाङ, त्रिवेणी नगरपालिका बाजुरा, छेडेदह गाउँपालिका बाजुरा, बडिमालिका गाउँपालिका बाजुरा, हिमाली गाउँपालिका बाजुरा, आलिताल गाउँपालिका डडेल्धुरा, गन्यापधुरा गाउँपालिका डडेल्धुरा, भागेश्वर गाउँपालिका डडेल्धुरा, केआईसिंह गाउँपालिका डोटी, बडिकेदार गाउँपालिका डोटी, दशरथ चन्द नगरपालिका बैतडी, सुर्नया गाउँपालिका बैतडी, शिवनाथ गाउँपालिका बैतडी, कमलबजार नगरपालिका अछाम, जोशीपुर गाउँपालिका कैलाली, छत्रदेव गाउँपालिका अर्घाखाँची, गुलरिया नगरपालिका बर्दिया, चम्पादेवी गाउँपालिका ओखलढुंगा र डडुवा गाउँपालिका बाँके रहेका छन्।

माओवादीले जितेका स्थानीय तहमा लिखुपिके गाउँपालिका सोलुखुम्बु, महाकुलुङ गाउँपालिका सोलुखुम्बु, चिसंखुगढी गाउँपालिका ओखलढुंगा, साकेला गाउँपालिका खोटाङ, आमचोक गाउँपालिका भोजपुर, बंगलाचुली गाउँपालिका दाङ, सिस्ने गाउँपालिका रुकुम, पुथा उत्तरगंगा गाउँपालिका रुकुम, भूमे गाउँपालिका रुकुम, थवाङ गाउँपालिका रोल्पा, सुनछहरी गाउँपालिका रोल्पा, माडी गाउँपालिका रोल्पा, सुकीदह गाउँपालिका रोल्पा, दुईखोली गाउँपालिका रोल्पा, रोल्पा नगरपालिका रोल्पा, लालझाडी गाउँपालिका कञ्चनपुर, अजयमेरु गाउँपालिका डडेल्धुरा, बोगटान गाउँपालिका डोटी, मार्मा गाउँपालिका दार्चुला, धुर्कोट गाउँपालिका गुल्मी, मेल्लेख गाउँपालिका अछाम, सुनकोशी गाउँपालिका उदयपुर रहेका छन्।

राष्ट्रिय जनमोर्चाले जितेका स्थानीय तहमा मल्लरानी गाउँपालिका, प्युठान र झिम्रुक गाउँपालिका प्युठान रहेका छन्। संघीय समाजवादी फोरमले जितेको स्थानीय तह नैनापुर गाउँपालिका, बाँके रहेका छन्।

यसैबीच निर्वाचन आयोगले शनिबारसम्ममा १ सय १५ भन्दा बढी स्थानीय तहको परिणाम आएको जनाएको छ।

३ सय ३४ मध्ये ८२ स्थानीय तहको अन्तिम मत परिणाम घोषणा भइसकेको आयोगमा रहेको संयुक्त निर्वाचन परिचालन केन्द्र (जेईओसी) मा जानकारी प्राप्त भएको बताइएको छ।

यसैबीच प्रदेश नम्बर १ को ताप्लेजुङ जिल्लाको फातालुङ गाउँपालिकाको एउटा मतदान केन्द्रको प्राप्त हुन बाँकी मतपेटिका शनिबार मतदानस्थलमा प्राप्त भएको छ। हाल २ सय ४८ स्थानीय तहको मतगणना जारी छ।

## को को ...

उहाँले भन्नुभयो- 'स्थानीय विकास, पर्यटन, भूमिसुधार तीनवटा मन्त्रालय लिने सहमति भएको हो, यस अघि भएकाहरूलाई निरन्तरता दिने हुँदा मन्त्री छनोटमा कुनै समस्या छैन।'

राप्रपा भने सरकारमा सहभागी हुने कि नहुने भन्ने विषयमा दोधारमा देखिएको छ। राप्रपाभित्र सरकारमा जानुपर्ने र जान नहुने दुई धार देखिएका छन्। देउवा र राप्रपाका अध्यक्ष कमल थापाबीचमा कुराकानी भए पनि मन्त्रालय बाँडफाँडमा कुरा मिल्न सकेको छैन।

राप्रपा नेपालकी प्रमुख सचेतक कुन्तीकुमारी शाहीले सरकारमा सहभागी हुने वा नहुने भन्ने विषयमा प्रधानमन्त्रीसँग वार्ता भइरहेको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'सरकारलाई मतदान गरेर समर्थन गरेका छौं, प्रधानमन्त्रीले सरकारमा आउनुपर्‍यो, भनिरहनुभएको छ, संसद्मा सहभागिताको आधारमा मन्त्रालय पाउनुपर्ने हामीले भनेका छौं।' उहाँले सदनमा पार्टीको उपस्थिति अनुसारकै न्यायोचित सहभागिता गराए सरकारमा सहभागी हुने बताउनुभयो।

## जिशिअ ...

मन्त्रालयले दुई नम्बर प्रदेशको निर्वाचन नसकुन्जेल सम्मका लागि जिल्ला शिक्षा कार्यालयलाई कायम राख्ने योजना बनाएको छ।

जिल्ला शिक्षा कार्यालयले गर्ने काम कारबाहीको विषयमा स्थानीय तहका कर्मचारीले पूर्णरूपमा कार्यान्वयन नगरेसम्म जिल्ला शिक्षा कार्यालयको कामलाई सहजीकरण गर्ने कार्यालयको रूपमा लिइएको छ।

मन्त्रालयले स्थानीय तहमा खटिएका सबै शिक्षाका कर्मचारीलाई १८ वटा काम गर्न निर्देशनसमेत दिएको छ। चार दिनअघि मन्त्रीस्तरीय निर्णय गरी सो निर्देशन दिइएको हो।

जसअनुसार स्थानीय तहको योजनाबाट पारित शिक्षासम्बन्धी कामको योजना बनाउने, विद्यालय जाने र विद्यालयबाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी प्रदेश र केन्द्रमा पठाउने, विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने, मावि तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने रहेका छन्।

त्यस्तै विद्यालय खोल्ने अनुमति, कक्षा थप गर्ने, विद्यालय सार्ने वा विद्यालय मर्ज गर्ने र विद्यालयको नाम परिवर्तन गर्ने, विद्यालयको सम्पत्ति अभिलेखीकरण गरी संरक्षण गर्ने, विद्यालयका शिक्षकको लगत राख्ने, आफ्नो क्षेत्रको शिक्षक र कर्मचारीको व्यवस्थापन सरुवा र बढुवा गर्ने रहेको छ।

त्यसैगरी स्वीकृत दरबन्दीअनुसार तलब व्यवस्थापन गर्ने, विद्यार्थी संख्याको अनुपातमा शिक्षक कर्मचारीको दरबन्दी मिलान गर्ने, विद्यालय शिक्षाको गुणस्तर बढाउन प्रअ, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र अन्य सरोकारवालाको बैठक, गोष्ठी र तालिम सञ्चालन गर्ने, पाठ्यक्रम तथा पाठ्यसामग्री वितरण गर्ने, स्थानीय विषय वा अंशको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने, आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने, छात्रवृत्ति उपलब्ध गराउने, शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन गर्ने, स्थानीय पुस्तकालय र वाचनालयको व्यवस्था गर्नेलगायतका काम रहेका छन्। मन्त्रालयका प्रवक्ता लम्सालले सबै स्थानीय तहको शिक्षा हेर्नेलाई सो निर्देशन दिइएको जानकारी दिनुभयो।



# विश्व

**तयारी**
जर्मनीको स्ट्रास्वोर्ग शहरमा पूर्व चान्सलर हेल्मुट कोलको श्रद्धाञ्जली कार्यक्रका लागि तयारी गरिँदै।



**गजबको प्रस्ताव**
अमेरिकाको कोलराडो निवासी विन्नी क्यापाल्डो स्मिथ नाम युवकले आफ्नो खुट्टामा यसरी टाटु खोपेर प्रेमीका ब्रुक वोडार्कलाई विवाहको प्रस्ताव राखेका छन्।






विश्व २ मिनेट

## युक्रेन

### साइबर हमला

किभ, (एजेन्सी)

युक्रेनले शनिबार हालै युक्रेनमा भएको साइबर आक्रमणमा रुसी सुरक्षा निकायहरूको हात रहेको आरोप लगाएको छ। युक्रेनले यस आक्रमणको प्रमुख उद्देश्य महत्वपूर्ण तथ्यांकहरू नष्ट गर्नु र सन्त्राश फैलाउनु रहेको पनि बताएको छ। युक्रेनको सरकारी सुरक्षा सेवा एसबियुले गत मंगलबार युक्रेनमा शुरू भएको सो आक्रमण हेर्दाहेर्दै विश्वभरि फैलिएको जनाएको छ। सन् २०१६ को डिसेम्बरमा भएको साइबर आक्रमणमा संलग्न रहेकै ह्याकरहरूलाई यस पछिल्लो आक्रमणमा प्रयोग गरिएको युक्रेनको दाबी रहेको छ। तर रसियाको क्रेमलिनका प्रवक्ताले भने यो आरोप आविष्कार गरेका छन्।

## भारत

### बृद्धा बलात्कृत

वाराणसी, (एजेन्सी)

भारतीय प्रहरीले भारतको उत्तरी शहर वाराणसीमा एकजना ७० वर्षीया फ्रेन्च महिलामाथि बलात्कार गरेको आरोपमा शुक्रबार एकजना पुरुषलाई गिरफ्तार गरेको छ। परिचय नखुलाइएकी ती महिला वाराणसीमा एउटा गैरसरकारी संस्थामा कार्यरत रहेको बताइएको छ। प्रहरीका अनुसार आफ्नो होटेल कोठामा मस्त निंदाइरहेका बेला सोही होटेलका एकजना सुरक्षा गार्डले उनीमाथि कुकृत्य गरेका थिए। शरीरका विभिन्न भागमा सामान्य चोटपटक लागेका तिनको उचार भइरहेको छ। चिकित्सकहरले उनको स्वास्थ स्थिति स्थिर रहेको बताएका छन्। अहिले उनी कानुनी उपचारका लागि व्यस्त रहेकी छिन्।

## जर्मनी

### कोलप्रति श्रद्धाञ्जली

वर्लिन, (एजेन्सी)

जर्मन एकीकरणका परिकल्पनाकार तथा पूर्व जर्मन चान्सलर हेल्मुट कोलको सम्झनामा आयोजना हुन लागेका विभिन्न कार्यक्रममा भाग लिन शनिबार विश्वका नेताहर स्ट्रास्वर्गमा भेला हुने क्रम जारी रहेको स्थानीय सञ्चार माध्यमले जनाएको छ। गत महिना निधन भएका कोलले युरोपेली एकताका लागि महत्वपूर्ण भूमिका निभाएका थिए। युरोपेली संघ (ईयू)को झण्डाले ढाकेको उनको कोफिन कार्यक्रमभरिनै युरोपेली संसद् भवनमा राखिने भएको छ। श्रद्धाञ्जली कार्यक्रमपछि आइतबार उनको कोफिन जर्मन शहर स्पेयरमा समाधिस्ध गरिने भएको छ। सुरक्षाका लागि थप २ हजार प्रहरी परिचालित गरिएको छ।

## अमेरिका

### ट्रम्पको आक्रोश

वासिंगटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियासँगको वर्षौंदेखिको 'सामरिक धैर्यता' टुटेको र अब दृढ प्रतिक्रिया जनाउने समय आएको शनिबार बताएका छन्। दक्षिण कोरियाली राष्ट्रपति मुन जाय इनसंगको संयुक्त पत्रकार सम्मेलन दौरान ट्रम्पले दुवै राष्ट्रले निर्दयी शासकको अनावश्यक खतरा र चुनौतिको सामना गरिरहनुपरेको बताएका छन्। साथै उनले उत्तर कोरियालाई छिट्टै राम्रो पथ चुन्न पनि आह्वान गरेका छन्। यसै गरी मुनले उत्तर कोरियाली नेताहरूसँगको वार्तालाई निरन्तरता दिनु पनि त्यतिकै जरुरत रहेको बताएका छन्।

# न्युयोर्कको अस्पतालमा गोली चल्यो




## दुईको मृत्यु, छ जना घाइते

न्युयोर्क, (एजेन्सी)

एकजना बन्दुकधारीले अमेरिकाको न्युयोर्कको ब्रोन्क्स बोरोग स्थित एउटा अस्पतालमा एउटा उसल्ट राइफलले गोली चलाउँदा एक डाक्टरको ज्यान जानुका साथै अन्य छ जना घाइते भएको प्रहरीले जनाएको छ। पाँच जना घाइतेको स्थिती चिन्ताजनक रहेको पनि बताइएको छ।

एक हजार शैयाको उक्त ब्रोन्क्स-लेवनन हस्पिटलमा स्थानीय समयअनुसार शुक्रबार अपरान्ह करिब २ बजेर ५५ मिनेट जाँदा त्यसरी गोली चलाउने व्यक्ति सोही अस्पतालका पूर्वडाक्टर भएको र उनले आक्रमण लगत्तै आफैंमाथि पनि गोली चलाएर आत्महत्या गरेको सुरक्षा सूत्रले जनाएको छ।

न्युयोर्कका मेयर बिल डि ब्लासियोले भनेका छन्, 'यस गोलीकान्ड पछाडि आतंकवादको हात रहेको छैन। बरु यसको कारण काम गर्ने स्थानसँग जोडिएको देखिन्छ। यसरी बिरामीको सेवा र सुरक्षा हुनुपर्ने स्थानमा विभत्स हिंसात्मक घटना हुनु निकै खेदपूर्ण छ। आक्रमणमा मारिनेमा महिला डाक्टर रहेकी छिन् भने घाइतेहरूको अवस्था पनि निकै गम्भीर रहेको छ। '

प्रहरीले आक्रमणकारीले पनि डाक्टरकै सेतो कोट लागाएको जानकारी दिएको छ। घटनास्थलनजिकै फेला परेको उक्त राइफल सेनाले प्रयोग गर्ने एम -१६ राइफल जस्तो देखिएको एकजना स्थानीय राजनीतिज्ञले बताएका छन्। प्रहरी अधिकारी जेम्स ओ नेलले अस्पतालको १६औं तल्लाबाट आक्रमण शुरू भएको र १६औं १७ तल्लामा सबैलाई गोली लागेको बताएका छन्।

सन् २०१५ मा यौन दुर्व्यवहारको अभियोग लगाइएपछि उनले उक्त अस्पतालमा राजिनामा दिएको अनुसन्धानबाट खुलेको छ।

# हङकङका नयाँ नेताद्वारा सि समक्ष शपथ ग्रहण

हङकङ, (एजेन्सी)

हङकङलाई बेलायतले चीनसमक्ष हस्तान्तरण गरेको २०औं वार्षिक उत्सवको उपलक्ष्यमा शनिबार चिनियाँ राष्ट्रपति सि जिनपिङले हङकङका नयाँ नेतृ क्यारी लामलाई शपथ ग्रहण गराएका छन्। कडा प्रहरी सुरक्षा प्रबन्धबीच सि झण्डोत्तोलन लगायत थुप्रै भव्य र महत्वपूर्ण कार्यक्रमहरूमा सहभागी भएको चिनियाँ सरकारी समाचार निकाय सिन्हवाले जनाएको छ।

तर ती कार्यक्रम स्थलहरूनजिक प्रजातन्त्रका पक्षधर र बेइजिङ समर्थित प्रदर्शनकारीहरूबीच भिडन्तहरू भएको तथा थुप्रै व्यक्तिलाई गिरफ्तार गरिएको हङकङ प्रहरीले जनाएको छ। एउटा भाषणमा राष्ट्रपति सिले विगतको तुलनामा अहिले हङकङ बासीहरूले सबैभन्दा बढी स्वतन्त्रताको मज्जा उठाइरहेको दाबी गरेका छन्।

सन् २०१३ मा राष्ट्रपति बने यताको सिको यो पहिलो हङकङ भ्रमण हो। तीन वर्षअघि हङकङमा प्रजातन्त्रको माग गर्दै भएका विरोध ऱ्यालीका कारण महिनौंसम्म त्यहाँका विभिन्न भाग ठप्प हुन पुगेका थिए। हङकङस्थित बीबीसीका पत्रकार जुलियाना लिउले शनिबार विभिन्न स्थानमा प्रदर्शनकारी र प्रहरीबीच भिडन्त भएको भन्दै ट्विट गरेकी छिन्।

प्रजातन्त्र हिमायती पार्टी डेमोसिस्टोले आफ्ना पाँच जना कार्यकर्ता र लिग अफ सोसियल डेमोक्रेसका चार जना सदस्यलाई प्रहरीले गिरफ्तार गरेको जनाएको छ। तिनीहरूले चिनियाँ नोबेल पुरुस्कार विजयी तथा हाल क्यान्सरग्रस्त मानव अधिकारवादी अभियन्ता लिउ सियावाओको तत्काल रिहाइको माग पनि गरेका छन्।



# पाँच अर्ब डलरको रेल्वे सम्झौता



बैंकक, (एजेन्सी)

थाइल्यान्डको यातायात पूर्वाधारलाई प्रमुख टेवा दिने उद्देश्यले थाई सैनिक शासकले एउटा उच्च गतिको रेल्वे सञ्जाल सञ्चालन गर्नका लागि चीन सरकारसंग पाँच अर्ब अमेरिकी डलरभन्दा बढी रकम बराबरको सम्झौता गर्न लागेको छ।

प्रस्तावित उक्त राजधानी बैंककदेखि नाखोन रात्चासिमा जोड्ने यस पहिलो चरणको २ सय ५२ किलोमिटर दूरीको यस रेल्वे सञ्जालले चीनको युनान प्रान्तको कुन्मिङदेखि फैलिएको १ हजार २ सय ६० किमि दूरीको रेल्वे सञ्जालसंग जोडिने बताइएको छ।

अर्को चरणको रेल्वे भने थाइ सिमाना र लाओसलाई जोड्ने कार्यक्रम रहेको छ। विश्लेषकहरूले यस रेल लाइनलाई क्षेत्रीय व्यापार तथा लगानी विस्तार गर्ने हेतुले चीनले लिएको एक मार्ग नीति भएको अनुमान गरेका छन्। यस परियोजनाले चीनको बढ्दो क्षेत्रीय प्रभावलाई पनि प्रकाश पारेको छ।

विगत दुई वर्षदेखि ढिलाइ भइरहेको यस सम्झोतामा जुलाइमा हस्ताक्षर हुने र सम्झौतासम्बन्धी विस्तृत अन्तिम विवरण सार्वजनिक हुने भएको छ। अर्थशास्त्रीहरूले दक्षिण पूर्वी एसियाली मुलुक (आसियान) मुलुक थाइल्यान्डमा यस रेल्वे सञ्जाल निर्माणपछि आर्थिक विकासमा थप टेवा पुग्ने बताएका छन्।

# अमेरिकाको कुख्यात माफिया ग्यांग 'एम-१३'



इसाबेल भिन्सेन्ट

'अमेरिकाको न्युयोर्कको कुख्यात ग्याँग 'एम-१३' का पूर्वसदस्य 'स्पिडी' अहिले आफ्नो ग्यांग जीवनकालको तुलनामा निकै परिवर्तन भइसकेका छन्। अहिले २८ वर्ष पुगेका तथा सेन्ट्रल इस्लिपमा जन्मेका स्पिडी १६ वर्षको उमेरमा सो ग्यांगको सदस्य बनेका थिए।

उनी आफ्नो वास्तविक नाम वा आफ्नो अन्डरवर्ल्ड जमानाको नामबाट चिनिन चाहँदैन। उनले सो समूह छोडेको झण्डै सात वर्ष भइसक्दा पनि अझै सजायँको भागिदार हुने डरले चिन्तित छन्। उनले पहिलोपटक आफ्नो कथा दि पोस्टकी पत्रकार इसाबेल भिन्सेन्टलाई बताएका छन्। उनी भन्छन्,' घटनाको शुरूआत एक रात एउटा पार्कबाट भएको थियो।

ग्यांगका तीनजना सदस्यले मेरो शरीरभरि लात्ती र मुड्की बर्साउन थाले। तिनीहरूले मेराहात, पाखुरा, पेट, ढाड र दुई खुट्टाबीच समेत बेस्सरी कुटपिट गरे। तिनीहरूले लगातार १३ सेकेन्डसम्म आक्रमण गरे। त्यही उभिएका अन्य सदस्यहरूले एक दुई भन्दै विस्तारै गनिबसेका थिए। भर्खर १६ वर्ष टेकेको म राष्ट्रकै सबैभन्दा खतरनाक र शक्तिशाली ग्यांग 'एमएस-१३ ' को सदस्य बनि सकेको थिएँ।

तिनीहरूको पिटाइको पीडा नचिच्याइ दाँत किटेर सहिरहेथेँ। केही क्षणपछि म पिटाइबाट लखतरान परेँ। तर मैले त्यहिँबेलादेखि अरूलाई पनि त्यसरी नै पिटेर मज्जा लिन सिकेँ। अरूलाई चोट र पीडा दिँदा आफूभित्रको चोट खुसीमा बदलिएको महशुस हुनथाल्यो। ग्यांगले तपाईंको कमजोर ठाउँ थाहा पाउँछ। त्यसले तपाईंलाई चिन्न र सुन्न सक्छ।

मैले तिनीहरूलाई पहिलोपटक भेट्दा म निकै कमजोर थिएँ। म एक्लो पनि थिएँ। मेरो परिवार ग्वाटेमालाबाट आएका हुन्। छ वर्षको छँदा मेरी आमा क्यान्सरले बितिन्। म १५ वर्ष पुग्नै लाग्दा मेरा बुबा पनि क्यान्सरबाटै बिते त्यतिबेला १० र १४ वर्षीया मेरा बहिनीहरूलाई अनाथालयमा राखियो। मैले तिनीहरूलाई कहिलेकाहीँ मात्र भेट्न पाउँथें।

म चाहिँ काकाकाकीहरूसंग बस्न थालेँ । त्यसपछि मलाई वास्तवमै एक्लै बस्ने रहर जाग्यो। त्यहिबेला एमएस-१३ ले मलाई भित्रायो मैले सो ग्यांगका सदस्यहरूलाई चिन्थें। तिनीहरूले मलाई विद्यालयमा भेट्न आए। तिनीहरूलाई मेरा बुबाआमा मरिसके भन्ने थाहा थियो। तिनीहरू मसँग हिड्न र रमाइलो गर्न थाले।

तिनीहरूले आफ्नो ग्यांगको सदस्य बनाउन जोसुकैलाई रक्सी र चुरोट ख्वाउने तथा परेमा केटीहरूसम्म मिलाई दिने गर्दछ। एमएस-१३ मा छिर्नुअघि म ल्याटिनोज फर लाइफ नामक समूहको सदस्य थिएँ। हामीलाई कि तिनीहरूको ग्यांगमा आउन वा प्रतिद्वन्द्वी बन्न भनियो।

एमएस -१३ मा गएपछि बढी शक्तिशाली भइने विश्वासमा मैले सदस्यता लिने निर्णय गरेँ। हामीले डरलाग्दो हिंसामार्फत नै हाम्रो शक्तिको परिचय दिने गर्दथ्यौं। कसैलाई छुरा हान्नु मेरा लागि बाँया हातको खेल थियो। शुरूशुरूमा त अप्ठ्यारो लाग्थ्यो, विस्तारै अभ्यस्त हुँदै गएँ। सबैको आर्थिक कारोबारको हामीलाई ज्ञान हुन्थयो। बन्दुक तेर्साएर तिनीहरूको कारहरू रोकेर जेब्रा क्रसिंगमै हामी लुट्ने गर्थ्यौं।

कुनै पार्टी चलिरहेको ठाउँमा पनि हामी धारिला हतियार र बन्दुक लिएर जान्थ्यौं र सजिलै लुटपाट गर्थ्यौं। लुटपाट पछि हामी मज्जाले त्यहाँ खाने र पिउने पनि गर्थ्यौं। यदि कसैले नराम्ररी हेरेमा बेस्सरी पिट्थ्यौं। कसैलाई पैसा तिर्नुपर्ने स्थितिमा पनि उल्टै तिनीहरूका घरमा गई तोडफोड गर्थ्यौं। त्यस्तो काम कतिपटक गरें भन्ने हेक्का पनि छैन। हामीले बालबालिकालाई समेत कुटपिट गर्थ्यौं। ग्यांगका आफ्नै जासुसहरू हुन्थे।

यदि सहयोग गरेन भने सदस्यका कसैको पनि परिवारका सदस्यहरू एल साल्भाडोर वा होन्डुरस जहाँ भए पनि मारिन्थे अथवा ती सदस्यका छोरी , बहिनी वा गर्लफ्रेन्डको बलात्कार गरिन्थे। कसैले आफूले भनेको मानेनन् भने तिनका छोरीहरूको बलात्कार गरिन्थ्यो।





ग्यांगका कुनै सदस्यलाई कुनै केटी मन पर्‍यो भने उनले ती केटीलाई बलात्कार गरेर आफ्नो सम्पत्ति बनाउन सक्छन्। तर मैले भने कहिल्यै बलात्कार गरिनँ। लागूऔषध भने चोरेर सेवन गर्ने गरेको थिएँ। मेरो समूहमा मात्र करिब पचास जना केटाहरू थिए। हामी अर्धसैनिक फौजजस्तै संगठित र शक्तिशाली थियौं।

चोरी, डकैती, कुटपिट, अपरहण र लुटपाटको अभियोगमा म थुप्रैचोटि जेल पनि परेँ। अब म सुध्रिएर शिक्षा हासिल गर्न चाहन्छु। उक्त ग्यांगमा फसेका केटाहरूलाई त्यहाँबाट निकाल्न चाहुन्छु। अमेरिकाको संघीय अनुसन्धान ब्युरो (एफबीआई) को तथ्यांकअनुसार ४६ वटा राज्यमा एमएस (मारा साल्भाटुचा) का करिब ६ देखि १० हजार सदस्य रहेका छन्।

२०७४, असार
आइतबार
१८

मुगुको एक मात्र छायानाथ रारा नगरपालिकामा १४ वडामा विभाजन भएको हुँदा नयाँ संरचनाअनुसार वडा कार्यालयको स्थापना नभएको हुँदा गमगडी बजारमा रहेको छायानाथ रारा नगरपालिकाको भवनमा ५ वडादेखि १४ वडासम्मको काम एकै टेबुलबाट सञ्चालन भइरहेको छ।

नेपाल

# बाल संरक्षणका लागि गाउँ-गाउँमा योजना

नेपाल समाचारपत्र
हेटौंडा

मकवानपुरका गाउँमा बालबालिकाको क्षेत्रमा काम गर्न योजना बनाइएको छ। स्थानीयरूपमा बाल संरक्षणका समस्या पहिचान गर्दै समस्या निराकरण गर्न सघाउ पुग्ने खालका योजना निर्माण गरिएका हुन्।

गाउँमा रहेका बाल संरक्षण समिति यसरी बालबालिकाको सवालमा योजना तर्जुमा कार्यमा लागिपरेका हुन्। राईगाउँ, बेतिनी, नामटार, चित्लाङ, सरिखेत, कालीकाटार, हेटौंडाको चुरियामाईलगायत गाउँमा बाल संरक्षणका सवालमा वार्षिक कार्ययोजना निर्माण गरिएका हुन्।

यसरी कार्ययोजना तयार पार्दा बालबालिकाका क्षेत्रमा कार्य भएर बालअधिकार संरक्षणमा टेवा पुग्ने बताइएको छ। स्थानीय बाल संरक्षण समितिमार्फत् बालबालिकाका लागि गर्नुपर्ने कार्य पहिचान गरी वार्षिक कार्ययोजना तयार पार्न बाल कल्याण समाज मकवानपुरले युनिसेफ नेपालको सहकार्यमा अभियान सञ्चालन गरिरहेको छ।



अभियानबाट गाउँगाउँमा बालसंरक्षणका समस्या पहिचान गरी कार्ययोजना बनाउन आफूहरू लागिपरेको समाजका कार्यक्रम संयोजक सुशीलराज गिरीले बताए। 'गाउँगाउँमा बालअधिकार संरक्षणका लागि बनेका बाल संरक्षण समितिमार्फत् बाल संरक्षणमा टेवा पुग्ने अभियान चलाइरहेका छौं,' उनले भने-संरक्षण समितिमार्फत् स्थानीयरूपमा आवश्यक जागरणमूलक कार्यदेखि सीपमूलक तालिमसम्मका योजना निर्माण गरिएका छन्। समितिले योजना बनाउँदा स्थानीय सरोकारवालासँग छलफल गर्ने उनले बताए।

राईगाउँस्थित बाल संरक्षण समितिकी सचिव पार्वती गोलेले आफ्नो क्षेत्रमा बीचमै विद्यालय छाड्ने, बालश्रम, बालविवाह, बालहिंसा, बहुविवाहलगायत समस्या भएकाले यी समस्या न्यूनीकरणमा सघाउ पुग्ने खालका कार्ययोजना तयार पारिएको बताइन्। उनले भनिन्- 'हाम्रो ठाउँमा रहेका बाल संरक्षणका समस्या समाधानका लागि सघाउ पुऱ्याउन अभिभावक शिक्षा, अभिभावक स्वास्थ्य सचेतना, बालविवाहबारे सडकनाटक, किशोरी स्वास्थ्य सचेतना, मानव बेचबिखनविरुद्ध सचेतना, बालमैत्री शिक्षण सामग्री प्रदर्शन, बालभेलालगायत कार्यक्रम गर्न कार्ययोजना बनाएका छौं।'

साविक चुरियामाईंमा सक्रिय बाल संरक्षण समितिले बालबालिका दुर्व्यसनमा फसेको पाइएकाले उनीहरूलाई आवश्यक परामर्श प्रदान गर्ने कार्ययोजना बनाएको छ। बाल संरक्षण समितिकी अध्यक्ष सुनकेशरी रुम्बाले भनिन्- 'यस क्षेत्रका बालबालिका दुर्व्यसनमा फस्ने गरेको पाइएको छ। यसैले यस्ता कार्यमा लाग्नबाट बचाउन उनीहरूलाई परामर्श प्रदान गर्ने योजना बनाएका छौं।'

मकवानपुरका साविक १५ गाविसमा काम भइरहेको कार्यक्रम संयोजक गिरीले बताए। उनका अनुसार मे महिनाबाट शुरू भएको ८ महिने परियोजनाले कार्यअवधिमा ५० बालबालिकालाई सहयोग गर्ने लक्ष्य लिएको छ। त्यसमा २० जना बालबालिकालाई २० हजार रुपियाँसम्म आर्थिक सहयोग गर्न सकिनेछ।

गाउँमा जोखिममा रहेका बालबालिका पहिचानदेखि उनीहरूलाई आवश्यक सहयोग सम्बन्धमा स्थानीय बाल संरक्षण समितिको निर्णयका आधारमा बाल कल्याणले काम गर्दै आएको छ। जोखिममा परेका बालबालिकादेखि उनीहरूलाई आवश्यक सहयोगसम्मको पहिचान बाल संरक्षण समितिमार्फत् गरिने भएकाले काम गर्न सहज भएको अभियानमा सक्रिय सामाजिक कार्यकर्ता शिवप्रसाद चौलागाईंले बताए।

# १० वटा वडाको काम एउटै टेबलबाट

मुगु, (नेस)

मुगु नेपाल सरकारले नयाँ संरचनाअनुसार प्रदेश, नगरपालिका, गाउँपालिका, वडा पालिकाको संरचनामा परिवर्तन गरेपछि मुगु जिल्लालाई ३ गाउँपालिका, १ नगरपालिका, ६० वडामा विभाजन गरेको छ।

मुगुको एक मात्र छायानाथ रारा नगरपालिकामा १४ वडामा विभाजन भएको हुँदा नयाँ संरचनाअनुसार वडा कार्यायलयको स्थापना नभएको हुँदा गमगडी बजारमा रहेको छायानाथ रारा नगरपालिकाको भवनमा ५ वडादेखि १४ वडासम्मको काम एकै टेबुलबाट सञ्चालन भइरहेको छ। साविकैका पिना, श्रीनगर, कार्कीवाडा, रुगा र रोवा गरी ५ गाविसको समीकरण गरी १ नगरपालिका हुँदा एक दिन हिँडेर सदरमुकाम गमगढी पुगेर वडा पालिकामा नै हुने काम गर्नका लागि गमगढी आउँदा समय बढी लाग्ने एकै कोठाभित्र १० वडाको कार्यालय सञ्चालन हुँदा समयमा पाले नपाइने त कहीले कर्मचारी नभेटिने स्थानीयबासीको गुनासो रहेको छ।

सानो साघुरो कोठामा ४, वडादेखि १४ वडासम्मको वडा कार्यालय एकै ठाउँमा चलाउँदा गाह्रो भएको सेवाग्राहीलाई बस्न पनि समस्या भएको बस्नेकोठा नभएको हुँदा समस्या भएको छ। जनशक्तिसमेत कम भएकाले साथीहरू घरबिदामा बसेका हुँदा दिनरात नभनी पसिना चुहाउने गरी काम गरेको १३र १४ वडा पालिकामा काम गर्ने खरिदार रामानन्द्र विकले जनाएका छन्।

छायानाथ रारा नगरपालिकाको १ देखि १४ वडासम्ममा नेपाल सरकारले कर्मचारीको व्यवस्था नभएको हुँदा नगर प्रमुख, उपप्रमुख, वडा प्रमुख तथा उप्रमुखहरूको पहिलो बैठकबाट जनतालाई सेवा लिनका लागि समस्या भएको हुँदा अहिले हामीसँग भएको कर्मचारीहरूलाई व्यवस्था मिलाएर साविकका गाविस कार्यालयमा ३/३ वडा रहने गरी वडा कार्यालय छिट्टै सञ्चालन गरिने छायानाथ रारा नगरपालिकाका प्रमुख हरिजंग शाहीले बताएका छन्। यता कार्यालय सञ्चालनका लागि भवन नहुँदा समस्या भएको र जनताले समयमा नै सेवा लिन सकेका छैनन्। साविकका पिना, रोवा, रुगा, श्रीनगर, कार्कीवाडामा रहेका लाखौं मूल्य बराबरका भवनहरू प्रयोगविहीन भएका छन्।

# किसानलाई दाना बनाउने तालिम

नेपाल समाचारपत्र
स्याङ्जा

स्याङ्जाका व्यावसायिक किसानलाई तीनदिने दानाको गुणस्तरीयता तालिम प्रदान गरिएको छ। लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला ललितपुरको आयोजनामा जिल्लाका अगुवा किसानलाई दानाको गुणस्तर तालिम प्रदान गरिएको हो। वालिङमा भएको तालिममा १५ जना व्यावसायिक किसानहरूको सहभागिता रहेको थियो। गुणस्तरीय दाना, दानाको छनोट र दाना बिग्रेको विषयमा किसानहरूलाई तालिमसँगै प्रशिक्षण गरिएको थियो।




बजारबाट खरिद गरिने दानामा पौष्टिक आहार कत्तिको हुन्छ भन्ने थाहासमेत नपाएका किसानहरूले यो तालिमपश्चात् दानाको छनोट र यसको प्रभावबारे थाहा पाइएको किसानहरूले बताएका छन्। पशुपंक्षीलाई प्रयोग गर्दै आएको दानाको गुणस्तर थाहा नपाउँदा व्यावसायिक किसानले मर्काको सामना गर्दै आएका थिए। गुणस्तरको मापन गर्न यो तालिमले सिकाएकाले अबका दिनमा सजिलो हुने महसुस भएको तालिममा सहभागी किसान चन्द्रकुमारी गुरुङले बताउनुभयो।

दानाको गुणस्तर नजान्दा हामीले व्यावसायिक रूपमा पालिएका कुखुरा नफस्टाएको गुरुङको तालिमपछिको अनुभव छ। कुन पशुपक्षीलाई कति दाना खुवाउनुपर्ने, कस्तो दाना खुवाउँदा फस्टाउने र गुणस्तरको मापन के हो भन्ने विषयमा किसानहरूलाई तालिम र प्रशिक्षण गराइएको लाइभस्टक गुण व्यवस्थापन प्रयोगशालाका वरिष्ठ पशु विकास अधिकृत जीवलाल लम्सालले बताउनुभयो। 'किसानको व्यवसायमा रुची त भएको तर दानाको उचित प्रयोग नगरिएको पायौं', लम्सालले भन्नुभयो- 'यो तालिमपश्चात् अब किसानमा केही सुधार आउने अपेक्षा हामीले लिएका छौं।' देशभरि हेर्ने एउटै मात्र प्रयोगशाला रहेको कार्यालयले स्याङ्जालाई छनोट गरेर यो तालिम आयोजना गरिएको लम्सालले बताउनुभयो।

पछिल्लो समय स्याङ्जामा व्यावसायिक रूपले कुखुरापालन गर्ने किसानहरूको संख्या बढ्दै गएको छ। व्यवसायिक रूपले कुखुरा पालनमा किसानले रुची देखाए पनि दानाको गुणस्तर नजान्दा कुखुराबाट किसानलाई खासै फाइदा भएको देखिँदैन। पशुपक्षीको पोषण र स्वास्थ्यमा सबैभन्दा बढी ध्यान दिनुपर्ने पशु विकास अधिकृत वालिङका हुमनारायण श्रेष्ठले बताउनुभयो। यो तालिमले स्याङ्जाका किसानहरूलाई थप ऊर्जा मिलेको श्रेष्ठको भनाइ छ। किसानलाई बेलाबेलामा यस्ता खालका तालिम उपलब्ध गराउन सकेमा किसानले सजिलोसँग आफ्नो व्यवसायलाई अगाडि बढाउन सक्ने विश्वास श्रेष्ठको थियो।

तीन दिनसम्म चलेको तालिमको समापन गर्दै वालिङ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनन्तराज गैह्रेले राज्यबाट प्रदान गरिएको जानकारीमूलक तालिमले व्यावसायिक किसानलाई फाइदा पुगेको महसुस भएको बताउनुभयो। तालिम सिक्ने मात्रै होइन गैह्रेले भन्नुभयो- 'यसको सही बेला सही सदुपयोग गरेर आफ्नो पेसा व्यवसायलाई अगाडि बढाऔं।' किसानका लागि तालिम पनि शिक्षा भएकाले किसानले यसको सदुपयोगमा ध्यान दिन गैह्रैले सहभागी किसानहरूलाई आग्रह गर्नुभयो। समापन कार्यक्रममा सहभागी किसान वेदप्रसाद खड्का, तिलकबहादुर गुरुङ, पशु विकास अधिकृत जनकराज धामीलगायतले बोल्नुभएको थियो। तालिममा कुखुरापालक, भैंसीपालक, बाख्रापालक किसानको सहभागिता थियो।

# पहिरोमा बेपत्ता रोशनीको शव भेटियो

दोलखा, (नेस)




गत मंगलवार पहिरोमा परी बेपत्ता भएकी दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर ९ लाकुरीडाँडा कुदुतेका मङ्गले थामीको छोरी १५ वर्षीया रोशनी थामीको शव शनिबार भेटिएको छ।

मृतक रोशनीको शव शैलुङ गाउँपालिका-४ स्थित चरङ्गे खोलामा ढुंगाको चेपमा भेटिएको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए।

गत मंगलबार राति लाकुरीडाँडा कुदुतेमा पहिरोले दुई घर बगाउँदा चार जना बेपत्ता भएका थिए। बेपत्तामध्ये ७० वर्षीया लाटी थामी र मङ्गले थामीको श्रीमती ३५ वर्षीय शान्ति थामीको शव बुधबार भेटिएको थियो भने मङ्गले थामीको छोरी १२ वर्षीय सन्तोषी थामीको शव बिहीबार भेटिएको थियो।

# शालिग्राम शिला परिक्रमा गर्न समस्या

नेपाल समाचारपत्र
पर्वत

कालीगण्डकी नदीमा आएको बाढीले तटबन्ध भत्काएपछि प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल सेतीवेणीमा रहेको विश्वकै सबैभन्दा ठूलो शालिग्राम शिला परिक्रमा गर्न समस्या भएको छ।

कालीगण्डकी ए जलविद्युत् केन्द्रको जलासयका कारण डुबानमा परेको शिलामा परिक्रमाका लागि बनाएको तटबन्ध दुई वर्षअघि आएको बाढीले भत्काएपछि मर्मत नहुँदा तीर्थालुले शिलाको परिक्रमा गर्न नसकेका हुन्। शिलालाई परिक्रमा नगरेसम्म मनोकामना पूरा नहुने जनविश्वास रहिआएको छ।

पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा पर्ने शालिग्राम शिला यस क्षेत्रकै महत्त्वपूर्ण धार्मिक र पर्यटकीय स्थल हो। तीन जिल्लाबाहेक बागलुङ, पाल्पादेखि मुलुकका अन्य स्थानबाट समेत ठूलो संख्यामा दर्शनार्थी र पर्यटक आउँछन् तर शिला परिक्रमा गर्न नपाउँदा निरास भएर फर्किने गरेको स्थानीयबासी रवि भट्टराईले बताए। शिला परिक्रमा गरी पूजाआजा गरेमा मनोकामना पूरा हुने जनविश्वास रहेका कारण पनि परिक्रमा गर्न आउँदा आफ्नो तीर्थयात्रा नै अधुरो भएको तीर्थयात्रीको गुनासो रहने गरेको छ। गएको वर्ष बाँसको पुलेसो बनाइए पनि जोखिम भएका कारण यस वर्ष नबनाइएको भट्टराईले बताए। 'धेरैपटक मर्मतका लागि अनुरोध पनि गऱ्यौं', उनले भने- 'जोखिमपूर्ण अवस्थामा अस्थायी तटबन्ध बनाउँदा जलासयमा यात्रु डुब्ने खतरा भएकाले यसलाई रोकेका छौं।'

कालीगण्डकी ए जलविद्युत् केन्द्रले तटबन्ध मर्मत गर्दै आएको थियो तर यसपटक मर्मतका लागि कुनै चासो नदिएको गुनासो स्थानीयबासीले गरेका छन। केन्द्रको जलासयले शिला डुबानमा परेपछि परिक्रमा गर्न सहज होस् भन्ने उद्देश्यले तटबन्ध बनाइएको थियो। वर्षा याममा जलविद्युत् केन्द्रको बाँधका सबै ढोका खोलिने भएकाले बाढीले तटबन्ध भत्काउने गरेको छ। केन्द्रले नदीतर्फको भागमा वर्षा याममा झिक्न मिल्ने र हिउँदमा राख्ने मिल्ने गरी तटबन्ध राख्नुपर्ने सुझाव स्थानीयबासीको छ। फलामका पोल र सिमेन्टका स्लाबहरू निकाल्न मिल्ने गरी बनाउन सकेमा वर्षा याममा भत्काउने र बग्ने समस्या अन्त्य हुने रवि भट्टराईले बताए। शुरूमा शिलाको भाग खाली राखेर तटबन्ध बनाउने माग भए पनि जलविद्युत् केन्द्रका प्राविधिकले हरेक वर्ष मर्मतको रकम आउने र कमिसनको लोभमा परेर अर्कै संरचना बनाएको आरोप पनि स्थानीयबासीको छ। शालिग्राम क्षेत्र विकास समितिका अध्यक्ष तथा पैंयु गाउँपालिकाका अध्यक्ष खगेन्द्र तिवारीले तटबन्ध मर्मतका लागि माग भएको र यस वर्षको हिउँदमा जुनसुकै हालतमा पनि मर्मत गरिनुपर्ने बताए। 'मर्मतका लागि कालीगण्डकी ए जलविद्युत् केन्द्रलाई दबाब दिनुको विकल्प छैन', उनले भने- 'जनताको मागको सुनुवाइ हुनैपर्छ।'



# मकवानपुरका ३ विद्यालय नमुना

नेपाल समाचारपत्र
हेटौंडा

मकवानपुरका दुई निर्वाचन क्षेत्रका २ विद्यालय नमुना विद्यालयमा छनोट भएका छन्। बकैया गाउँपालिकाअन्तर्गत छतिवनको महेन्द्र मावि र हेटौंडा उपमहानगरपालिका कमानेको चन्द्रोदय मावि नमुना विद्यालयमा छनोट भएका हुन्।

यससँगै मकवानपुरमा ३ वटा नमुना विद्यालय भएका छन्। गत वर्ष हटियाको जनप्रिय नमुना विद्यालयमा छनोट भइसकेको छ। २०७३ चैत ११ गतेको नमुना विद्यालय छनोटका लागि आवेदन माग गरिएको सूचनाअनुसार ती विद्यालयलाई जिल्ला शिक्षा कार्यालयले मूल्यांकन गरी सोको प्रतिवेदन शिक्षा विभागमा पठाएको थियो। शिक्षा मन्त्रालयको निर्णयअनुसार शुक्रबार नमुना विद्यालय नतिजा सार्वजनिक गरिएको छ।

सरकारले गत वर्ष भूकम्प अतिप्रभावित मकवानपुरको एउटा विद्यालयलाई नमुना बनाउन छनोट गरेको थियो। नमुना विद्यालयको भौतिक संरचना र कक्षाकोठा व्यवस्थापन, शिक्षण सिकाइ गर्न ट्रेनिङ कक्ष, अडिटोरियम कक्ष, संगीत प्रशिक्षण कक्ष, विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार ल्याब, चमेना गृह, प्राथमिक उपचार कक्ष र छात्रछात्राका लागि अलग शौचालय हुनेछन्।

इन्डोर र आउटडोर खेलमैदान पनि बन्नेछ। विद्यालयमा सुविधा सम्पन्न पुस्तकालय, ईलाइब्रेरी, इन्टरनेटसहित कम्प्युटर, फोटोकपी मेसिन, विषयगत र अन्तरविषय पुस्तक, जर्नल, पत्रपत्रिका हुने शिक्षा मन्त्रालयले जनाएको छ।

नमुना विद्यालयको भवन भूकम्पप्रतिरोधी हुनेछ। कक्षा-१ देखि १२ सम्म पठनपाठन गर्न आवश्यक कक्षा कोठासहित तोकिएका पूर्वाधार बनाउन आवश्यक जग्गा भएका विद्यालय छनोट भएका हुन्। एसियाली विकास बैंक (एडीबी) को आर्थिक सहयोगमा बन्न लागेका नमुना विद्यालय तीन वर्षभित्र बनाइसक्ने लक्ष्य छ।



# अर्थ

नयाँ सहकारी ऐन तीन खम्बे अर्थनीतिलाई मूर्त रूप दिनेगरी आउनेमा उहाँले विश्वास राख्नुभयो। सहकारी ऐनले सहकारी व्यवसायलाई अझ अगाडि बढाउन सहयोग गर्ने उहाँ धारणा थियो। उहाँले भन्नुभयो-'सहकारी क्षेत्र उत्पादनशील, पर्यटन, जलविद्युत्लगायतका क्षेत्रमा समेत क्रियाशील हुनुपर्छ।'

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असार १८ जुलाई २ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।१९ | १०३।७९ |
| युरो १ का रु. | ११७।६२ | ११८।३१ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।०२ | १३४।७९ |
| स्विस फ्रन्क १ का रु. | १०७।६३ | १०८।२५ |
| अस्ट्रेलियन डलर १ का रु. | ७९।२४ | ७९।७० |
| क्यानाडियन डलर १ का रु. | ७९।४८ | ७९।९४ |
| सिङ्गापुर डलर १ का रु. | ७४।९६ | ७५।४० |
| जापानी यन १० का रु. | ९।२२ | ९।२८ |
| चिनियाँ युआन १ का रु. | १५।२२ | १५।३१ |
| साउदी अरब रियाल १ का रु. | २७।५१ | २७।६७ |
| कतारी रियाल १ का रु. | २७।४८ | २७।६४ |
| थाई भाट १ का रु. | ३।०४ | ३।०६ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।१० | २८।२६ |
| मलेसियन रिङ्गिट १ का रु. | २४।०३ | २४।१७ |
| दक्षिण कोरियन वन १०० का रु. | ९।०२ | ९।०८ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रु. | ९।०२ |
| डनिस क्रोनर १ का रु. | १२।१८ |
| हङकङ डलर १ का रु. | १५।८२ |

नोट: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# शेयर कारोबार सुचारु गर्न ब्रोकरहरू तयार

**नेपाल समाचारपत्र**
काठमाडौं

भ्याट विवादले बन्द शेयर बजार आइतबारदेखि सुचारु हुने भएको छ। अर्थ मन्त्रालयले मूल्य अभिवृद्धि करसम्बन्धी उत्पन्न समस्या समाधान गर्न सहयोग गर्ने आश्वासन दिएपछि शेयर ब्रोकरहरूले आइतबारदेखि कारोबार गर्न तयार भएका हुन्।

शेयर दलाल र अर्थ मन्त्रालयका राजस्व सचिव शिशिर ढुंगानाबीच शुक्रबार साँझ भएको वार्तामा व्यवसायीको समस्या तत्काल समाधान गर्ने सहमति भएको नेपाल स्टक ब्रोकर एसोसिएसनले जनाएको छ। राजस्व सचिव ढुंगानाले विगतको भ्याटको विषय र समस्या समाधान गर्न उचित मोडालिटी बनाएर सल्टाउने र अबदेखि भ्याटको दायरामा आउने गरी दिएको विकल्पमा शेयर दलाल सहमत भएपछि कारोबार सुचारु हुन लागेको हो।

नेपाल स्टक ब्रोकर एसोसिएसन शनिबार आकस्मिक बैठक बस्दै आइतबारदेखि शेयर कारोबार गर्ने निर्णयमा पुगेको हो। सरकारले भ्याटको मुद्दा सम्बोधन गर्ने सहमति गरेकाले आइतबारदेखि शेयर कारोबार सुचारु गर्ने निर्णय गरेको एसोसिएसनका अध्यक्ष प्रियराज रेग्मीले बताउनुभयो।

'अर्थ मन्त्रालयबाट हाम्रो समस्या हल हुने आश्वासन पाएपछि आइतबारदेखि शेयर बजार खुलाउने निर्णय भएको हो। हामी र सरकारबीच दुईवटा बुँदामा छलफल भएको थियो।' नेपाल समाचारपत्रसँग कुरा गर्दै रेग्मीले भन्नुभयो। उहाँका अनुसार अर्थ मन्त्रालयले बक्यौता तथा बेरुजुको विषयमा उठेको समस्या हल गर्ने उपाएअनुसार सो रकम फछ्र्यौट गर्न सहयोग गर्ने आश्वासन दिएको हो।

त्यस्तै भ्याटको मौजुदा नियम पालना गरी अगाडि बढ्ने विषयमा सरकार र अर्थ मन्त्रालयबीच सहमति भएको छ। रेग्मीले भन्नुभयो-'विधि र प्रक्रिया बनाएर शेयर दलाल भ्याटमा दर्ता हुने र त्यही अनुसार असुल गरी भ्याटको नियम कार्यान्वयन गर्ने विषयमा सचिवसँग सहमति भयो।' यद्यपि, सरकारले मागलाई कसरी सम्बोधन गर्छ भन्ने अझै हेर्न बाँकी रहेको उहाँको भनाइ छ। यस विषयमा अर्थ मन्त्रालयबाट आइतबार निर्णय हुने भएको हो।

कारोबार सुचारु भए पनि दबाबका कार्यक्रम भने जारी रहने एसोसिएसनले जनाएको छ। संघले शेयर बजारको संवेदनशीलतालाई अध्ययन गरेर कारोबार सुचारु गर्न लागेको बताएको हो। बिहीबार कारोबार बन्द हुँदा लगानीकर्ता तथा अन्य सरोकारालालाई पर्न गएको असुविधाप्रति एसोसिएसनले दु:ख व्यक्त गरेको छ।

अर्थ मन्त्रालयले शुक्रबार दिएको दुई विकल्पमा शनिबार विहान साढे ८ बजेदेखि दुई घण्टा ब्रोकरबीच छलफल भएको थियो।

एसोसिएसनले गत बुधबार करदाता सेवा कार्यालयबाट केही व्यवसायीको विगत ४ वर्षदेखिको प्रारम्भिक भ्याट निर्धारण गरी भ्याटमा यथाशीघ्र दर्ता भएर मात्र कारोबार गर्न निर्देशन आएको बताएको छ। यस सम्बन्धको विधि र प्रक्रियागत अन्योलताका कारण शेयर बजार स्थगन भएको एसोसिएसनको विज्ञप्तिमा उल्लेख छ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०६९/७० देखिको सबै कारोबारको कर नतिरेको भन्दै बेरुजुमा राख्दा शेयर दलाल कम्पनी पनि त्यसैभित्र परेका थिए। चालू आव सकिनै लाग्दा आन्तरिक राजस्व विभागका विभिन्न कार्यालयले शेयर दलाल व्यवसायीलाई कर तिर्न पत्राचार गरेको थियो। शेयर दलालले यसको विरोधमा बिहीबार कारोबार नै ठप्प पारेका थिए।

बजार ठप्प भएपछि नियामक निकाय नेपाल धितोपत्र बोर्ड छलफल गर्न अर्थ मन्त्रालय पुगेको थियो। ब्रोकर कमिसनमा भ्याट लाग्ने चर्चा चल्दै गर्दा बोर्डले यसमा कर लगाउन नहुने सुझाव अर्थ मन्त्रालयलाई दिएको थियो। निर्वाचन आचारसंहिताका कारण सरकारले संसद्मा प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा करको दर तथा दायरा हेरफेर गरेको थिएन।

## भारतको कर प्रणालीमा सुधार

काठमाडौं, (नेस)। भारतको केन्द्रीय सरकारले ७० वर्ष अधिको कर प्रणाली सुधार गर्दै नयाँ तथा एकीकृत कर प्रणाली लागू गरेको छ। आइतबारदेखि राष्ट्रभर प्रभावकारी भएको गुड्स एन्ड सर्भिस ट्याक्स (जीएसटी) ले भारतका विभिन्न राज्य तथा केन्द्रका फरक राज्य तथा संघीय कर व्यवस्था खारेज गरेको छ।

शुक्रबार मध्यरातसम्म चलेको भारतीय संसदको विशेष सत्रले ठूलो छलफलपछि बहुमतद्वारा नयाँ र एकल कर प्रणाली पारित गरेको हो। आइतबारदेखि कार्यान्वयनमा आएको नयाँ कर प्रणालीले भारतका सबै राज्य तथा केन्द्रमा सामान उत्पादन, बिक्री, वाणिज्य, व्यापारको आर्थिक व्यवस्थापनलगायत सेवा उत्पादन तथा प्रदायनसम्बन्धी सबै व्यवसायको आर्थिक व्यवस्थापन गर्ने बताइएको छ।

जीएसटीले केन्द्र तथा विभिन्न राज्य सरकारलाई प्रदान गर्दै आएको, फरक कर व्यवस्था लागू गर्न पाउने विकेन्द्रिकृत अधिकार पनि समापन गरेको छ। शुक्रबार मध्यरातमा संसद् भवनमा आयोजित एक विशेष समारोहबीच राष्ट्रपति प्रणव मुखर्जी तथा प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा जीएसटीको शुभारम्भ गर्नुभएको थियो। सामान दरमा कर लगाउँदा करमा सहुलियत पाएका दैनिक उपभोग्य वस्तुहरूसँगै सेवाको दरमा पनि असर पर्ने छ। भारतमा लागू गरिएको वस्तु तथा सेवामा नयाँ कर प्रणालीले नेपालमा पनि असर पार्ने देखिएको छ। नेपालमा आयात हुने अधिकांश सामान भारतबाट आयात हुने भएकाले भारतमा ती सामानको मूल्य बढ्दा नेपालमा पनि बढ्ने अपेक्षा राखिएको छ। भारतबाट नेपालमा आयात गरिँदै आएका विभिन्न वस्तुमा नेपालीले दोहोरो कर तिर्नुपर्ने अवस्था आउने देखिएको छ। दोहोरो कर प्रणालीले भारत तथा नेपालका मध्यम र उच्च वर्गका व्यक्तिलाई समेत प्रत्यक्ष असर पार्ने देखिन्छ।

# व्यापारघाटा कम गर्न मिलेर काम गर्नुपर्छ : अर्थमन्त्री

**नेपाल समाचारपत्र**
काठमाडौं

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कहालीलाग्दो व्यापारघाटा कम गर्नका लागि सरकार, निजी र सहकारी मिलेर अगाडि बढ्नुपर्ने धारणा राख्नुभएको छ। राष्ट्रिय सहकारी संघ नेपालले ९५औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा शनिबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै अर्थमन्त्री कार्कीले सहकारी मोडेलमार्फत दिगो विकासका लागि सरकारले सहकार्य गर्ने बताउनुभयो।

सो अवसरमा अर्थमन्त्री कार्कीले मुलुक निर्माणमा सहकारीको भूमिका अपरिहार्य रहेको बताउनुभयो। 'अहिले मुलुकको विद्यमान व्यापारघाटा कम गर्नुपर्ने चुनौती छ। त्यसका लागि सरकार र निजी क्षेत्रले मात्र पूरा गर्न नसक्ने भएकाले समुदायसँग जोडिएको सहकारीले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने भएर संविधानले नै तीन खम्बे अर्थनीतिलाई स्वीकार गरेको हो,' कार्कीले भन्नुभयो।

नयाँ सहकारी ऐन तीन खम्बे अर्थनीतिलाई मूर्त रूप दिनेगरी आउनेमा उहाँले विश्वास राख्नुभयो। सहकारी ऐनले सहकारी व्यवसायलाई अझ अगाडि बढाउन सहयोग गर्ने उहाँ धारणा थियो। उहाँले भन्नुभयो-'सहकारी क्षेत्र उत्पादनशील, पर्यटन, जलविद्युत्लगायतका क्षेत्रमा समेत क्रियाशील हुनुपर्छ।'

राष्ट्रिय सहकारी संघ नेपालका अध्यक्ष केशव बडालले नेपालको सहकारी अभियानको वर्तमान अवस्थाबारे चर्चा गर्नुभएको थियो। त्यस्तै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.




मीनबहादुर श्रेष्ठले राज्यले सहकारीलाई धेरै महत्त्व दिएको भए पनि सहकारी अभियानले प्रतिफलमा पुनर्विचार गर्नुपर्ने अवस्था रहेको औंल्याउनुभयो।

कार्यक्रममा संघका सल्लाहकार तथा पूर्व उपप्रधानमन्त्री भरतमोहन अधिकारी, वरिष्ठ उपाध्यक्ष मीनराज कँडेल, संघकी उपाध्यक्ष तथा सांसद ओमदेवी मल्ल, डा. भरत प्रधान, गणेश साह, दीपकप्रकाश बाँस्कोटा, राष्ट्रिय सहकारी विकास बोर्डका सरोजकुमार शर्मा, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव सुरेश प्रधानलगायतले धारणा राख्नुभएको थियो।

यसैबीच शनिबार देशका विभिन्न क्षेत्रमा रक्तदान, सरसफाई, जनचेतना, तालिम, प्रतियोगितालगायतका कार्यक्रम गरी ९५औं अन्तर्राष्ट्रिय सहकारी दिवस मनाइएको छ। प्रत्येक वर्षको जुलाई महिनाको पहिलो शनिबारलाई विश्वभरिका सहकारीकर्मीले अन्तर्राष्ट्रिय सहकारी दिवस मनाउने गरेका छन्। नेपालमा पनि 'सहकारीको सुनिश्चिता: कोही पछाडि छुट्दैनन्'भन्ने नाराका विभिन्न कार्यक्रम गरी ९५औं सहकारी दिवस मनाइएको हो। कार्यक्रममा सहकारीसम्बन्धी करको सम्पूर्ण जानकारी दिने सहकारी कर ज्ञानमालाको विमोचन भएको थियो। सो अवसरमा उत्कृष्ट सहकारी संघ/संस्था पुरस्कृत पनि भएका थिए।

# कुलेखानी जलाधार क्षेत्र अब 'संरक्षित'

**नेपाल समाचारपत्र**
हेटौंडा

देशकै विद्युत् ब्याकअपका रूपमा रहेको कुलेखानी जलाशयको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढेको छ। भू-संरक्षण विभागले माग गरेबमोजिम करिब १ सय ५० दशमलव शून्य १ वर्ग किलोमिटर क्षेत्रको जंगल र माटो जोगाउने प्रतिवेदन निर्माणको काम अन्तिम चरणमा पुगेको हो।

मुहान क्षेत्रको व्यवस्थापन नगरेसम्म संरक्षण नहुने भएकाले अस्तित्व जोगाउन संरक्षित क्षेत्र घोषणा गर्न लागिएको हो। कुलेखानी जलाधार क्षेत्रलाई संरक्षित क्षेत्रका रूपमा व्यवस्थापन गर्ने गरी संरक्षित क्षेत्र घोषणा गर्न सरकारलाई अनुरोध गर्ने र जलाधार क्षेत्रलाई व्यवस्थापन गर्न ९ वटा उपजलाधार क्षेत्र विभाजन गरेर जलाधार व्यवस्थापन योजना निर्माणका लागि करिब डेढ वर्षअघि नै सम्पर्क व्यक्ति छनोट गरिएको थियो। पानीको स्रोतको संरक्षण गर्न सरकारले विशेष कार्यक्रम सञ्चालन गर्न थालेको हो। बढ्दो शहरीकरण, पानीको अभाव, बाढी, पहिरो, भुस्खलन रोक्न संरक्षित जलाधार क्षेत्र घोषणा गरी विशेष कार्यक्रम शुरू गर्न थालिएको छ।

भू तथा जलाधार संरक्षण विभागले प्राकृतिक सम्पदाका हिसाबले महत्त्वपूर्व तर वर्षेनी बाढी, पहिरो र प्राकतिक प्रकोपको चपेटामा पर्ने गरेको क्षेत्रलाई संरक्षित जलाधार क्षेत्रका रूपमा घोषणा गर्ने तयारी गरेको हो। पहिलो चरणमा कुलेखानी क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरी कार्यक्रम सञ्चालन गरिने भएको हो।



जिल्ला भू-संरक्षण कार्यालयले आवश्यक प्रतिवेदन जलाधार संरक्षण विभागलाई पठाउने तयारी गरेको छ। जिल्लाबाट प्रतिवेदन पेश भएपछि मन्त्रिपरिषद् बैठकले 'संरक्षित जलाधार क्षेत्र'घोषणाको विषयमा निर्णय गर्नेछ। प्रस्तावित संरक्षित जलाधार क्षेत्रको चार किल्ला खुल्ने विस्तृत विवरण र क्षेत्रफलसमेत एकिन गरी असार मसान्तसम्म प्रतिवेदन पेश गर्न विभागले गरेको निर्देशनबमोजिम भू-संरक्षण कार्यालयले प्रतिवेदन तयार पार्न लागेको हो।

कुलेखानी जलाशय (इन्द्रसरोवर) को जलाधार क्षेत्र संरक्षण नहँदा पानी सुक्दै जान थालेको भन्दै दुई वर्षअघि भू-संरक्षण कार्यालयले मन्त्रालयलाई जानकारी गराएकोमा यस वर्ष प्रतिवेदन माग भएको भू-संरक्षण कार्यालय मकवानपुरका सूचना अधिकारी पूर्णकाजी महर्जनले जानकारी दिनुभयो।

कुलेखानी आयोजनाको जलाधार क्षेत्र संरक्षण नहुँदा संकटमा परेको भन्दै सरोकारवालाले पटक-पटक आवाज उठाउँदै आएका थिए। जीपीएसको सहायताले सर्भे गरी सिमानासहित चार किल्ला स्पष्ट खुलेको प्रस्तावित संरक्षित जलाधार क्षेत्रले ओगटेको क्षेत्रफलको नक्सासमेत उल्लेख गरी प्रतिवेदन बनाउन हिमाल मञ्च नेपाललाई जिम्मा दिइएको छ।

हिमाल मञ्च नेपालले एक महिनादेखि प्रतिवेदन निर्माण काम गर्दै आएकोमा एक सातामा पूर्ण गरी भू-संरक्षण कार्यालयलाई बुझाउने बताइएको छ। 'स्थानीयसँग छलफल गरी सहमति जुटाउने काम भयो,' प्रतिवेदन बनाउने जिम्मा पाएको हिमाल मञ्च नेपालका अध्यक्ष राजबाबु पहाडीले भन्नुभयो-'स्थानीय जनप्रतिनिधिको समेत राय लिएर प्रतिवेदन पूरा गर्नेछौं। जनप्रतिनिधिले घोषणापछि गर्न पाइने र नपाइने कामका विषयमा चासो राखेका छन्। प्रतिवेदन बनाउन विभागले १ लाख रुपियाँ छुट्याएको थियो।

जलाधार क्षेत्र घोषणाका लागि आवश्यक प्रतिवेदन बनाउन फागुनमा विभागबाट पत्र प्राप्त भएको थियो। कुलेखानी जलाशयलाई लक्षित गर्दै भू तथा जलाधार संरक्षण ऐन र नियमावलीअनुसार जिल्ला भू तथा जलाधार संरक्षण समिति गठन गरिदिन सरकारसमक्ष माग भएबमोजिम विभागले काम अघि बढाएको थियो।

संरक्षित क्षेत्र घोषणा भएपछि स्थानीयसँगको सहकार्यमा सरकारले वन तथा पानीको मुहानको दिगो संरक्षणको लागि रणनीति तय गर्नेछ। थाहा नगर र इन्द्रसरोवर गाउँपालिकाको क्षेत्र जलाधार क्षेत्रमा पर्दछ।

वर्षायामको पानी संकलन गरेर बिजुली उत्पादन गरिँदै आएको कुलेखानी जलाशयको पिँधमा माटो थुप्रिन थालेपछि विद्युत् उत्पादनमा कमी आएको छ। तालको पिँधमा जम्मा भएको गेग्रानका कारण जलाशयको सतह कम हुन थालेको छ।

कुलेखानी जलाधार क्षेत्रमा खेतीपातीका लागि माटो खनजोत गरेर भू स्खलन बढेकाले वैकल्पिकरूपमा संरक्षणमुखी र जीवीकोपार्जन हुने खालका खेती प्रणाली गर्न अभिप्रेरित गरिनेछ।

जलाधार क्षेत्रमा माटो, चट्टान, वन, वनस्पति तथा समग्र जैविक विविधताको अध्ययन गरी खेती प्रणाली, वृक्षरोपण तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

देशकै विद्युत्को भरपर्दो स्रोत मानिने कुलेखानीको जलाशयमा माटो थुप्रिएका कारण २५.३१ लाख घनमीटर पानी अट्ने क्षमतामा ह्रास आएको आयोजनास्रोतले बताएको छ। सन् १९८३ मा समद्री सतहदेखि १ हजार ४ सय ७३ मिटर उचाईंमा हुादा कुलेखानी जलाशयमा ८५ दशमलव ३० लाख घनमिटर पानी अट्ने क्षमता थियो।

सन् २०१० सम्म आइपुग्दा पिँधमा माटो थुप्रिएका कारण जलाशयको उचाईं समुद्री सतहबाट १ हजार ४ सय ८० मिटर पुगेको छ। उचाई बढेपछि पानी अट्ने क्षमतामा ह्रास आएर ५९ दशमलव ९९ लाख घनमिटर मात्र पानी अट्न थालेको छ। कुलेखानी जलाशय स्थापनादेखि हालसम्म तालमा २७ दशमलव ७२ प्रतिशत भाग गेग्रान र माटोले ओगटेको प्राविधिकहरूले बताएका छन्।

सात किलोमिटर लम्बाई र ३ सय मिटर चौडाईं रहेको जलाशयमा संकलन गरिएको ४६ मिटर क्षेत्रफलको पानी मात्र विद्युत् उत्पादनका लागि प्रयोग गर्न सकिन्छ। जलाशयको पानी १ हजार ४ सय ८४ मिटरसम्म मात्र प्रयोग गर्न सकिने अवस्था छ।

कुलेखानी जलविद्युत् आयोजनाको पहिलो र दोस्रोबाट क्रमश: ६० र ३२ मेगावाट विद्युत् उत्पादन गरिँदै आएको छ। कुलेखानी तेस्रो निर्माणाधीन छ। कुलेखानी तेस्रो सम्पन्न भएपश्चात् थप १४ मेगावाट बिजुली उत्पादन हुनेछ।

मकवानपुरलाई चार जलाधार क्षेत्र र १ सय २५ उपजलाधार क्षेत्रमा विभाजन गर्न सकिन्छ। चार जलाधार क्षेत्रमा बागमती, बकैया, राप्ती र त्रिशूली हुन्। जिल्लाको ३ दशमलव २७ प्रतिशत भूभाग नदी, खोला तथा तालले ढाकेको छ। जिल्लाको पूर्वी सीमा नदीका रूपमा रहेको वागमती नदी, पूर्व मध्यभागबाट शुरू भएर दक्षिणतर्फ बग्ने बकैया नदी, जिल्लाको मध्यभागबाट बग्ने राप्ती, पश्चिमी भेगबाट बग्ने मनहरी र पश्चिमी सीमानदी लोथर जिल्लाका प्रमुख नदी हुन्।

जिल्लामा विद्युत् उत्पादन गर्नका लागि निर्माण गरिएको मानव निर्मित इन्द्रसरोवर प्रमुख रूपमा छ। यो कुलेखानी र तत्कालीन मार्खु गाउँ विकास समितिको ७ किलो मिटर क्षेत्रफलमा फैलिएर रहेको छ। पानीको स्थायी स्रोत अभाव रहेका यी नदीमा वर्षात्को समयमा बाढीका रूपमा प्रशस्त पानी बगे पनि हिउँदमा ज्यादै कम पानी बग्ने गर्दछ।

> महाप्रबन्धक कंसाकारले खरिद प्रक्रियासँगै व्यवस्थापन सुधारतर्फ निरन्तर प्रयास जारी राख्ने र समय सापेक्ष अझ थप सुधार गर्दै लगिने बताउनुभयो। कार्यक्रममा कंसाकारले निगमलाई सहयोग गर्ने विभिन्न निकाय तथा निगमका कर्मचारीको कामको प्रशंसा समेत गर्नुभयो। वार्षिकोत्सव कार्यक्रममा विभिन्न साँस्कृतिक कार्यक्रमहरूको समेत आयोजना गरिएको थियो।



# छाताको व्यापार बढ्दो

**नेपाल समाचारपत्र**

काठमाडौं

वर्षात् शुरू भएसँगै छाताको बजार माग पनि बढ्दो छ। त्यसो त छाताले असार साउनको झरी मात्र होइन चैत वैशाखको उखरमाउलो गर्मीमा पनि उत्तिकै साथ दिन्छ। हिन्दु संस्कारका विभिन्न उत्सवमा पनि छाताको प्रयोग गरिन्छ। विवाह व्रतबन्धमा छाता ओढ्ने मात्र होइन मृत्यु संस्कारमा दानको रूपमा पनि छाताको प्रयोग गरिन्छ।

काठमाडौंको पुतलीसडकस्थित कान्तिपुर सिटी कलेजमा स्नातकोत्तर प्रथम वर्षमा पत्रकारिता अध्ययन गरिरहेकी मोनिका मल्ल छाता र सन ग्लास सधैं आफ्नो झोलामा रहने बताउनुहुन्छ। 'घाममा होस् या पानी पर्दा छाता त चाहिन्छ नै,' मल्लको धारणा छ। तर, नेपाल कलेज अफ ट्राभल एन्ड टुरिजममा स्नातक पहिलो वर्षमा अध्ययनरत विजय भण्डारी छाता महिलाले भन्दा पुरुषले कम प्रयोग गर्ने धारणा राख्नुहुन्छ। 'घरबाट निस्किँदा पानी परिरहेको अवस्थामा मात्रै छाता बोक्ने हो। अरूबेला त ध्यान नै हुँदैन।' त्यसो त न्युरोडमा फुटपाथ पसल थापेर व्यापार गर्दै आउनुभएकी कृष्णकुमारी तामाङलाई पनि महिलाले नै बढी छाता किन्ने गरेको अनुभव छ। 'दैनिक ५ देखि ८ वटासम्मको व्यापार हुन्छ, यसमा बढी किन्ने भनेको त महिलाहरू नै हो।

सामान्य तथा घामपानीबाट ओत लाग्न छाताको प्रयोग हुने गरे पनि छातासँगै फेसन पनि जोडिएको बताउनुहुन्छ शङ्खमुलकी शुभेच्छा पौडेल। पौडेलको बुझाइमा



लगाउने लुगा र छाताको रङ म्याच हुँदा युवा वर्गले आफू थप फेसनेवल भएको ठान्छन्। 'मसँग छुट्टाछुट्टै रङका ४/५ वटा छाता छन् र पहिरन अनुसारको रङ छानेर प्रयोग गर्छु।'

छाताको बजार भने ठूला पसल तथा शोरुमहरूमा भन्दा पनि फुटपाथमै बढी छ। गर्मीयाम र वर्षात शुरू भएसँगै बजारमा छाताको माग बढेपछि आयात पनि अन्य वर्षको तुलनामा निकै बढेको छ। फुटपाथदेखि ठूला सपिङ सेन्टरहरूमा समेत स्थान पाएको छाता व्यापार अघिल्ला वर्षको तुलनामा निकै बढेको भन्सार विभागको तथ्यांकले देखाएको छ।

भन्सार विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्षको ११ महिनाको अवधिमा मात्र २९ करोड ८३ लाख ८६ हजार रुपियाँ बराबरको छाता आयात भएको छ। भन्सार विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्षको चैत महिनासम्ममा १४ करोड १५ लाख ४२ हजार रुपियाँ बराबरको छाता मुलुक भित्रिएकोमा पछिल्लो २ महिना मात्र १५ करोड ६८ लाख ४४ हजार रुपियाँ बराबरको छाता आयात भएको छ। गत आर्थिक वर्षमा भने १३ करोड ६१ लाख रुपियाँ बराबरको मात्र छाता आयात भएको देखिन्छ।

नेपालमा अन्य मुलुकको तुलनामा चीनबाट ठूलो परिमाणमा छाता भित्रिन्छन्। छाताको आयातमा कुल आयातको ९८ प्रतिशत चीनबाटमात्र आयात हुन्छ। भन्सार विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्षको जेठ मसान्तसम्ममा विभिन्न खालका ४२ लाख ४८ हजार ८२ पिस छाता नेपाल आयात भएको छ। जसमार्फतको राजस्व संकलन ७ करोड ४६ लाख ६६ हजार रुपियाँ संकलन भएको छ।

नेपालमा भारत र चीनबाहेक भियतनाम, अमेरिका, हङकङ, इन्डोनेसिया, थाइल्यान्डलगायत तेस्रो मुलुकबाट पनि छाताको आयात हुने गरेको छ। तर, छाताको निर्यात भने शून्य देखिन्छ। गत आर्थिक वर्ष २०७२/७३ मा ११ करोड ४५ लाख ८९ हजार रुपियाँ बराबरको छाता नेपालमा आयात भएको थियो भने सो मार्फत ३ करोड १८ लाख ७० हजार रुपियाँ राजस्वमा जम्मा भएको थियो। आर्थिक वर्ष २०७१/७२ को अवस्था हेर्दा १४ करोड ९३ लाख १३ हजार रुपियाँ बराबरको आयात थियो भने सोमार्फतको राजस्व संकलन ४ करोड १४ लाख ४६ हजार रुपियाँ बराबर थियो।

छाताको गुणस्तर, आकार र बनावट अनुसार मूल्यमा पनि निकै फरक छ। सामान्यतया २ सय रुपियाँदेखि ८ सय रुपियाँसम्म पर्ने छाता बढी मात्रामा बिक्री हुनेगरेको व्यापारीहरू बताउँछन्।

# व्यवसायी श्रेष्ठको अन्त्येष्टी

नरेन्द्र केसी, दाङ

अपहरणपछि हत्या गरिएका दाङ तुलसीपुरका व्यापारी राजकुमार श्रेष्ठको बबई नदीमा अन्त्येष्टी गरिएको छ। तुलसीपुरको शितलपुरस्थीत बबई नदीमा गरिएको श्रेष्ठको अन्त्येष्टिमा हजारौंको सहभागिता रहेको थियो। जेठ २६ गते राती अपहरित श्रेष्ठको शव २१ दिनपछि शुक्रबार सल्यानको छत्रेश्वरी गाउँपालिका-४ झिम्पे लेक भञ्ज्याङ जंगलमा मृत फेला परेको थियो।

यसैबीच दाङका उद्योगी व्यापारीहरूले मध्यपश्चिमका प्रहरी प्रमुख विजयलाल कायस्थसँग उद्योगी व्यापारीहरूको सुरक्षाका लागि ध्यानाकर्षण गराएका छन्। उनीहरूले शनिबार दाङ आएका कायस्थसँग एकपछि अर्को घटना हुनु दुखद्

भएको भन्दै तत्काल सुरक्षाको ग्यारेन्टी गर्ने वातावरण मिलाउन आग्रह गरेका हुन्।

तुलसीपुर उद्योग बाणिज्य संघका अध्यक्ष विमल रिजालले श्रेष्ठको शोकमा आफूहरूले तीन दिन बजार बन्द गरेको भन्दै तत्काल दोषीहरूलाई पक्राउ गरी कारबाही नगरे कडा आन्दोलन गर्ने चेतावनीसमेत दिनुभयो। अपरहणमा संलग्न केही पक्राउ परे पनि झिम्पे-४ सल्यानका ३५ वर्षीय मानबहादुर भण्डारी, तुलसीपुर-६ की १७ वर्षीया पूजा घर्ती मगर, शान्तिनगर-२ घर भई हाल तुलसीपुर-६ बस्ने ४० वर्षीय निर्मल भनिने टीकाराम घर्ती फरार रहेको प्रहरीले जनाएको छ। अपहरणमा टीकारामले आफ्नै छोरी पूजालाई प्रयोग गरेको खुल्न आएको प्रहरीले जनाएको छ।



पूजाले फोन गरेर व्यवसायी श्रेष्ठलाई सल्यानसम्म लगेको र त्यसपछि अन्य समूहले अपहरण गरेको जिल्ला प्रहरी प्रमुख एसपी धीरजप्रताप सिंहले बताउनुभयो। फरार अभियुक्तबारे जानकारी दिनेलाई प्रहरीले एक लाख रुपियाँ पुरस्कारको घोषणा गरेको छ। श्रेष्ठसँगै अपहरित भनिएका घोराही हापुरका २८ वर्षीय रणबहादुर घर्ती पनि फरार छन्। उनको पनि घटनामा संलग्नता भएको हुनसक्ने प्रहरीको आशंका छ। बा ११ च १०७१ नम्बरको निजी सेतो रङको कारमा तुलसीपुरबाट निस्किएका श्रेष्ठको गाडी सल्यानको कपुरकोट गाउँपालिका-५ मेलखोलास्थित भित्री कच्ची सडकखण्डमा फेला परेको थियो। उक्त गाडीको साथमा भारतीय एचपी ११८६४८ नं को गाडी पनि फेला परेको थियो।

यसैबीच जिल्लास्थित उद्योग वाणिज्य संघहरूले विज्ञप्तिमार्फत घटनाको भर्त्सना गरेका छन्। दाङ जिल्ला उद्योग वाणिज्य संघ घोराही, देउखुरी उद्योग वाणिज्य संघ लमही, नारायणपुर उद्योग वाणिज्य संघ, गढवा उद्योग वाणिज्य संघ, हापुरे उद्योग वाणिज्य संघ, विजौरी उद्योग वाणिज्य संघ, सिसहनिया उद्योग वाणिज्य संघ, राप्ती उद्योग वाणिज्य संघ, भालुवाङले विज्ञप्ति जारी गरी शान्ति सुरक्षाको व्यवस्था मिलाउन सरकारसाग माग गरेका हुन्।

'यस घटनाले निजी क्षेत्र अत्यन्त दु:खित भएको छ, बेसहारा महशुस गरिरहेको छ'- विज्ञप्तिमा भनिएको छ-'अत: यस्ता अपराधिक कार्यमा संलग्न अपराधीहरूलाई जनताले महशुस गर्ने गरी कानुनी कारबाही गर्न, मुलुकभित्र शान्ति सुरक्षाको अवस्था मजबुत भएको आभास सरकारसँग जोडदार माग गर्दछौं।'

## वर्ल्डलिंक सेलिब्रसन अफरका विजेता घोषित

काठमाडौं, (नेस)

वर्ल्डलिंक कम्युनिकेसन्सले आफ्ना सक्रिय ग्राहक १ लाख जना पुगेको अवसरमा ल्याएको 'सेलिब्रेसन अफर'का विजेताको नाम सार्वजनिक गरेको छ। कम्पनीको अफरअन्तर्गत सामसुङ ग्यालेक्सी एस ८ मोवाइल जित्ने १० जना र ३ महिना नि:शुल्क इन्टरनेट उपहार पाउने १ सय जना विजेताको नाम सार्वजनिक भएको हो।

मोबाइल तथा इन्टरनेट उपहार विजेताको नाम कम्पनीको सफ्टवेयर सिस्टमले छनोट गरेको कम्पनीले जनाएको छ।

आठ जना मोबाइल र १ सय जना नि:शुल्क इन्टरनेट विजेताको युजर आइडी कम्पनीले आफ्नो वेवसाइट र फेसबुक पेजमा सार्वजनिक गरेको छ। कम्पनीले उपहारका लागि विजेता स्वयम्ले सम्पर्क गर्नुपर्ने जनाएको छ।

वर्ल्डलिंकले २१ वर्षदेखि सर्वसाधारण ग्राहकलाई इन्टरनेट, आइपिटिभी र कर्पोरेट ग्राहकलाई डाटा सेवा प्रदान गर्दै आएको छ। कम्पनीका यसै बर्ष देशभर १ लाखभन्दा बढी ग्राहक पुगेका हुन्।

## रियल स्कूल अफ नेपाल ललितपुर क्षेत्रीय फाइनल सम्पन्न




काठमाडौं, (नेस)

रियल स्कूल अफ नेपाल-२०१७ अन्तर्गत मध्यमाञ्चल छैठौं क्षेत्रीय फाइनल सम्पन्न भएको छ। ललितपुरमा भएको क्षेत्रीय फाइनलमा जेम्स हाइयर सेकेण्डरी स्कूल विजेता घोषित भएको हो।

विजयी विद्यालयका सहभागी विद्यार्थीहरू अध्याय शर्मा, स्मिरा सिंह, दिभस डंगोल, आर्जन अधिकारी, प्रशन्न स्थापित र युनिकभक्त श्रेष्ठ रहेका छन्। विजयी विद्यालयले अन्य क्षेत्रीय प्रतिस्पर्धाका विजयी विद्यालय प्रतिस्पर्धासँग गर्नेछ।

प्रतियोगितामा सिनियर तथा जुनियर समूहका क्रियाकलापहरूको विभिन्न विजेता पनि घोषित भए। सातौं क्षेत्रीय फाइनल प्रतिस्पर्धा साउन १ गते पूर्वाञ्चलको बिर्तामोडमा हुनेछ।

## पोखरा र दमौलीमा एनसेलको फोरजी सेवा

**नेपाल समाचारपत्र**

काठमाडौं

एनसेलका पोखरा र दमौलीमा रहेका ग्राहकले चौंथो पुस्ताको मोबाइल सेवा फोरजी/लङ्ग टर्म इभोलुसन (एलटीई) सेवाको लाभ लिन सक्नेछन्।

एनसेल प्रालिले सन् २०१७ को अन्त्यसम्ममा कुल जनसंख्याको १५ प्रतिशतमा फोरजी पुर्‍याउँदै 'डिजिटल नेपाल' को निर्माणमा योगदान गर्ने आफ्नो योजना अनुसार पश्चिमका दुई शहरहरू पोखरा र दमौलीमा सेवा विस्तार गरेको हो।

कम्पनीले असार १७ गतेदेखि यी सहर मा फोरजी सेवा आधिकारीक रूपमा सञ्चालनमा गरेको जनाएको छ। 'आफ्नो बाचा अनुरूप तदारुकताका साथ फोरजी सेवा विस्तार गर्दै देशलाई नयाँ प्रविधि अंगीकारमा समकालिन विश्वसँग उभ्याउन तथा ग्राहकलाई नयाँ प्रविधिका विविध लाभ प्रदान गर्न एनसेल प्रतिबद्ध छ।

पहिला घोषणा गरे अनुरूप पोखरा र दमौलीमा सेवा विस्तार गर्न पाउादा हामी निकै हर्षित छौ,' एनसेलका कर्पोरेट संवाद विज्ञ मिलन शर्माले भन्नुभयो।

पोखरा र दमौलीमा फोरजी सेवाको विस्तारसँगै, फोरजी सिम तथा फोरजी सेवा सपोर्ट गर्ने मोबाइल प्रयोग गर्ने एनसेलका सबै प्रिपेड तथा पोस्टपेड ग्राहकले द्रुत गतिको ब्रोडब्यान्ड सेवाको मजा लिन सक्नेछन्। अझै फोरजी सिम नलिएका ग्राहकले फोरजी सेवाको लाभ लिनका लागि आफूले प्रयोग गरिरहेको सिमलाई नजिकैको एनसेल सेन्टरमा गई फोरजी चल्ने सिम (युसिम) सँग नि:शुल्क साट्न सक्छन् र नयाँ ग्राहकले फोरजी सिम नै प्राप्त गरी उच्च गतिको मोबाइल ब्रोडव्यान्ड सेवाको पहुँचबाट फाइदा लिन सक्नेछन्।

पोखरा र दमौलीमा आफ्नो फोरजी सेवा आधिकारीक रूपमा सञ्चालनमा ल्याएको अवसरमा, आफ्नो फोरजी सिम राखी डेटा सेवा प्रयोग गर्ने ग्राहकलाई एनसेलले योण्डर म्युजिक एपमा ३० दिनसम्म नि:शुल्क अनलाइन गीत सुन्न/डाउनलोड गर्न सकिने सेवा प्रदान गर्दैछ। ग्राहकले एस्ट्रिक्स ३२४ ह्यास डायल गरी एनसेलको फोरजी सेवाका साथै ३० दिनसम्म योण्डर म्युजिकको नि:शुल्क मजा लिन सक्नेछन्। योण्डर म्युजिक दुई करोडभन्दा बढी नेपाली र अन्तराष्ट्रिय गीत रहेको बृहत् डिजिटल म्युजिक लाइब्रेरी हो।

एनसेलका ग्राहकले अंग्रेजीमा 'क्यु' टाइप गरी ३२४ मा एसएमएस पठाई आफ्नो सिम कुन प्रकारको हो भन्ने बारेमा जानकारी लिन सक्छन्।

Ncell
an axiata company

## निगमले ५९औं वर्ष गाँठ मनायो

काठमाडौं, (नेस)

नेपाल वायुसेवा निगमले आफ्नो स्थापनाको ५९औं वर्षगाँठ मनाएको छ। हिरक जयन्ती प्रवेश वर्षको वार्षिकोत्सव कार्यक्रममा बोल्नु हँदै संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयका सचिव एवम् नेपाल वायुसेवा निगम सञ्चालक समितिका अध्यक्ष शंकरप्रसाद अधिकारीले निगमले सेवाकालको प्रारम्भिक दिनमा निकै संघर्ष गर्नु गरे पनि केही समयदेखि सकारात्मक उपलब्धितर्फ उन्मुख भएको बताउनुभयो।

आन्तरिक उडानमा मुलुकका निकै दुर्गम क्षेत्रमा सेवा दिने तथा अन्तर्राष्ट्रिय जगतमा पनि नेपालको पहिचान बनाउन योगदान पुर्‍याएको बताउनुभयो। अधिकारीले राष्ट्रिय ध्वजावाहकको रूपमा निगमको पहिचानलाई सुदृढ गर्न व्यवस्थापकीय सुधारका लागि सरकारको तर्फबाट सकारात्मक निर्णय गर्ने तथा नेपालको पर्यटन प्रवर्द्धनमा अझ थप टेवा पुर्‍याउनेमा आफू विस्वस्त रहेको बताउनुभयो। निगमले विगत समयमा आफ्नो क्षमता र कार्यक्षेत्र बिस्तार गर्दै पहिचान स्थापित गरिसकेको अवस्थामा पनि हालका दिनहरूमा यसको कार्यक्षेत्रमा संकुचन आएकोप्रति चिन्ता व्यक्त समेत गर्नुभयो। महाप्रबन्धक सुगतरत्न कंसाकारले निगमद्वारा एयरबस ३३०-२०० अर्थात दुईवटा वाईड बडी विमान खरिद प्रक्रियालाई अन्तिम रूप दिन सफल भएको बताउनुभयो।









# प्रेम र ज्ञानु च्याम्पियन



नेपाल समाचारपत्र

काठमाडौं

बाह्रौं दक्षिण एसियाली खेलकुद (साग) का कांस्य विजेता स्वयम्भुका प्रेमप्रसाद पुन र राष्ट्रिय कीर्तिमानधारी नेपाल आर्मी क्लबकी ज्ञानु अवाले रुसलान राजधानी आर्चरी च्याम्पियनसिपको रिकर्भमा शनिबार च्याम्पियन बनेका छन्।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा प्रेमले पुरुष फाइनलमा आर्मीका रोशन नगरकोटीलाई ६-२ ले पराजित गरे। स्वयम्भूका रमेश भट्टचनले कास्कीका अशिम शेरचनलाई ७-३ ले हराउदै तेस्रो भए।

राजधानी न्युज पब्लिकेसनद्वारा आयोजित प्रतियोगिताको महिला फाइनलमा ज्ञानुले कास्की आर्चरी क्लबकी रश्मी दर्लामीलाई ६-२ ले हराइन्। आर्मीकी आइशा तामाङले कास्कीकी राज्यलक्ष्मी जोशीलाई ६-० ले हराएर तेस्रो स्थानमा रहिन्। यसमा पहिलो हुनेले ५० हजार, दोस्रोले २५ हजार र तेस्रोले १५ हजारका दरले नगद पुरस्कार प्राप्त गरे।

पुरुष ट्रेडिसनल खुलामा अन्नपूर्ण आर्चरी क्लबका राज पुर्जाले फाइनलमा नेपाल छन्त्याल समाजका धनेन्द्र छन्त्यालको चुनौती ६-० ले हराएर स्वर्ण जिते। म्याग्दी मगर समाजका जितेन्द्र रोकामगरले हिमालयन भोटे युथ क्लबका नादार भोटेलाई ६-२ ले पाखा लगाउदै तेस्रो भए। यो स्पर्धाका शीर्ष तीनले क्रमश: ५० हजार, २५ हजार र १५ हजार नगद प्राप्त गरे। स्ट्यान्डर्डतर्फ द बेस्ट आर्चरीका ग्रिष्मा गुरुङले फाइनलमा आर्मीका पवन राईलाई ६-५ ले पन्छाए। आर्मीका डम्बर थापा तेस्रो भए। विजेताले १० हजार, उपविजेताले ८ हजार र तेस्रोले ५ हजार नगद पुरस्कार पाए।

बेस्ट आर्चरीका प्रजित अग्रवालले पुरुष कम्पाउन्ड स्पर्धामा सुदूरपश्चिमाञ्चलका होमबहादुर थापालाई १३९-१३३ ले पराजित गरे। राजधानीका सनातन मल्ल तेस्रो भए। शीर्ष तीनले क्रमश: १५, १० र ५ हजार नगद प्राप्त गरे।







## धरहरा

### प्रतिस्पर्धा ?



अहिले चुनावी परिणामको महौल धरहराले देखिरहेको छ। अहिलेको परिणाममा बाम र प्रजातान्त्रिक पक्षबीचको टक्कर नै प्रमुख रूपमा देखिएको छ। बाम सबै मिल्ने हो भने प्रजातान्त्रिक पक्षधर अल्पमतमा पर्ने अवस्था रहेको छ।

तर, बामबीच पनि आफ्नै खालको स्वार्थ भएका कारण उनीहरु पनि मिल्न सक्ने अवस्थामा छैनन्। तर, प्रजातान्त्रिक पक्षधरको नेतृत्व गर्ने कांग्रेसलाई यसले फाइदा गरिरहेको धरहराले पनि देखेको छ। चुनावका लागि एमाले वा माओवादीले जति दौडधूप गरेका छन्। कांग्रेस भने लगभग सुतेको जस्तो देखिन्छ। सुतेको कांग्रेस पनि अहिले एमाले सँगसँगै प्रतिस्पर्धामा देखिएको छ।



धरहरा नजिकै आएका एक जना कांग्रेस कार्यकर्ता भन्दै थिए- विचित्र भइरहेको छ। कहाँबाट आउँछ हाम्रो पार्टीलाई भोट ? हामी त चुनाव प्रचार होइन दिनभरि तास खेलेर बस्ने हो। तर, पनि भोट भने निकै आउँछ बा!

वैकल्पिक प्रजातान्त्रिक शक्ति बलियो नहुँदाको फाइदा अहिले कांग्रेसलाई मिलिरहेको उनको तर्क थियो। के राजनीतिक गनथन सुनिरहनु भनेर धरहराले चाहिँ आफ्नो बाइनाकुलर अन्यत्रै मोड्यो है पाठकबृन्द। परिणाम सामाजिक सञ्जालमा भेटिएको यो तस्वीर जस्तो छैन त?




नेपाल समाचारपत्र राष्ट्रिय दैनिकको छुटसहित वार्षिक ग्राहक योजना

वार्षिक ग्राहक शूल्क
३४००
वार्षिक ग्राहक छुट योजना
२५००
वचत
९००

नेपाल समाचारपत्र
संवाहक सकारात्मक सोचको
Corporate Office
(4261179, 98510 69830, 98413 36729, 98102 25200)

वचत
३१००
२ वर्षे ग्राहक शूल्क
६५००
२ वर्षे ग्राहक छुट योजना
३४००

Contact for subscription: Gaushala (98511 87322, 99433 37052), Kamal Pokhari (98600 07570, 98418 34632), Kalimati (98511 29457), Patan (9841 507317, 98413 36729), Jhochhen (98491 09355, 98034 06082), Bhaktapur (98415 85321)

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ